कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

# सुपर खुदी हाइड्रोपावर लिमिटेड
# Super Khudi Hydropower Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा.३०, चारखाल, डिल्लीबजार, काठमाडौं, नेपाल । फोन नं.: ०१-४५२४६५५
ईमेल : **info@superkhudi.com.np,** वेभसाइट : **www.superkhudi.com.np**

**को**

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# विवरण-पत्र

कम्पनीले आफ्नो जारी पूँजी रु.१,५५,००,००,०००।- (अक्षरेपी रु.एक अर्ब पचपन्न करोड मात्र) को २०% अर्थात् रु.३१,००,००,०००।- (अक्षरेपी रु. एकतीस करोड मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको ३१,००,००० (एकतीस लाख मात्र) कित्ता साधारण शेयर सर्वसाधारणमा सार्वजनिक निष्कासनको लागि छुट्टाएको र जसमध्ये जारी पूँजीको १०% अर्थात् रु.१५,५०,००,०००।- (अक्षरेपी रु. पन्ध्र करोड पचास लाख मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको १५,५०,००० (पन्ध्र लाख पचास हजार मात्र) कित्ता साधारण शेयरको **४० प्रतिशत अर्थात ६,२०,००० (छ लाख बीस हजार मात्र) कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात लमजुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिका वडा नं. २ र ३ (साविक घनपोखरा गाविसको वडा नं. १, ५, ६, ७ र ८ र साविक खुदी गाविस) का स्थानीय बासिन्दाहरुका लागि र बाँकि ६० प्रतिशत अर्थात ९,३०,००० (नौ लाख तीस हजार मात्र) कित्ता साधारण शेयर लमजुङ जिल्लाको आयोजना प्रभावित क्षेत्र मर्स्याङ्दी गाउँपालिकाको वडा नं. १, ४, ५, ६, ७, ८ र ९ (साविक घनपोखरा गाविसको वडा नं. २, ३, ४ र ९, साविक ताघ्रिङ गाविस, साविक घेर्मु गाविस, साविक बाहुनडाँडा गाविस, साविक भुलभुले गाविस र साविक सिम्पानी गाविस)** का स्थानीय बासिन्दाहरुको लागि निष्कासन तथा बिक्री खुल्ला गरिएको छ । त्यसैगरी, जारी पूँजीको बाँकी १०% अर्थात् रु.१५,५०,००,०००।- (अक्षरेपी रु. पन्ध्र करोड पचास लाख मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको १५,५०,००० (पन्ध्र लाख पचास हजार मात्र) कित्ता साधारण शेयर मध्ये १०% अर्थात् १,५५,००० (एक लाख पचपन्न हजार मात्र) कित्ता साधारण शेयर नेपाल सरकारको अनुमति लिई बैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिक, ५% अर्थात् ७७,५०० (सतहत्तर हजार पाँचसय मात्र) कित्ता साधारण शेयर सामूहिक लगानी कोष र २% अर्थात् ३१,००० (एकतीस हजार मात्र) कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि छुट्टाइएको र बाँकी १२,८६,५०० (बाह्र लाख छ्यासी हजार पाँचसय मात्र) कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिएको । साथै, आयोजना प्रभावित क्षेत्रका बासिन्दा, बैदेशिक रोजगारमा रहिरहेका नेपाली नागरिक, सामूहिक लगानी कोष र कम्पनीका कर्मचारीलाई छुट्टाइएको शेयर पूर्ण रुपमा बिक्री नभएमा बाँकी रहेको शेयर सर्वसाधारणमा निष्कासन गरिने शेयरमा थप गरी बिक्री खुल्ला गरिने छ ।

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/- को दरले (शत् प्रतिशत) भुक्तानी माग गरिएको ।**

## संक्षिप्त वित्तीय विवरण

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ आश्विन मसान्त | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ |
| प्रति शेयर नेटवर्थ (रु.) | १००.१७ | १२७.२७ | १३३.०८ | १३७.५३ | १५१.८७ | १६१.९३ | १७४.६५ |
| प्रति शेयर आम्दानी (रु.) | – | १६.७७ | १५.७० | ४.४५ | २५.७३ | १०.०६ | १२.७२ |
| संचित नाफा/नोक्सानी (रु. हजारमा) | १,०२५ | २,१५,५५३ | ४,१०,१७५ | ४,६५,३५० | ८,०३,९६३ | ९,५९,९६० | ११,५७,११९ |

**नोट**: *आर्थिक वर्ष २०८२/८३ आश्विन मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण लेखापरिक्षक श्री किरण आचार्य एण्ड एसोसिएट्सका चार्टड एकाउन्टेन्टद्वारा प्रमाणित गरिएको ।

**प्रति मेगावाट लागत सम्बन्धी विवरण** : संगठित संस्थाको आ.व.२०८१/८२ को आषाढ मसान्तसम्मको वित्तीय विवरण अनुसार प्रति मेगावाट लागत रकम रु.२०,६९,३८,८९६.५४ मात्र (निर्माण अवधिको व्याज सहित) रहेको छ भने कुल लागत रु.५,३८,०४,११,३१०।- रहेको छ ।

**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण** : विद्युत विकास विभाग बाट मिति २०७५/०२/९ मा लिएको विद्युत अनुमतिपत्रको बहाल रहने अवधि मिति २११०/०२/०८ सम्म रहेकोले २७ वर्ष ०५ महिना बाँकी रहेको छ ।

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी व्यवस्था** : लगानी फिर्ता हुने अवधि (Pay Back Period) ७.२१ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १३.४२ वर्ष रहेको छ ।

## लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग (८) (पृष्ठ संख्या २७) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिनु हुन सुझाव गरिन्छ ।

## नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

## इस्युअर रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेश्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम भएको व्यवस्था बमेजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड, काठमाडौंबाट मिति २०२५ नोभेम्बर १८ गते इस्युअर रेटिङ्ग गराई "CARE-NP BB(Is) [Double B (Issuer)]" रेटिङ्ग प्रदान गरेको छ । यसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम रहेको (moderate risk of default regarding timely servicing of financial obligations in Nepal) जनाउँदछ । केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS) देखि CARE-NP D (IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ । दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समूहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ । सो सम्बन्धी विवरण यस विवरण पत्रको दफा २२ को (ट) (पृष्ठ संख्या ६०) मा उल्लेख गरिएको छ । **इस्युअर रेटिङ्ग प्रदान गरेको मिति : ई.सं. २०२५/११/१८ बहाल रहने अवधि : ई.सं. २०२७/०२/११**

» यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु र कम्पनीका कर्मचारीहरुको लागि बिक्री वितरण गरेको शेयरको हकमा सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बाँडफाँट भएको मितिले ३ (तीन) वर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न वा धितो बन्धक राख्न पाइने छैन ।

» सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम सामूहिक लगानी कोषले खरिद गरेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँट भएको मितिले ६ (छ) महिना पुरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाउने छैन ।

» आयोजना प्रभावित कर्मचारी संस्थापक शेयरधनीका एकाघरका सदस्यले प्रारम्भिक सार्वजनिक निष्काशन गर्नु पूर्व संगठित संस्थाको शेयर प्राप्त गरेका शेयरधनीहरुले प्रारम्भिक निष्काशनको क्रममा दरखास्त दिन पाउने छैन ।

» विद्युत नियमन आयोगको पूर्व स्वीकृति सम्बन्धी विवरण : यस निष्काशनलाई विद्युत नियमन आयोग (नेपाल सरकार विद्युत क्षेत्रको नियमन निकाय) को प.सं.: २०८१/८२, च.न.: ९८२ मिति २०८२/०३/०६ गतेको पत्रबाट सहमति प्रदान गरेको छ ।

| | |
|---|---|
| नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृत प्राप्त मिति : २०८२/०९/०६ | कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता मिति : २०८२/०९/०८ |

| धितोपत्र निष्काशन खुल्ला हुने मिति | |
|---|---|
| **आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि** | **विदेशमा बसी रोजगार गरेका नेपालीहरुका लागि** |
| **धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०८२/०९/२२** | **धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०८२/०९/२२** |
| **निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८२/१०/०६ (बैंकिङ्ग समय पश्चात)** | **निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८२/०९/२५ (बैंकिङ्ग समय पश्चात)** |
| **निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८२/१०/२१ (बैंकिङ्ग समय पश्चात)** | **निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८२/१०/०६ (बैंकिङ्ग समय पश्चात)** |

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

**Global IME Capital Limited**
ग्लोबल आइएमई क्यापिटल लि.
GROW WITH US

वडा नं. १, लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं ।
फोन: ९७७-०१-५९७०१३८ फ्याक्स नं.: ९७७-०१-४५४५७०२
Email: info@gicl.com.np; Web: www.globalimecapital.com

## ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

**क)** **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

**ख)** **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंलाई सम्झनु पर्दछ ।

**ग)** **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयरलाई जनाउँदछ ।

**घ)** **"संगठित संस्था/कम्पनी"** भन्नाले निष्काशनकर्ता कम्पनी सुपर खुदी हाइड्रोपावर लिमिटेडलाई सम्झनुपर्दछ ।

**ङ)** **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फाराम प्राप्त गर्न सकिने तथा दरखास्त फारामसाथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

**च)** **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बैंकलाई सम्झनु पर्दछ ।

**छ)** **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत नियमन आयोग, उद्योग विभाग तथा विद्युत विकास विभागलाई सम्झनु पर्दछ ।

**ज)** **"संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले सुपर खुदी हाइड्रोपावर लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

**झ)** **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

**ञ)** **"स्थानियबासी"** भन्नाले आयोजनाबाट प्रभावित भएको क्षेत्र (आयोजना प्रभावित क्षेत्र) अर्थात् लमजुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिकाका वडा नं. २ र ३ का स्थानीय बासिन्दाहरुका लागि कुल १५,५०,००० कित्ता शेयरको ४० प्रतिशत अर्थात ६,२०,००० कित्ता शेयर तथा अन्य वडाहरुका स्थानीय बासिन्दाहरुको लागि बाँकी ६० प्रतिशत अर्थात ९,३०,००० कित्ता शेयर स्थायी रुपमा बसोवास गर्ने नेपाली तथा यस कम्पनीले आव्हान पत्र प्रकाशित भएको मिति भन्दा अघिल्लो मितिसम्म सोही स्थानमा बँसाईसराई गरी आएका नेपाली नागरिक समेतलाई जनाउँछ ।

**ट)** **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय–व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ ।

**ठ)** **"प्रति शेयर नेटवर्थ"** भन्नाले नेटवर्थलाई कम्पनी वा संस्थामा रहेको जम्मा शेयर संख्याले भाग गर्दा आउने प्रतिफल सम्झनुपर्दछ ।

**ड)** **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीले गरेको खुद आम्दानीलाई कायम रहेको शेयर संख्याले भाग गर्दा आउने मूल्यलाई सम्झनु पर्दछ ।

**ढ)** **"साधारण लगानीमा फिर्ता हुने अवधि"** भन्नाले लगानीकर्ताहरुले लगानी गरेको लगानी फिर्ता हुने अवधि भन्ने बुझिन्छ ।

**ण)** **"डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि"** भन्नाले परियोजनाको लाभ निर्धारण गर्नको लागि गरिने एक पूँजी बजेट प्रक्रिया डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि हो । यो परियोजनाको सम्भाव्यता र नाफा मूल्याङ्कन गर्न प्रयोग गरिन्छ ।

**त)** **"आस्वा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्थालाई सम्झनु पर्दछ ।

**थ)** **"आधारभूत शेयरधनी"** भन्नाले कम्पनीको चुक्ता पूँजी रु.२५ करोड भन्दा कम भएको हकमा चुक्ता पूँजीको ५ प्रतिशत र रु.२५ करोड भन्दा बढि भएको हकमा चुक्ता पूँजीको १ प्रतिशतभन्दा बढी शेयर धारण गरेका शेयरधनीलाई सम्झनु पर्दछ ।

**द)** **"नगद प्रवाह"** भन्नाले आयोजनाबाट प्राप्त हुने खुद नाफामा ह्रास कट्टि तथा एमोर्टाइजेसन जोडी कार्यशिल पूँजीमा भएको परिवर्तन (चालु पूँजी/चालु दायित्व) तथा पूँजीगत खर्चहरु घटाउँदा आउने परिणामलाई जनाउँदछ ।

**ध)** **"धितोपत्र प्रत्याभूतिकर्ता"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अण्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायीलाई सम्झनुपर्छ ।

**न)** **"विप्रेषण (रेमिटचान्स) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी वैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिकको आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटचान्स) बचत खाता सम्झनु पर्दछ ।

**प)** **"वैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिक"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकलाई जनाउँछ ।

**फ)** **"खुद सम्पत्ति (नेटवर्थ)"** भन्नाले संगठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरु (सम्पत्तिको पुर्नमूल्याङ्गनबाट सृजित कोष बाहेक) को कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने रकम सम्झनु पर्छ ।

## ख.२. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्न र दरखास्त साथ रकम बुझाउने स्थान :

| क्र.सं. | विवरणपत्र हेर्न र प्राप्त गर्न सकिने स्थान | वेभसाइट |
|---|---|---|
| १. | **निष्काशनकर्ता कम्पनी :** सुपर खुदी हाइड्रोपावर लिमिटेडको रजिष्ट्रर्ड कार्यालय का.म.न.पा.३०, चारखाल, डिल्लीबजार, काठमाडौं । | www.superkhudi.com.np |
| २. | **निष्काशन तथा बिक्री प्रबन्धक :** श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौं । | www.globalimecapital.com |

साथै, श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट www.sebon.gov.np (नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्विकृत भएपश्चात सर्वसाधारणका लागि धितोपत्र निष्काशन तथा बिक्री खुल्ला गर्नु अगाडि विवरणपत्र नेपाल धितोपत्र बोर्डको वेवसाईटमा हेर्न मिल्ने)

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा अन्य सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि–आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु ।

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

| सि.नं. | संकलन केन्द्रको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री प्रभु बैंक लि. | बेसीशहर, लमजुङ्ग |
| २. | श्री ग्लोबल आइएमई बैंक लि. | बेसीशहर, लमजुङ्ग |
| ३. | श्री कृषि विकास बैंक लि. | बेसीशहर, लमजुङ्ग |
| ४. | श्री प्राइम कमर्सियल बैंक लि. | बेसीशहर, लमजुङ्ग |
| ५. | श्री हिमालयन बैंक लि. | भुलभुले, लमजुङ्ग |

आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्डबाट स्वीकृति लिएर अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ । दरखास्त फाराम प्राप्त गर्नका लागि रु.२।- (दुई रुपैया) प्रति दरखास्त शुल्क बुझाउनु पर्नेछ ।

**नोट : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाको हकमा आस्बामार्फत आवेदन फाराम बुझाउने व्यवस्था नरहेको ।**

## ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारीहरु तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## ग.२. संगठित संस्थाको उद्घोषण :

### ग.२.क. सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

### ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :

यस सुपर खुदी हाइड्रोपावर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

### ग.२.ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल विद्युत प्राधिकरण आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, विद्युत नियमन आयोग र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व. २०८१/०८२ सम्मको विवरणहरु पेश गरी उक्त कार्यालयको पत्र संख्याः ८२/८३, चलानी नं. कम्पनी प्र./५७४५१ मिति २०८२/०८/०४ गतेको पत्र अनुसार आ.व.२०८१/०८२ सम्मको लागि कम्पनी अद्यावधिक रहेको छ ।

यस कम्पनीले नेपाल सरकार, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, कलंकी, काठमाडौंबाट आ.व. २०८१/०८२ सम्मको पेश गर्नु पर्ने विवरणहरु पेश गरी आयकर दाखिला गरेको र प.सं.२०८२/८३, च.नं.१६६६ (कर चुक्ता नं.८२५६०९५५५) मिति २०८२/०७/१७ गतेको पत्र मार्फत कर चुक्ता प्रमाण पत्र प्राप्त गरेको छ ।

### ग.२.घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :

१. यस कम्पनीको संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

२. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।

४. धितोपत्र सम्बन्धी कानुन विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।

५. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा प्रमुख कार्यकारी अयोग्य रहेका छैनन् ।

## ग.३. संगठित संस्था सम्बन्धी जानकारी :

### ग.३.क. संगठित संस्थाको पृष्ठभूमि

**क) संगठित संस्थाको नाम :** सुपर खुदी हाइड्रोपावर लिमिटेड (Super Khudi Hydropower Limited)

**ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६५ साल पौष ०२ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०८० साल आषाढ १३ गतेदेखि पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भएको यस कम्पनीले मिति २०८०/०६/१२ मा कम्पनी रजिष्ट्रारको कार्यालयबाट कारोबारको स्वीकृती प्राप्त गरि कारोबार सञ्चालन गर्दै आएको छ ।

**ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३०, चारखाल, डिल्लीबजारमा रहेको छ । आवश्यकतानुसार स्वीकृति लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

**घ) कारोबार गर्ने मुख्य स्थान :** यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र (पावर हाउस) लमजुङ्ग जिल्लाको मर्स्याङ्गदी गाउँपालिका वडा नं. २ र ३ रहेको छ ।

**ङ) संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**
**कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

१. नेपालमा रहेको अपार जलस्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहीचान गरी संभाव्यता अध्ययन, निर्माण र सञ्चालन गर्ने अभिप्रायले सुपर खुदी हाइड्रोपावर लिमिटेडले प्रचलित कानुन बमोजिम मिति २०६५ साल पौष ०२ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०८० साल आषाढ १३ गते देखि पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई कम्पनी ऐन, २०६३ अन्तर्गत काम/कारोबार गर्दै आईरहेको छ ।

२. यस कम्पनीले माथिल्लो खुदी जलविद्युत आयोजना उत्पादन तथा सञ्चालन गर्न विद्युत उत्पादनको अनुमतिपत्र मिति २११०/०२/०८ गतेसम्म बहाल रहेको छ ।

३. कम्पनीले आफ्नो जारी पूँजी रु.१,५५,००,००,०००।- (अक्षरेपी रु. एक अर्ब पचपन्न करोड मात्र) को २०% अर्थात् रु.३१,००,००,०००।- (अक्षरेपी रु. एकतीस करोड मात्र) रकम बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।- दरको ३१,००,००० (एकतीस लाख मात्र) कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्ने भएको छ । जसमध्ये जारी पूँजीको १०% अर्थात् रु.१५,५०,००,०००।-(अक्षरेपी रु. पन्ध्र करोड पचास लाख मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको १५,५०,००० (पन्ध्र लाख पचास हजार मात्र) कित्ता साधारण शेयरको ४० प्रतिशत अर्थात ६,२०,००० (छ लाख बीस हजार मात्र) कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात लमजुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिका वडा नं. २ र ३ (साविक घनपोखरा गाविसको वडा नं. १, ५, ६, ७ र ८ र साविक खुदी गाविस) का स्थानीय बासिन्दाहरुका लागि र बाँकि ६० प्रतिशत अर्थात ९,३०,००० (नौ लाख तीस हजार मात्र) कित्ता साधारण शेयर लमजुङ जिल्लाको आयोजना प्रभावित क्षेत्र मर्स्याङ्दी गाउँपालिकाको वडा नं. १, ४, ५, ६, ७, ८ र ९ (साविक घनपोखरा गाविसको वडा नं. २, ३, ४ र ९, साविक ताघ्रिङ गाविस, साविक घेर्मु गाविस, साविक बाहुनडाँडा गाविस, साविक भुलभुले गाविस र साविक सिम्पानी गाविस) का स्थानीय बासिन्दाहरुको लागि निष्कासन तथा बिक्री खुल्ला गरिएको छ । त्यसैगरी, जारी पूँजीको बाँकी १०% अर्थात् रु.१५,५०,००,०००।- (अक्षरेपी रु. पन्ध्र करोड पचास लाख मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको १५,५०,००० (पन्ध्र लाख पचास हजार मात्र) कित्ता साधारण शेयर मध्ये १०% अर्थात् १,५५,००० (एक लाख पचपन्न हजार मात्र) कित्ता साधारण शेयर नेपाल सरकारको अनुमति लिई बैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिक, ५% अर्थात् ७७,५०० (सतहत्तर हजार पाँचसय मात्र) कित्ता साधारण शेयर सामूहिक लगानी कोष र २% अर्थात् ३१,००० (एकतीस हजार मात्र) कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि छुट्टाइएको र बाँकी १२,८६,५०० (बाह्र लाख छ्यासी हजार पाँचसय मात्र) कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिएको । साथै, आयोजना प्रभावित क्षेत्रका बासिन्दा, बैदेशिक रोजगारमा रहिरहेका नेपाली नागरिक, सामूहिक लगानी कोष र कम्पनीका कर्मचारीलाई छुट्टाइएको शेयर पूर्ण रुपमा बिक्री नभएमा बाँकी रहेको शेयर सर्वसाधारणमा निष्कासन गरिने शेयरमा थप गरी निष्कासन तथा बिक्री खुल्ला गरिनेछ ।

४. कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको लमजुङ्ग जिल्लाको मर्स्याङ्गदी गाउँपालिका वडा नं. २ र ३ अन्तर्गत माथिल्लो खुदी जलविद्युत आयोजनाको ८३.३० प्रतिशत कार्य सम्पन्न भइसकेको छ।

५. यस आयोजनाको आ.व. २०८१/०८२ सम्मको खर्चको आधारमा प्रक्षेपित कुल लागत लगभग रु.५ अर्ब ३८ करोड ४ लाख ११ हजार मात्र निर्माण अवधिको व्याज सहित) रहेको छ र यसको साधारण लगानीमा फिर्ता हुने अवधि ६.१० वर्ष र डिस्काउन्टमा लगानीमा फिर्ता हुने अवधि ९.६७ वर्ष रहेको छ।

६. माथिल्लो खुदी जलविद्युत आयोजनाबाट उत्पादन गरिएको सबै विद्युतशक्ती एकमुष्ट नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मञ्जुर गरी कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच २०७६ साल वैशाख ११ गते विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भईसकेको छ। मिति २०८०/०२/३२ पहिलो संशोधन, मिति २०८१/०३/२० मा दोस्रो संशोधन तथा मिति २०८१/०७/२८ मा तेस्रो संशोधन भई व्यापारिक उत्पादन सुरु गर्नुपर्ने मिति २०८२ माघ ७ गते कायम गरिएको छ।

७. विद्युत विकास विभागबाट मिति २०७५/०२/९ मा लिएको विद्युत अनुमतिपत्रको बहाल रहने अवधि मिति २११०/०२/०८ सम्म रहेकोले २७ वर्ष ०५ महिना बाँकी रहेको छ। कम्पनीले निर्माण गरिरहेको आयोजना नेपाल सरकार (नेपाल विद्युत प्राधिकरण) सँग गरीएको सम्झौताको आधारमा ३० (तिस) वर्षका लागि निर्माण तथा सञ्चालन गर्ने र उक्त समय समाप्त भएपश्चात् सो परियोजना नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्ने हुन्छ।

संगठित संस्थाको माथिल्लो खुदी जलविद्युत आयोजनको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेका छन् :

| | |
|---|---|
| विद्युत परियोजनाको नाम | माथिल्लो खुदी जलविद्युत आयोजना। |
| विद्युत गृह स्थल | लमजुङ्ग जिल्लाको मर्स्याङ्गदी गाउँपालिका (साविक घनपोखरा र खुदी गा.वि.स.) |
| श्रोत नदी | खुदी खोला |
| आयोनाको किसिम | रन अफ रिभर |
| विद्युत उत्पादन अनुमति प्राप्त मिति | २०७५/०२/०९ |
| विद्युत उत्पादन अनुमति वहाल रहने मिति | २११०/०२/०८ |
| जडित क्षमता | २६ मेगावाट |
| आयोजनाको कुल लागत | रु. ५,३८,०४,११,३१० |
| आयोजनाको प्रति मेगावाट लागत | रु. २०,६९,३८,८९६.५४ |
| आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि | ७.२१ वर्ष |
| आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि | १३.४२ वर्ष |
| इन्टरनल रेट अफ रिर्टन {Internal Rate of Return (IRR)} | १३.४५% |
| नेट प्रिजेन्ट भ्यालु {Net Present Value (NPV)} | १,१९९,५०६,९९२ |

| | | | |
|---|---|---|---|
| **General** | | **Forebay** | |
| Development Region | Western | Shape | 1 Underground D shape |
| District | Lamjung | Length | 17.11 m |
| Nearest town | Beshisahar | Size | 4.3 m x 5.5 m |
| **Boundary** | | **Penstock** | |
| North | $84^0$20’44” | Length | 22514 m |
| West | $28^0$21’19” to $28^0$21’50” | Diameter (average) | 1.45 m |
| South | $84^0$18’32” to $84^0$19’26” | Thickness | 1 12 mm to 25 mm |
| Type of Scheme | $28^0$18’22” | | |
| | Run-of-river | | |
| Gross Head | 531.86 m | | |
| Net Head @ Full Discharge | 513.11 m | | |
| Installed Capacity | 26 MW | | |
| Net Annual Generation | 156.57 GWh | | |

| | | | |
|---|---|---|---|
| **Hydrology**<br>Catchment Area<br>Catchment Area<br>Average Precipitation<br>100 years Flood Discharge<br>Average Flow<br>Design Flow ($Q_{40)}$<br>Minimum Dry Season Flow | <br>72.3 sq.km<br>5,176 mm<br>182 $m^3/s$<br>7.38 $m^3/s$<br>5.85 $m^3/s$<br>2.51 $m^3/s$ | **Power Facilities**<br>**Power house**<br>Type<br><br>Dimension<br><br>Installed Capacity | <br><br>surface<br><br>42.5 m x 15 m x 15.5 m<br>26 MW<br>Vertical, axis Pelton turbine |
| **Weir**<br>Type<br>Boulder Lined, Overflow Type<br>Upward Slope<br>Downward slope<br>Crest Elevation<br>Normal water level<br>Crest Length<br>Maximum Height | Boulder Lined, Overflow<br>1:10<br>1:3.5<br>1504.46 m<br><br>1504.36 m<br><br>30 m<br>4.9 m | **Turbine**<br>Type of Turbine<br>Number of Units<br>Turbine Axis Level<br>Rated Capacity<br>Turbine Efficiency | <br>Pelton<br>2<br><br>13MW %<br>91% |
| **Diversion Facilities**<br>Coffer Dam (First phase)<br>Coffer Dam (Second phase)<br>Width (Average)<br>Diversion Flow | <br>185 m<br>100 m<br>5 m<br>8.57 $m^3/s$ | **Generator**<br>No<br>Rating<br>Speed<br>Rated Voltage<br>Frequency<br>Efficiency | <br>2<br>16.25 MVA<br>600 rpm<br>11kv<br>50HZ |
| **Gravel Trap**<br>No of Units<br>Size<br>Normal Flow Depth<br>Particle Size to be settled | <br>1<br>17.5 m x 6.8 m x4.25<br>1.71 m<br>>2 mm | **Transformer**<br>No<br>Type<br>Rating<br>Frequency<br>Transformer Efficiency | <br>2<br>3 Phase, Oil Immersed<br>16.25 MVA<br>50 Hz<br>99 % |
| **Approach Tunnel**<br>Shape<br>Length<br>Size | <br>Invert D Shaped<br>105.85 m<br>2.5 m x 2.5 m | **Switchyard**<br>Size | 30 m x 40.0 m |
| **Settling Basin**<br>No of Units<br>Size<br>Normal Flow Depth<br>Inlet Transition Length<br>Outlet Transition Length<br>Settling Criteria | <br>2<br>74 m x 6 m<br>4.2 m<br>7 m<br>8.7 m<br>90% of >0.15 mm at 15°C | **Tailrace**<br>Type<br>Size<br>Length<br>Longitudinal Slope<br>Tailrace Outlet Invert Level<br>Tail Water Level (Q1000) | <br>Rectangular, RCC<br>3.8 m x 2.9 m<br>80 m<br>1 in 500<br><br>968.97 m |
| **Water Conveyance System**<br>Shape<br>Length<br>Size<br>Discharge | <br>Invert D shaped tunnel<br>4120 m<br>2.5 m x 2.5 m<br>5.85 $m^3/s$ | **Transmission Facilities**<br>Transmission Voltage<br>Length<br>Connection Point | <br>132 kV<br>5.495km<br>khudi HUB (Tadikuna) |

कम्पनी व्यवस्थापनले वित्तीय विश्लेषणको एक भागका रूपमा परियोजनाको आन्तरिक प्रतिफल दर (IRR), इक्विटी IRR तथा पुनर्प्राप्ति अवधि (Payback Period) को गणना गरेको छ । यस गणनाको लागि १०.५% को दरले (Discount Rate) प्रयोग गरिएको छ, जुन पूँजी तथा इक्विटीको अनुमानित लागतलाई प्रतिबिम्बित गर्दछ । यो दर प्रचलित बजार ब्याजदरहरूमा आधारित रही निर्धारण गरिएको हो र सम्पूर्ण वित्तीय विश्लेषणमा समान रूपमा प्रयोग गरी तुलना र मूल्याङ्कण सहज हुने व्यवस्था मिलाइएको छ ।

IRR, इक्विटी IRR तथा पुनर्प्राप्ति अवधिका विवरणहरू देहाय बमोजिम रहेको छ ।

| उत्पादन वर्ष | आर्थिक वर्ष | नगद प्रवाह (रु हजारमा) | एनपिभि (रु हजारमा) | क्युमेलेटिभ नगद प्रवाह (रु हजारमा) | डिस्काउन्ट क्युमेलेटिभ नगद प्रवाह (रु हजारमा) | डिस्काउन्ट फ्याक्टर |
|---|---|---|---|---|---|---|
| ० | | (५३,८०,४११) | (५३,८०,४११) | (५३,८०,४११) | (५३,८०,४११) | |
| १ | २०८२-८३ | ३,२९,९३३ | २,९८,५८२ | (५०,५०,४७८) | (५०,८१,८२९) | ०.९०५० |
| २ | २०८३-८४ | ७,५३,५६३ | ६,१७,१५६ | (४२,९६,९१४) | (४४,६४,६७३) | ०.८१९० |
| ३ | २०८४-८५ | ७,७५,४४९ | ५,७४,७३३ | (३५,२१,४६६) | (३८,८९,९३९) | ०.७४१२ |
| ४ | २०८५-८६ | ८,००,५२२ | ५,३६,९३८ | (२७,२०,९४३) | (३३,५३,००१) | ०.६७०७ |
| ५ | २०८६-८७ | ८,२२,२४८ | ४,९९,१०४ | (१८,९८,६९५) | (२८,५३,८९७) | ०.६०७० |
| ६ | २०८७-८८ | ८,४३,८८६ | ४,६३,५६५ | (१०,५४,८०९) | (२३,९०,३३२) | ०.५४९३ |
| ७ | २०८८-८९ | ८,६५,४३३ | ४,३०,२२७ | (१,८९,३७६) | (१९,६०,१०५) | ०.४९७१ |
| ८ | २०८९-९० | ८,८६,८८३ | ३,९८,९९६ | ६,९७,५०७ | (१५,६१,१०९) | ०.४४९९ |
| ९ | २०९०-९१ | ९,०६,७२२ | ३,६९,१५९ | १६,०४,२२९ | (११,९१,९५०) | ०.४०७१ |
| १० | २०९१-९२ | ९,१४,६९० | ३,३७,०१६ | २५,१८,९१९ | (८,५४,९३४) | ०.३६८४ |
| ११ | २०९२-९३ | ८,५३,७४५ | २,८४,६७१ | ३३,७२,६६४ | (५,७०,२६३) | ०.३३३४ |
| १२ | २०९३-९४ | ८,४६,२६१ | २,५५,३६२ | ४२,१८,९२५ | (३,१४,९०१) | ०.३०१८ |
| १३ | २०९४-९५ | ८,३७,९२६ | २,२८,८२१ | ५०,५६,८५० | (८६,०८०) | ०.२७३१ |
| १४ | २०९५-९६ | ८,३३,६०४ | २,०६,०१० | ५८,९०,४५४ | १,१९,९३० | ०.२४७१ |
| १५ | २०९६-९७ | ८,३१,१०६ | १,८५,८७६ | ६७,२१,५६० | ३,०५,८०६ | ०.२२३६ |
| १६ | २०९७-९८ | ६,७६,२१३ | १,३६,८६३ | ७३,९७,७७३ | ४,४२,६६९ | ०.२०२४ |
| १७ | २०९८-९९ | ६,७३,८६१ | १,२३,४२७ | ८०,७१,६३४ | ५,६६,०९६ | ०.१८३२ |
| १८ | २०९९-२१०० | ६,७१,४३८ | १,११,२९७ | ८७,४३,०७२ | ६,७७,३९४ | ०.१६५८ |
| १९ | २१००-२१०१ | ६,६८,९४४ | १,००,३४८ | ९४,१२,०१७ | ७,७७,७४१ | ०.१५०० |
| २० | २१०१-०२ | ६,६६,३७६ | ९०,४६४ | १,००,७८,३९३ | ८,६८,२०५ | ०.१३५८ |
| २१ | २१०२-०३ | ६,६३,७३१ | ८१,५४३ | १,०७,४२,१२४ | ९,४९,७४७ | ०.१२२९ |
| २२ | २१०३-०४ | ६,६१,००७ | ७३,४९१ | १,१४,०३,१३१ | १०,२३,२३९ | ०.१११२ |
| २३ | २१०४-०५ | ६,५८,२०२ | ६६,२२६ | १,२०,६१,३३४ | १०,८९,४६५ | ०.१००६ |
| २४ | २१०५-०६ | ६,५५,३१३ | ५९,६७० | १,२७,१६,६४७ | ११,४९,१३४ | ०.०९११ |
| २५ | २१०६-०७ | ६,५२,३३८ | ५३,७५५ | १,३३,६८,९८४ | १२,०२,८८९ | ०.०८२४ |
| २६ | २१०७-०८ | ६,४९,२७३ | ४८,४१८ | १,४०,१८,२५७ | १२,५१,३०७ | ०.०७४६ |
| २७ | २१०८-०९ | ६,२२,३२६ | ४१,९९९ | १,४६,४०,५८३ | १२,९३,३०६ | ०.०६७५ |
| २८ | २१०९-१० | ५,२६,४०२ | ३२,१४९ | १,५१,६६,९८५ | १३,२५,४५५ | ०.०६११ |
| | | १,५०,२३,५४५ | १३,१७,५२७ | १६,८८,१२,४९७ | | |

| | |
|---|---|
| Net present Value | 1,199,506,992 |
| Internal rate of return(IRR) | 13.45% |
| Equity IRR | 19.21% |
| B/C ratio(Profitability Index) | 1.25 |
| Simple Pay Back Period(from COD) | 7.21 |
| Discounted Pay Back Period(from COD) | 13.42 |

८. **आयोजनाको विभिन्न कार्यहरुको प्रगती विवरण: वि.सं. २०८२ आश्विन मसान्तसम्मको आयोजनाको कार्य ८३.३० प्रतिशत सम्पन्न भैसकेको छ, जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।**

| सि.नं. | विवरण | कार्य प्रगति | प्रगति विवरण प्रतिशतमा |
|---|---|---|---|
| १ | आधारभूत निर्माण कार्य | | |
| | जग्गा प्राप्ती | १०० | १०० प्रतिशत |
| | प्रवेश मार्ग | १०० | १०० प्रतिशत |
| | निर्माणको लागि उर्जा कार्य | १०० | १०० प्रतिशत |
| | स्थायी शिविर | १०० | १०० प्रतिशत |
| २ | कफर ड्याम | | |
| | रिपर्‌याप + फीलीङ वेयर र अन्डरस्लुइस | १०० | १०० प्रतिशत |
| ३ | वेयर र अन्डरस्लुइस | | |
| | खुदाइ | १०० | १०० प्रतिशत |
| | कंक्रिटिङ्ग इन्टेक | ८० | ८० प्रतिशत |
| ४ | इन्टेक | | |
| | खुदाइ | १०० | १०० प्रतिशत |
| ५ | ग्राभेल ट्र्याप | | |
| | खुदाइ | १०० | १०० प्रतिशत |
| ६ | एप्रोच पाइप | | |
| | लम्बाइ | १० | १० प्रतिशत |
| ७ | एप्रोच टनेल | | |
| | लम्बाइ | ९६ | ९६ प्रतिशत |
| ८ | सेटलिङ्ग बेसिन | | |
| | खुदाइ | ६५ | ६५ प्रतिशत |
| ९ | बाढी सुरक्षा कार्य | ६० | ६० प्रतिशत |
| १० | पेनस्टक र एंकर ब्लक (सतहमा) | | |
| | खुदाइ | ९३ | ९३ प्रतिशत |
| | कंक्रिटिङ्ग | १०० | १०० प्रतिशत |
| ११ | पावर हाउस | | |
| | खुदाइ | १०० | १०० प्रतिशत |
| | कंक्रिटिङ्ग | ९० | ९० प्रतिशत |

| | | | |
|---|---|---|---|
| १२ | स्विचयार्ड | | |
| | खुदाइ | ३० | ३० प्रतिशत |
| १३ | पोर्टल, एडिट्स, हेडरेस टनेल र फोरबे | | |
| | खुदाइ | १०० | १०० प्रतिशत |
| १४ | स्पिलवे केनल | | |
| | खुदाइ | ३० | ३० प्रतिशत |
| | **आयोजनाहरुको कूल प्रगति प्रतिशतमा जम्मा** | | **८३.३० प्रतिशत** |
| | **व्यवसायिक उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD)** | | **२०८२ माघ ०७ गते** |
| | **व्यवसायिक उत्पादन सुरु हुने मिति (COD)** | | **२०८२ माघ ०१ गतेसम्म ।** |

समग्रमा आयोजनाको कार्य प्रगति ८३.३० प्रतिशत सम्पन्न भइसकेको र मिति २०८२ साल माघ ०१ गतेसम्ममा आयोजनाको कूल कार्य प्रगति १०० सम्पन्न गरी पूर्ण सञ्चालनमा ल्याउने योजना रहेको छ ।

यस कम्पनीबाट प्रबर्द्धित आयोजनाको प्रसारण लाइन सम्बन्धी विस्तृत विवरण देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| प्रसारण लाइनको दुरी | ५.४९५ कि.मि |
| प्रसारण लाइन जोडिने नेपाल बिद्युत प्राधिकरणको सबस्टेशन | तादीकुना सबस्टेसन |
| खम्बा (एयभि) को संख्या: | २० |
| भोल्टेज लेभल | १३२ के.भि. (सिङ्ल सर्किट) |
| निर्माण प्रगति प्रतिशत | ४५ प्रतिशत |
| प्रसारण लाइन सम्बन्धी अनुमति सम्बन्धी विवरण | अनुमतिपत्र संख्या - वि.वि.वि. ८१/८२ वि.प्र.२६३ |
| प्रसारण लाइन सम्बन्धी अन्य विवरण: | बहाल मिति-२०८१/१२/०५ देखि २१०६/१२/०४ |

**कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्फौताको मुख्य-मुख्य बुँदाहरू निम्नबमोजिम रहेका छन् ।**

क. माथिल्लो खुदी जलविद्युत आयोजनाबाट वार्षिक १५,६५,१०,८५४/kWh (Kilo Watt -Hour) विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । माथिल्लो खुदी जलविद्युत आयोजनामा वर्षायामको लागि १०,५१,५४,४९४/KWh (kilo Watt -Hour) र सुख्खायामका लागि ५,१३,५६,३५८/kWh (Kilo Watt-hour) निर्धारण गरिएको छ ।

**इनर्जी तालिका**

**PPA 26 MW**

| Table I | | | |
|---|---|---|---|
| जडित क्षमता (kW) | २६ | Rated Turbine Efficiency | ९१ प्रतिशत |
| पिपिए क्षमता (kW) | २६ | Rated Generator Efficiency | ९७ प्रतिशत |
| डिजाइन डिस्चाज (m3/s) | ५.८५ | Rated Transformer Efficiency | ९९ प्रतिशत |
| न्यूनतम रिलीज (m3/s) | १० | Combined Efficiency | ८७.३९ प्रतिशत |
| GrossHead (m) | ५३१.८० | | |
| Outage + Losses +Self Consumption (%) | | | ४ प्रतिशत |

| Table II | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **महिना** | **जम्मा दिन** | **River Discharge (m3/sec)** | **विद्युत उत्पादनको लागि डिस्चार्ज (m3/sec)** | **Net Head (m)** | **औषत पावर (KW)** | **अधिकतम पावर (KW)** | **Monthly Generation before Outage & Losses (kWh)** | **Outage Including Losses (kWh)** |
| | A | B | C | D | E | E1 | F | G |
| बैशाख | ३१ | ३.१७८ | २.९२ | ५२३.७६ | १३,२४३ | ९,७५४,४२३ | ३९०,१७७ | ९,३६४,२४६ |
| जेष्ठ | ३१ | ४.९९६ | ४.७३८ | ५१७.९९ | २१,२५२ | १५,६५३,४३४ | ६२६,१३७ | १५,०२७,२९६ |
| १५ सम्म | १५ | – | – | – | – | – | – | ७,२७१,२७२ |
| १६औं पछि | १६ | – | – | – | – | – | – | ७,७५६,०२४ |
| आषाढ | ३२ | ११.१०४ | ५.८५२ | ५१३.११ | २६,००० | १९,७६८,३२० | ७९०,७३३ | १८,९७७,५८७ |
| श्रावण | ३१ | १७.५९६ | ५.८५२ | ५१३.११ | २६,००० | १९,१५०,५६० | ७६६,०२२ | १८,३८४,५३८ |
| भाद्र | ३१ | १७.८५९ | ५.८५२ | ५१३.११ | २६,००० | १९,१५०,५६० | ७६६,०२२ | १८,३८४,५३८ |
| आश्विन | ३१ | ११.५९० | ५.८५२ | ५१३.११ | २६,००० | १९,१५०,५६० | ७६६,०२२ | १८,३८४,५३८ |
| कार्तिक | ३० | ६.३१४ | ५.८५२ | ५१३.११ | २६,००० | १८,५३२,८०० | ७४१,३१२ | १७,७९१,४८८ |
| मंसिर | २९ | ३.७९८ | ३.५४० | ५२२.१० | १६,००४ | ११,०२७,६१७ | ४४१,१०५ | १०,५८६,५१२ |
| १५ सम्म | – | – | – | – | – | – | – | ५,४७५,७८२ |
| १६औं पछि | – | – | – | – | – | – | – | ५,११०,७३० |
| पौष | ३० | २.८८० | २.६२२ | ५२४.४४ | ११,९०७ | ८,४८७,४५३ | ३३९,४९८ | ८,१४७,९५५ |
| माघ | २९ | २.५८३ | २.३२५ | ५२५.०५ | १०,५७१ | ७,२८३,६२६ | २९१,३४५ | ६,९९२,२८१ |
| फाल्गुण | ३० | २.५८३ | २.३२५ | ५२५.०५ | १०,५७१ | ७,५३४,७८६ | ३०१,३९१ | ७,२३३,३९४ |
| चैत्र | ३० | २.५८४ | २.३२६ | ५२५.०५ | १०,५७५ | ७,५३७,९९९ | ३०१,५२० | ७,२३६,४७९ |
| **जम्मा** | **३६५** | | | | | **१,६३,०३२,१३७** | **६,५२१,२८५** | **१५६,५१०,८५२** |

**नोट :**

१) यस टेबलमा दिइएको भन्दा फरक दिन संख्या परेका महिनाहरुमा यस टेबलको आधारमा निस्कने प्रति दिनको कन्ट्रायाक्ट इनर्जीले महिनाको वास्तविक दिन संख्यालाई गुणा गरी सो महिनाको कन्ट्रायाक्ट इनर्जी निर्धारण गरिनेछ ।

२) सम्झौताको बुंदा ३८.१८ मा व्यवस्था भए अनुसार व्यापारिक उत्पादन (COD) भएको प्रत्येक ५ वर्ष पूरा भए पछि प्रत्येक महिनाको कन्ट्रयाक्ट इनर्जी (Total Contract Energy) परिवर्तन गर्न सकिनेछ ।

| **Table III** | | |
|---|---|---|
| सुख्खा याम (मंसिर १६ देखि जेष्ठ १५ सम्म) को कूल इनर्जी (kWh) | ५,१३,५६,३५८ | ३२.८१% |
| वर्षा याम (जेष्ठ १६ देखि मंसिर १५ सम्म) को कूल इनर्जी (kWh) | १०,५१,५४,४९४ | ६७.१९% |
| **जम्मा (kWh)** | **१५,६५,१०,८५२** | **१००.००%** |

कन्ट्रयाक्ट इनर्जीको वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत सम्भार वा काबू वाहिरको परिस्थितीको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ती गर्न नसकेमा वा नगरेमा निम्न शुत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नुपर्नेछ ।

क्षतिपूर्ति रकम, रु. [०.८ x सो महिना कम्पनीबाट प्राधिकणलाई आपूर्ति गर्नुपर्ने बढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा – सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणको कारणले वा Scheduled outage वा आकस्मिक मर्मत सम्भार वा काबू बाहिरको परिस्थितीको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा] x सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरिद दर,

यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपुर्ति रकमलाई शून्य मानिनेछ। क्षतिपूर्ति रकम विल रकम भन्दा बढी भएमा विल रकम भन्दा बढी भएको क्षतिपुर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नुपर्ने छैन। यस्तो क्षतिपुर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिँदा कट्टा गर्न सक्नेछ।

प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४।८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८।४० (आठ रुपैंया चालिस पैसा मात्र) विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ। साथै, व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ।

**२१.२१ मे.वा. क्षमता मा प्राप्त भएको मूल्य वृद्धि**

| अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगतै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरी ) | सुख्खा याम (रु. प्रति युनिट) | वर्षा याम (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १३ औं महिना देखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औं महिना देखि ३६ औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७ औं महिना देखि ४८ औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिना देखि ६० औं महिनासम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिना देखि ७२ औं महिनासम्म | ९।६६ | ५।५२ |
| ७३ औं महिना देखि ८४ औं महिनासम्म | ९।९१ | ५।६६ |
| ८५औं महिना देखि ९६ औं महिनासम्म | १०।१६ | ५।८१ |
| ९७ औं महिना देखि सम्झौताको अवधि सम्म | १०।४२ | ५।९५ |

माथि जेसुकै लेखिएको भए तापनि व्यापारिक उत्पादन शरु हुने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरिद दर निम्नानुसार बार्षिक मूल्या बृद्धि दिई कायम गरिने छ।

(क) RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ख) RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ग) RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(घ) RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ङ) RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(३) प्राधिकारणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरिद गरेमा सोको हकमा उपरोक्त दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्ने छ।

(४) मासिक बिलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यापारिक वर्गका ग्राहकहरुलाई लागु हुने प्राधिकरणको प्रचलित Normal Hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाव गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्ने छ वा सो रकम मासिक विलिङ्गमा समायोजन गरिनेछ।

(५) व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति अगावै आयोजनाको निर्माण तथा परिक्षण कार्य सम्पन्न भएमा प्राधिकारणले आफ्नो Existing ग्रीड प्रणालीमा प्रवाह हुन सक्ने सम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ ।

**थप ४,७९० किलोवाट क्षमताको विद्युत उर्जा खरिद दर**

थप हुन जाने ४,७९० किलोवाट क्षमता अनुसारको थप कन्ट्रयाक्ट इनजीको हकमा वर्षा याममा प्रति कि.वा घण्टा रु ४.८० (चार रुपैयाँ असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु ८.४० (आठ रुपैयाँ चालीस पैसा मात्र) विद्युत खरिद दरले हुन आउने रकम कम्पनी या दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागू हुनेगरि प्रत्येक बर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ ।

| अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगतै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरी) | सुख्खा याम (रु. प्रति युनिट) | वर्षा याम (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १३ औं महिना देखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औं महिना देखि ३६ औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७ औं महिना देखि ४८ औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिना देखि ६० औं महिनासम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिना देखि ७२ औं महिनासम्म | ९।६६ | ५।५२ |
| ७३ औं महिना देखि ८४ औं महिनासम्म | ९।९१ | ५।६६ |
| ८५औं महिना देखि ९६ औं महिनासम्म | १०।१६ | ५।८१ |
| ९७ औं महिना देखि सम्झौताको अवधि सम्म | १०।४२ | ५।९५ |

माथि १२.१ (ख) मा जेसुकै लेखिएको भए तापनि व्यापारिक उत्पादन शरु हुने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरिद दर निम्नानुसार बार्षिक मूल्या बृद्धि दिई कायम गरिने छ ।

(क) RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ख) RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ग) RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(घ) RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ङ) RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

बुँदा नं. १२.२ प्राधिकारणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरिद गरेमा सोको हकमा उपरोक्त दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानि गर्ने छ ।

**मुल सम्झौताको बुँदा नं. १२.४ को सट्टा निम्नानुसारको दफा १२.४ कायम गरिएको छ :**

"१२.४ व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति अगावै आयोजनाको निर्माण तथा परीक्षण कार्य सम्पन्न भई COD भएमा प्राधिकरणले आफ्नो Existing ग्रीड प्रणालीमा प्रवाह हुन सक्ने सम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ । यसरी विद्युत लिए बापत कन्ट्रास्ट इनर्जीसम्मको परिमाणको लागि

लफा १२.१ क मा तोकिएको मूल्य दरमा कन्ट्रास्ट इनर्जीसम्मको परिमाणको लागि लफा १२.१ख मा तोकिएको मून्य दरमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ तर सो अवस्थामा उर्जा नलिए वा नदिय वापत कम्पनीले प्राधिकरणलाई वा प्राधिकरणले कम्पनीलाई कुनै क्षतीपूर्ती तिर्नुपर्ने छैन ।"

**१३) मूल सम्झौताके दफा २०.३ को सट्टा निम्नानुसारको दफा २०.३ कायम गरिएको छ ।**

"२०.३ को दफा १६ को (ङ) को अवस्था परी दायित्व पुरा नगरेको सूचना जारी भएको अवस्थामा सो अवधीको कन्ट्रयाक्ट इनजी तथा थप कन्ट्रयाक्ट इनर्जीको शत्प्रतिशत् परिमाणलाई क्रमशः दफा १२.१ (क) र दफा १२.१ (ख) अनुसारको विद्युत खरिद दरले हिसाब गरी आउने रकम समेत पत्र प्राप्त भएको मितिले ४५ (पैतालिस) दिनभित्र कम्पनीले प्राधिकरणलाई बुझाउनु पर्नेछ । प्राधिकरणले कम्पनीलाई बुझाउनु पर्ने रकमबाट सो रकम कट्टा गर्न पनि सकिने छ ।"

**वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनमा भएका मुख्य मुख्य बुदाहरु देहाय बमोजिम रहेको छ ।**

- आयोजनाबाट स्थानिय रोजगार र सीपको विकास हुने तथा पूर्वाधारहरु निर्माण हुने ।
- करिब १०.४९ हे. जमिन (स्थायी- ३.७२४ हे. र अस्थायी- ६.७६६ हे.) को उपयोगबाट हुने परिवर्तनको असर ।
- आयोजनाका विभिन्न संरचनाहरु निर्माणका लागि कुल ३.७८१ (२.७३९ हे. सरकारी वन र ०.०४४ हे. निजि जग्गामा रहेको वन) हेक्टर जंगल क्षेत्र प्रभावित हुनेछ ।
- यस आयोजना निर्माण गर्दा करिव २५६ रुखहरु कटान हुनेछन् ।
- कटान हुन सक्ने रुखको क्षतिलाई पूरा गर्न १: २५ को अनुपातले वृक्षारोपण गर्नु पर्नेछ ।
- जलचर वातावरणलाई संरक्षण गर्न १०% पानीको बहाव खुदी खोलामा नै छोडिने छ ।

**सकारात्मक असरहरुमा :**

- सामाजिक सहयोग कार्यलाई सम्बोधन गर्नका लागि यस आयोजनाको कूल लागतको ०.७५% उपलब्ध गराउने योजना बनाएको छ ।
- आयोजना निर्माण तथा सञ्चालनका क्रममा देखिने असर न्युनीकरण तथा अभिवृद्धि (सामुदायिक सहयोग कार्यक्रम, न्युनीकरण, अनुगमन र वातावरणीय परीक्षण) का लागि आयोजनाको कूल लागतको १.७% छुट्टयाएको छ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार कम्पनी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा स्वीकृति लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृति समेत लिई यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :**

(१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी जलविद्युत आयोजनाहरुको सर्वेक्षण, निर्माण, सञ्चालन, व्यवस्थापन गर्ने, उत्पादन गृहको निर्माण गर्ने ।

(ख) जलविद्युत शक्तिको समुचित विकासका लागि आवश्यक स्वदेशी एवं वैदशिक, संस्थागत वा व्यक्तिगत लगानी परिचालन गरी संयुक्त वा एकल लगानी गर्ने ।

(ग) उत्पादित विद्युत शक्ति बिक्री वितरणका लागि आवश्यकतानुसार सव स्टेशन तथा प्रसारण लाइनहरु निर्माण गर्ने ।

(घ) उत्पादित जलविद्युत शक्ति नेपाल सरकार वा सार्वजनिक संस्थान वा निजी वितरण वा संगठित संस्थालाई वा उपभोक्तालाई एकमुष्ट बिक्री गर्ने वा आफ्नैं प्रसारण र वितरण लाइन विकास गरी वा अन्य निकायको प्रसारण लाईन प्रयोग गरी सिधै उपभोक्ताहरुलाई बिक्री वितरण गर्ने ।

(ङ) उत्पादित विद्युत नेपाल सरकार वा अन्य कुनै निजि वितरक वा संगठित संस्थालाई बिक्री गर्न वा आफ्नै प्रसारण लाइन विकास गरी ग्राहकलाई विद्युत सेवा उपलब्ध गराउन आवश्यकतानुसार सम्झौता गर्ने ।

(च) जलविद्युत आयोजनाहरुको विकासको निमित्त विभिन्न स्थानमा नयाँ परियोजनाहरुको पहिचान गर्ने, विस्तृत परियोजनाको प्रतिवेदन तयार गर्ने र सम्भाव्यता अध्ययन गर्ने ।

(छ) जलविद्युत आयोजनाको पहिचान, सर्वेक्षण, निर्माण, सञ्चालन र व्यवस्थापनसँग सम्बन्धित र सहायक हुने सबै काम गर्ने ।

(ज) विद्युत र वातावरण विकासको क्षेत्रमा कन्सल्टिङ्ग तथा परामर्श सेवा प्रदान गर्ने तथा नयाँ नयाँ आयोजनाहरुको सर्भेक्षण, अन्वेषण, अध्ययन, अनुसन्धान, कन्सल्टेन्ट डिजाइन, कन्ट्रक्सन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने ।

(झ) विद्युत शक्ति उत्पादन प्रसारणका लागि आवश्यक पर्ने सामानहरु विदेशबाट आयात गरी माग अनुसार बिक्री वितरण गर्ने ।

(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने जलविद्युत तथा विभिन्न उर्जा विकासको लागि बोल/कबोल, टेन्डरमा भाग लिने, लिनलगाउने ।

(ट) जलविद्युत गृह निर्माण, ट्रान्समिशन लाइन निर्माण, एएब परियोजनाको पहिचान सम्बन्धमा आवश्यक परामर्श सेवा उपलब्ध गराउने ।

(ठ) जलविद्युत सम्बन्धी जुनसुकै परियोजनाको लागि आवश्यक पर्ने प्राविधिक तथा प्रशासनिक सल्लाह सुझाव उपलब्ध गराउने ।

(ड) जलविद्युत परियोजनामा व्यवस्थापन करारमा लिने, विद्युत बिक्री वितरण सम्बन्धी अध्ययन अनुसन्धान गर्ने साथै जलविद्युत तथा ट्रान्समिसन लाइन निर्माण कार्यमा इन्जिनियरिङ्ग सेवा प्रदान गर्ने ।

(२) कम्पनीले उपदफा(१) बमोजिमको उद्देश्यहरु कार्यान्वयन गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र कार्यान्वयन गरीनेछ ।

(३) कम्पनीले उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा ईजाजत प्राप्त गरेको पन्ध्र दिन भित्र त्यस्तो अनुमति वा ईजाजतपत्रको प्रतिलिपी कार्यालयमा पेश गरिनेछ ।

**४) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**५) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

**१) कम्पनीले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :** जलविद्युत आयोजनाको अध्ययन, निर्माण, प्रसारण, सञ्चालन र व्यवस्थापन गर्ने ।

**२) प्रयोग भएको वा गरिने विधि :** जलस्रोतबाट जलविद्युत उत्पादन गर्ने ।

**३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

**४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्न सम्झौता गरिएको र भविष्यमा अन्य आयोजना निर्माण गरेको अवस्था तथा नेपाल विद्युत प्राधिकरण वा अन्य विधिवत रुपमा स्थापित हुने कुनै पनि सक्षम निकायहरु मार्फत नेपालबाट विद्युत निर्यात हुने अवस्थामा राष्ट्रिय विद्युत प्रसारण लाईन मार्फत अन्य मुलुकमा समेत बजार बिस्तार गर्न सकिनेछ ।

**५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :** थप नयाँ जलविद्युत आयोजनाहरुको विकास गर्ने ।

**६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** विद्युत खरिद बिक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गर्ने साथै नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद सम्झौतामा भएको मुख्य मुख्य बुदाँहरु :

(क) नेपाल विद्युत प्राधिकरणसँग आयोजना सञ्चालनको सहजताका लागि समन्वय समिति गठन गरी कार्य गर्ने ।

(ख) माथिल्लो खुदी जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री दर विद्युत खरिद बिक्री सम्झौतामा उल्लेख भए बमोजिम बर्षा याममा पहिलो बर्षको लागी रु.४.८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खा याममा (हिउँद) रु. ८.४० (आठ रुपैंया चालीस पैसा मात्र) कायम भएको छ। पहिलो वर्ष पछिको ८ बर्ष हरेक बर्ष ३ प्रतिशतका दरले साधारण मुल्य बृद्धि हुने व्यवस्था रहेको छ ।

(ग) कम्पनीको कन्ट्र्याक इनर्जी वार्षिक माथिल्लो खुदी जलविद्युत आयोजनाबाट वार्षिक १५,६५,१०,८५२kWh रहेको छ ।

**७) उत्पादन/सञ्चालन क्षमता र सो को उपभोग स्थिति :** माथिल्लो खुदी जलविद्युत आयोजना (२६ मेगावाट) क्षमताको जलविद्युत केन्द्र निर्माण कार्य ८३.३० प्रतिशत सम्पन्न भई सकेको छ ।

**८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** खुदी खोलाबाट प्राकृतिक बहावमा आधारित पानी ।

**९) गुण नियन्त्रणका लागि गरिएको व्यवस्था :** जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक

व्यवस्था गरिएको छ । यस आयोजनाको सम्पूर्ण संरचना जस्तै : हाइड्रो मेकानिकल ईक्वीपमेन्ट, ईलेक्ट्रो मेकानिकल ईक्वीपमेन्ट, हेडवर्क, पावरहाउस, ट्रान्समिसन लाईन, मेसिनरी ब्रेकडाउन, नाफा नोक्सान लगायतका कुरालाई मध्यनजर गरी बीमा गरिएको/गरिने छ । साथै, मर्मत सम्भारका लागि पनि सोही अनुसार व्यवस्थापन गरिएको छ ।

१०) **अनुसन्धान तथा विकास :** कम्पनीले हाल २६ मे.वा. आयोजना उत्पादन अनुमतिपत्र प्राप्त गरी विद्युत खरिद बिक्री सम्झौता समेत गरिसकेको छ । साथै, नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकास कार्यको लागि कम्पनीले उपयुक्त जलस्रोतको खोजी कार्य भइरहेको छ ।

११) **विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्नेगरी भएको बाधा, व्यवधान :** सो नभएको ।

१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सोसम्बन्धी विवरण :** सो नभएको ।

१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** यस कम्पनीबाट उत्पादित विद्युत एक मात्र विद्युत खरिदकर्ता नेपाल विद्युत प्राधिकरण रहेको छ । माथिल्लो खुदी जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता २६ मेगावाट रहेको हुँदा यस आयोजनाले बजारको केही अंशलाई मात्र परिपूर्ति गर्नेछ । साथै विद्युतको आवश्यकताको महसुस गरि ठूलो परिमाणमा उर्जाको माग भैरहेको हुँदा वर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या रहेको देखिदैन । जलविद्युत आयोजनाको लागि कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्झौता गरी बिक्री गर्न सकिने हुँदा नेपाली लगानीकर्ताको लागि यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण :** कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएको हुँदा कम्पनीको प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण :** सो नभएको ।

## ग.३.ख. सम्पत्तिको विवरण :

**क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

कम्पनीको स्वामित्वमा रहेको माथिल्लो खुदी जलविद्युत आयोजना जडान भएको प्लान्ट तथा उपकरणहरु निर्माणस्थलमा रहेको विद्युत गृह र सवस्टेशनमा जडान भई सञ्चालनमा आएका छन् र उक्त आयोजनाको सिभिल संरचना, हाइड्रोमेकानिकल ईक्वीपमेन्ट र ईलेक्ट्रो मेकानिकल ईक्वीपमेन्ट आदि मर्स्याङ्दी गाउँपालिकको वडा नं. ०२ स्थित निर्माणस्थलमा रहेका छन् । हालसम्म कम्पनीको नाममा सृजना भइसकेका चल अचल सम्पत्तिको विवरण तल उल्लेख गरिएको छ ।

कम्पनीले आयोजनाको भौतिक संरचना निर्माणको लागी खरिद गरेको जग्गाको विवरण:-

| न.पा./गा.पा. | वार्ड नं. | सिट नं. | कि.नं. (अंक र अक्षरमा) | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| घनपोखरा | ८ | ०९४०५८७ | १३८८(एक हजार तिन सय अठासी) | ३-७-३-२ | कम्पनीको स्वामित्वमा रहेको । |
| घनपोखरा | ८ | ०९४०५८७ | १३९२ (एक हजार तिन सय बयानब्बे) | १-१-३-२ | |
| घनपोखरा | ८ | ०९४०५८७ | १३९० (एक हजार तिन सय नब्बे) | १२-०-१-२ | |
| घनपोखरा | ८ | ०९४०५०७ | १३९६ (एक हजार तिन सय छयानब्बे) | ०-१३-३-० | |
| घनपोखरा | ८ | ०९४०५०७ | १३९४ (एक हजार तिन सय चौरानब्बे) | ०-५-२-१ | |
| घनपोखरा | ८ | ०९४०५४७ | १३९८ (एक हजार तिन सय अन्ठानब्बे) | ०-१२-०-३ | |
| घनपोखरा | ८ | ०९४०५४७ | १४०३ (एक हजार चार सय तिन) | ०-३-०-१ | |
| घनपोखरा | ८ | ०९४०५४७ | १४०५ (एक हजार चार सय पाँच) | ०-२-३-३ | |
| घनपोखरा | ८ | ०९४०५४७ | १४०१ (एक हजार चार सय एक) | ०-०-३-१ | |
| घनपोखरा | ८ | ०९४०५४७ | १४०७ (एक हजार चार सय सात) | ०-४-२-२ | |
| घनपोखरा | ८ | ०९४०५४७ | १४०९ (एक हजार चार सय नौं) | ०-१२-०-१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| घनपोखरा | ८ | ०९४०५४७ | १४१२ (एक हजार चार सय बाह्र) | ०-५-२-१ | कम्पनीको स्वामित्वमा रहेको । |
| घनपोखरा | ८ | ०९४०५४७ | १४१४ (एक हजार चार सय चौध) | ०-१४-१-१ | |
| घनपोखरा | ८ | ०९४०५४७ | १४४३ (एक हजार चार सय त्रिचालिस) | १-१५-१-३ | |
| घनपोखरा | ८ | ०९४०५४७ | १४४७ (एक हजार चार सय सतचालिस) | ०-४-१-० | |
| घनपोखरा | ८ | ०९४०५४७ | १४४५ (एक हजार चार सय पैतालिस) | ०-१४-३-० | |
| घनपोखरा | ८ | ०९४०५४७ | १४४९ (एक हजार चार सय उनान्पचास) | १-१-२-३ | |
| घनपोखरा | ८ | ०९४०५४७ | १४५२ (एक हजार चार सय बाउन्न) | ५-०-०-२ | |
| घनपोखरा | ८ | १०४०२३६२५ | १४५५ (एकहजार चार सय पच्पन्न) | ३-८-२-२ | |
| घनपोखरा | ८ | ०९३०५४७ | १४६४ (एक हजार चार सय चौंसठी) | २-४-१-० | |
| घनपोखरा | ८ | ०९४०५८७ | १४७० (एक हजार चार सय सत्तरी) | १-६-०-२ | |
| घनपोखरा | ८ | ०९४०५०७ | १४७३ (एक हजार चार सय त्रिहत्तर) | २-०-०-० | |
| घनपोखरा | ८ | ०९४०५०७ | १३९७ (एक हजार तीन सय सन्तानब्बे) | ३-१-१-१ | |
| घनपोखरा | ८ | ०९३०५४७ | १४६७ (एक हजार चार सय सरसठी) | ०-१४-३-१ | |
| घनपोखरा | ८ | ८ | ०२९ (उनान्तीस ) | ७-१-२-१ | |
| घनपोखरा | ८ | ०९४०४६७ | १,४७५ (एक हजार चार सय पचहत्तर) | १३-२-०-१ | |

ख) **बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने) :** बुँदा (क) मा भएको सम्पत्ती आफ्नै भएको र लिजमा नलिएको । तथापि उत्पादन अनुमति पत्रको अवधि पश्चात् नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको ।

**सम्पत्ति,**

| **बर्ष** | **आ.व २०८१-८२ (आषाढ)** |
|---|---|
| **शुरुवातको रकम** | |
| **पुल ए** | |
| भवन | १४,६०१ |
| **पुल बी** | |
| फनिर्चर | |
| फनिर्चर र कार्यालय उपकरण | ५,५४३ |
| कम्प्युटर र सामानहरु | |
| **पुल सी** | १४,०३० |
| साधन | |
| **पुल डी** | १,४७६ |
| अन्य सम्पत्तिहरु | |
| **जम्मा** | ३६,५५२ |
| **थप** | |
| **पुल ए** | |
| भवन | ० |
| **पुल बी** | |
| फनिर्चर | ७ |
| फनिर्चर र कार्यालय उपकरण | |
| कम्प्युटर र सामानहरु | |
| **पुल सी** | |
| साधन | ३,१५० |
| **पुल डी** | |
| अन्य सम्पत्तिहरु | ४२ |
| **जम्मा** | ३,१९९ |
| **जम्मा** | |
| **पुल ए** | |
| भवन | १४,६०१ |
| **पुल बी** | |
| फनिर्चर | |
| फनिर्चर र कार्यालय उपकरण | ३,५९८ |
| कम्प्युटर र सामानहरु | |
| **पुल सी** | |
| साधन | १७,१८० |
| **पुल डी** | |
| अन्य सम्पत्तिहरु | २,३८० |
| **जम्मा** | ३७,७५८ |

| | |
|---|---|
| **अन्तिम सम्मको ह्रासकट्टि** | |
| **पुल ए** | |
| भवन | १,५५३ |
| **पुल बी** | |
| फनिर्चर | |
| फनिर्चर र कार्यालय उपकरण | २,९५५ |
| कम्प्युटर र सामानहरु | |
| **पुल सी** | |
| साधन | २,१६८ |
| **पुल डी** | |
| अन्य सम्पत्तिहरु | ६८९ |
| **जम्मा** | ७,३६५ |
| **ह्रासकट्टि** | |
| **पुल ए** | |
| भवन | १,३८८ |
| **पुल बी** | |
| फनिर्चर | |
| फनिर्चर र कार्यालय उपकरण | १६७ |

| | |
|---|---|
| कम्प्युटर र सामानहरु | |
| **पुल सी** | |
| साधन | १,७६२ |
| **पुल डी** | |
| अन्य सम्पत्तिहरु | ४०९ |
| **जम्मा** | ३,७२५ |
| **संचित ह्रासकट्टि** | |
| **पुल ए** | |
| भवन | २,९४१ |
| **पुल बी** | |
| फनिर्चर | |
| फनिर्चर र कार्यालय उपकरण | ३,१२१ |
| कम्प्युटर र सामानहरु | |
| **पुल सी** | |
| साधन | ३,९३० |
| **पुल डी** | |
| अन्य सम्पत्तिहरु | १,०९८ |
| **जम्मा** | ११,०९० |

**ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** कम्पनीको स्वामित्वमा रहेको कुल ६४ रोपनी क्षेत्रफल आयोजना ओगटेको जमिन आयोजना सञ्चालन तथा निर्माणको लागि लिएको कर्जाको लागि ग्लोबल आइएमई बैंक लि.को अगुवाइमा कुमारी बैंक लि., हिमालयन बैंक लि. र कृषि विकास बैंक लि.मा धितोबन्धक राखिएको छ ।

**घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सोको विवरण :** सो नभएको ।

**ङ) सम्पत्तिको मूल्याङ्कन गरिएको तरीका सम्बन्धी विवरण :** कम्पनीले आफ्नो सम्पत्तिहरूको औपचारिक पुनर्मूल्यांकन गरेको छैन । तर, IFRIC-१२ सेवा सञ्जाल व्यवस्था अन्तर्गत सञ्जाल लेखांकन उपचारको रूपमा सम्पत्तिको मूल्यमा वृद्धि गरिएको छ । व्यवस्थापनले अवलम्बन गरेको नीतिअनुसार सम्पत्तिको आधार मूल्यमा करिब १५% (राउन्डेड) को वृद्धि गरिएको छ ।

प्रस्तुत गरिएको वित्तीय विवरणमा निर्माणाधिन अमूर्त सम्पत्तिहरूको मूल्यमा आधार लागतमा १५% मार्कअप (Mark Up) गरिएको देखिन्छ । यद्यपि, सम्पूर्ण वित्तीय विश्लेषण तथा कार्यसम्पादन सूचकहरू भने आधार लागतकै आधारमा तयार पारिएका छन् र सम्पत्तिको वृद्धि गरिएको मूल्य समावेश गरिएको छैन ।

## ग.३.ग. भावी योजना तथा रणनीति :

**क) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :**

कम्पनीले आफ्नो व्यवसाय/सेवाको वृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन् ।

- क) प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरि जलबिद्युत आयोजनाहरुको सर्बेक्षण, निर्माण, सञ्चालन व्यवस्थापन गर्ने उत्पादन गृहको निर्माण गर्ने ।
- ख) जलविद्युत शक्तिको समुचित विकासको लागि आवश्यक स्वदेशी एवं वैदेशिक संस्थागत वा व्यक्तिगत लगानी परिचालन गरि संयुक्त वा एकल लगानी गर्ने ।
- ग) उत्पादित विद्युत शक्ति बिक्री वितरणका लागि आवश्यकता अनुसार सवस्टेसन तथा प्रसारण लाईनहरु निर्माण गर्ने

घ) उत्पादित जलविद्युत शक्ति नेपाल सरकार वा सार्वजनिक संस्थान वा निजी वितरण वा संगठित संस्थालाई वा उपभोक्तालाई एकमुष्ठ विक्री गर्ने वा आफ्नै प्रसारण लाईन प्रयोग गरि सिधै उपभोक्ताहरुलाई बिक्री वितरण गर्ने ।

ङ) उत्पादित विद्युत नेपाल सरकार वा अन्य कुनै निजी वितरक वा संगठित संस्थालाई बिक्री गर्न वा आफ्नै प्रसारण लाईन विकास गरि ग्राहकहरुलाई विद्युत सेवा उपलब्ध गराउन आवश्यकता अनुसार सम्झौता गर्ने ।

च) जलविद्युत आयोजनाहरुको विकासको निमित्त बिभिन्न स्थानमा नयाँ परियोजनाहरुको पहिचान गर्ने, विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने सम्भाव्यता अध्ययन गर्ने ।

छ) जलविद्युत आयोजनाको पहिचान सर्वेक्षण निर्माण सञ्चालन र व्यवस्थापनसँग सम्बन्धित र सहायक हुने सम्पुर्ण काम गर्ने ।

ज) विद्युत र वातावरण विकासको क्षेत्रमा कन्सल्टिङ्ग तथा परामर्श सेवा प्रदान गर्ने तथा नयाँ नयाँ आयोजनाहरुको सर्भेक्षण अन्वेषण अध्ययन अनुसन्धान कन्सल्टेन्ट डिजाइन कन्ट्रक्शन तथा मुल्याङ्कण गरि प्रतिवेदन तयार गर्ने ।

झ) विद्युत शक्ती उत्पादन प्रशारणका लागि आवश्यक पर्ने सामानहरु बिदेशबाट आयात गरि माग अनुसार बिक्री वितरण गर्ने ।

ञ) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा हुने जलविद्युत तथा विभिन्न उर्जा विकासको लागि बोल कवोल टेन्डरमा भाग लिने लिन लगाउने ।

ट) जलविद्युत गृह निमार्ण ट्रान्समिशन लाईन निर्माण PPA परियोजनाको पहिचान सम्बन्धमा आबश्यक परामर्श सेवा उपलब्ध गराउने ।

ठ) जलविद्युत सम्बन्धि जुनसुकै परियोजनाको लागि आवश्यक पर्ने प्राविधिक तथा प्रशासनिक सल्लाह सुझाव उपलब्ध गराउने ।

ड) जलविद्युत परियोजनामा व्यवस्थापन करारमा लिने विद्युत बिक्री वितरण सम्बन्धि अध्ययन अनुसन्धान गर्ने साथै जलविद्युत तथा ट्रान्समिसन लाइन निर्माण कार्यमा इन्जिनियरिङ्ग सेवा प्रदान गर्ने ।

ढ) जलविद्युतको विकासको लागि आवश्यक पर्ने समाचारमुलक प्रचार प्रसारका सामग्रीहरु प्रकाशन गर्ने Website बिकास गर्ने News letter हरु प्रकाशन गर्ने, साथै रेडियो तथा TV मा चेतनामूलक एवं सूचनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

ण) जलविद्युत परियोजनामा स्वदेशी तथा बिदेशी लगानीलाई उत्साहित गर्दै लगानी भित्र्याउनका लागि आर्थिक परामर्श समेत उपलब्ध गराउने ।

**ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य:**

नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा जलविद्युतको विकासको सम्भावना उच्च रहेको र कुल राष्ट्रिय उर्जा खपतको करीब ३.५% मात्र विद्युतबाट आपूर्ति भएको अवस्था देखिन्छ । देशमा माग बमोजिम जलविद्युत आपूर्तिको कमी रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैंमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु अगावै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ । जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिने संरचनाहरु निर्माण विकास हुँदै गरेको अवस्था छ । त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेको छ । यसर्थ कम्पनीले आफ्नो व्यावसायको निरन्तरताका लागि अगाडि बढाएको जलविद्युत आयोजनाको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य वस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

## ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ ।

| विवरण | प्रतिनिधि संख्या |
|---|---|
| समूह 'क' संस्थापक समूह | ४ जना |
| समूह 'ख' सर्वसाधारण समूह | २ जना |
| स्वतन्त्र सञ्चालक (विशेषज्ञबाट) | १ जना |
| **जम्मा** | **७ जना** |

**नोट :** कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुनेछैन । सर्वसाधारण समुहबाट प्रतिनिधित्व गर्ने सञ्चालक सार्वजनिक निष्काशन पश्चात् गरिने वार्षिक साधारण सभाबाट नियुक्ति गरिनेछ । साथै सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

# ग.४. पूँजी संरचना सम्बन्धी जानकारी

## ग.४.क) पूँजीको संरचना :

**१) अधिकृत पूँजी (Authorised Capital) :**

कम्पनीको अधिकृत पूँजी रु.१,७५,००,००,०००।- (अक्षरेपी एक अर्ब पचहत्तर करोड मात्र) हुने छ । सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका १,७५,००,००० (एक करोड पचहत्तर लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**२) जारी पूँजी (Issued Capital) :**

कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु.१,५५,००,००,०००।- (एक अर्ब पचपन्न करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका १,५५,००,००० (एक करोड पचपन्न लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**३) चुक्ता पूँजी (Paid up Capital) :**

कम्पनीको जारी पूँजी रु.१,५५,००,००,०००।- (एक अर्ब पचपन्न करोड मात्र) मध्ये संस्थापकहरुले तत्काल चुक्ता गरेको पूँजी रु.१,२४,००,००,०००।- (एक अर्ब चौबिस करोड मात्र) रहेको छ । सर्वसाधारण (वैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिक, आयोजना तथा विद्युत प्रसारण लाईनबाट प्रभावित क्षेत्रका बासिन्दा, सामुहिक लगानी कोष र कम्पनीका कर्मचारी समेत) तर्फ छुट्याइएको रु.३१,००,००,०००।- (अक्षरेपी एकतीस करोड मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको ३१,००,००० कित्ता शेयरको सार्वजनिक निष्कासन पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,५५,००,००,०००।- (एक अर्ब पचपन्न करोड मात्र) हुनेछ ।

**अधिकृत पूँजी, जारी पूँजी तथा जारी पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरण :**

| आ.व. | अधिकृत पूंजी (रु.) | जारी पूंजी (रु.) | चुक्ता गर्न कबुल गरेको पूँजी (रु.) | कैफियत |
|---|---|---|---|---|
| २०८१/८२ | १,७५,००,००,०००।- | १,५५,००,००,०००।- | १२,४०,००,००,००।- | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०१/१४ गतेको पत्रमा उल्लेख भए अनुसार । |
| २०८०/८१ | १,७५,००,००,०००।- | १,५५,००,००,०००।- | ७९,०५,००,०००।- | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०१/१८ गतेको पत्रमा उल्लेख भए अनुसार । |

| | | | | |
|---|---|---|---|---|
| २०८०/८१ | १,७५,००,००,०००।- | १,४२,९०,००,०००।- | १,००,०३,००,०००।- | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०६/१२ गतेको पत्रमा उल्लेख भए अनुसार ६१,८७,४६४ (शेयर दर्ता किताबको लगत) कित्ता कायम रहेको । |
| २०७९/८० | १,७५,००,००,०००।- | १,००,००,००,०००।- | १,००,००,००,०००।- | कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८०/०२/१० मा प्रमाणित शेयर दर्ता किताबको लगत अनुसार ५५,०२,१६२ कित्ता कायम रहेको । |

### ग.४.ख. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

कम्पनीको प्रबन्धपत्रको दफा (६) मा उल्लेख भए अनुसार सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| क्र.सं. | शेयरधनीहरु | शेयर संख्या | पूँजी प्रतिशत (%) | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | संस्थापक | १,२४,००,००० | ८०% | १,२४,००,००,०००।- | शतप्रतिशत |
| २ | सर्वसाधारण समूह | ३१,००,००० | २०% | ३१,००,००,०००।- | सार्वजनिक निष्काशन पश्चात् शतप्रतिशत |
| **जम्मा** | | **१,५५,००,०००** | **१००%** | **१,५५,००,००,०००।-** | |

| **सर्वसाधारणमा निष्काशन गरिने शेयरको विवरण** | | | |
|---|---|---|---|
| **विवरण** | **शेयर संख्या** | **चुक्ता रकम (रु.)** | **कैफियत** |
| स्थानीय बासिन्दाहरुतर्फ | १५,५०,००० | १५,५०,००० ००।- | निष्काशन पश्चात् शतप्रतिशत भुक्तानी हुने । |
| वैदेशिक रोजगारीतर्फ | १,५५,००० | १,५५,००,०००।- | |
| सामूहिक लगानी कोष | ७७,५०० | ७७,५०,०००।- | |
| कर्मचारीतर्फ | ३१,००० | ३१,००,०००।- | |
| सर्वसाधारणतर्फ | १२,८६,५०० | १२,८६,५०,०००।- | |
| जम्मा | ३१,००,००० | ३१,००,००,०००।- | |

**नोटः** स्थानीय बासिन्दाहरु (आयोजना प्रभावित क्षेत्र अर्थात् लमजुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिका वडा नं. २ र ३ का स्थानीय बासिन्दाहरुका लागि छुट्टाइएको ४० प्रतिशत अर्थात ६,२०,००० (छ लाख बीस हजार मात्र) कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात लमजुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिका वडा नं. २ र ३ (साविक घनपोखरा गाविसको वडा नं. १, ५, ६, ७ र ८ र साविक खुदी गाविस) का स्थानीय बासिन्दाहरुका लागि र बाँकि ६० प्रतिशत अर्थात ९,३०,००० (नौ लाख तीस हजार मात्र) कित्ता साधारण शेयर लमजुङ जिल्लाको आयोजना प्रभावित क्षेत्र मर्स्याङ्दी गाउँपालिकाको वडा नं. १, ४, ५, ६, ७, ८ र ९ (साविक घनपोखरा गाविसको वडा नं. २, ३, ४ र ९, साविक ताघ्रिङ गाविस, साविक घेर्मु गाविस, साविक बाहुनडाँडा गाविस, साविक भुलभुले गाविस र साविक सिम्पानी गाविस) का स्थानीय बासिन्दाहरुको लागि सुरक्षित गर्ने र दुवै पक्षबाट संकलन हुन नसकेमा मात्र उक्त शेयर सर्वसाधारणमा समायोजन गरी बाँडफाँट गरिनेछ। त्यसैगरी, जारी पूँजीको बाँकी १०% अर्थात् रु.१५,५०,००,०००।- (अक्षरेपी रु. पन्ध्र करोड पचास लाख मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको १५,५०,००० (पन्ध्र लाख पचास हजार मात्र) कित्ता साधारण शेयर मध्ये १०% अर्थात् १,५५,००० (एक लाख पचपन्न हजार मात्र) कित्ता साधारण शेयर नेपाल सरकारको अनुमति लिई बैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुका लागि निष्काशन गरिएको धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा बिक्री नभई बाँकी रहेको धितोपत्र सर्वसाधारणमा निष्काशित गरिने धितोपत्रमा थप गरी बिक्री गरिनेछ ।

### ग.४.ग. शेयर प्रिमियम खाता (निष्काशनपूर्व र निष्काशन पश्चात्) : सो नभएको ।

## ग.५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :

### ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमी :

क) **आधारभुत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

**आधारभुत शेयरधनीको विवरण:**

| क्र. सं. | नाम | शेयर स्वामित्व /प्रतिशत | उमेर | राष्ट्रियता | शैक्षिक योग्यता | जलविद्युत क्षेत्रमा अनुभव | अनुभव (अन्य) |
|---|---|---|---|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र लाल प्रधान | २६,५२,४२,६००<br>२१.३९% | ६४ | नेपाली | बि.ई. (इन्जिनीयरिङ्ग) | हाइड्रोसोलुसन्स प्रा.लि. मा २००७ देखि हाल सम्म कार्यकारी अध्यक्ष को रुपमा कार्यरत । | सामाजिक संघसंस्था तथा समाज सेवामा कार्यमा संलग्न तथा CACCI मा अध्यक्ष र FNCCI मा पूर्व कोषाध्यक्ष आदिको कार्यानुभव रहेको । |
| २ | श्री नेपाल हाईड्रो डेभलपर लि. | १०,००,००,०००<br>८.०६% | - | नेपाली | लागु नहुने । | | |
| ३ | श्री बैदिक हाइड्रो ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | ८,८४,३०,५००<br>७.१३% | - | नेपाली | लागु नहुने । | | |
| ४ | श्री सुपर खुदी ईन्भेष्टमेन्ट प्रा.लि. | ७,३४,७९,६००<br>५.९३% | - | नेपाली | लागु नहुने । | | |
| ५ | श्री गणेश कार्की | ५,८९,१७,८००<br>४.७५% | ५८ | नेपाली | स्नातक (व्यवस्थापन) | सिँगटी हाइड्रोपावर लिमिटेडमा प्रबन्ध सञ्चालक बि.सं.२०७२ देखि बि.सं. २०७९ सम्म, अर्विट इनर्जी लि.मा बि.सं.२०७८ देखि हालसम्म, पिपुल्स हाइड्रोपावर लि.मा बि.सं. २०७६ देखि बि.सं. २०८० सम्म सञ्चालक । | बिजी ग्रुप प्रा.लि.मा बि.सं.२०६७ देखि हालसम्म अध्यक्ष ।<br>नेपालका लागि गणतन्त्र मौरिससका अवैतनिक वाणिज्य दुत बि.सं.२०७७ देखि हालसम्म ।<br>स्वतन्त्र उर्जा उत्पादकहरुको सस्था IPPAN संघको अध्यक्ष बि.सं.२०७९ देखि हालसम्म आदिको अनुभव प्राप्त । |
| ६ | श्री विमला श्रेष्ठ प्रधान | ४,७१,७५,९००<br>३.८०% | ५९ | नेपाली | स्नातक (डेण्टल सर्जरी) FICCDE ORTHO-DONTICS | हाइड्रोसोलुसन्स प्रा.लि. मा २००७ देखि हाल सम्म सञ्चालक । | डि-मोन्ट डेण्टल क्लिनिकमा २०५१ साल देखि कार्यकारी सञ्चालकको रुपमा कार्यरत ।<br>सामाजिक संघसंस्था तथा समाज सेवामा कार्यमा संलग्न तथा CACCI मा अध्यक्ष र FNCCI मा पूर्व कोषाध्यक्ष आदिको कार्यानुभव रहेको । |
| ७ | श्री बटु लामिछाने | २,८९,१७,८००<br>२.३३% | ६१ | नेपाली | स्नातक (व्यवस्थापन) | सिँगटी हाइड्रोपावर लिमिटेडमा बि.सं.२०७२ देखि बि.सं. २०८० सञ्चालक अध्यक्ष ।<br>अर्विट इनर्जी प्रा.लिमा बि.सं.२०७८ देखि हालसम्म अध्यक्ष ।<br>अन्नपूर्ण विद्युत विकास कम्पनी प्रा.लिमा बि.सं.२०८० देखि हालसम्म अध्यक्ष । | बिजी ग्रुप प्रा.लि.मा वि.सं.२०६७ देखि हालसम्म सञ्चालक ।<br>फिस्टेल कार्पेटमा प्रबन्ध सञ्चालक ई.सं. १९९१ देखि ई.सं. १९९९ सम्म ।<br>होलिडे एडभेञ्चर नेपाल प्रा.लि. मा सञ्चालक ई.सं. १९९८ देखि हालसम्म ।<br>सिद्धी विनायक उल कार्डिङमा सञ्चालक मिति ई.सं.१९९१ देखि ई.सं. १९९५ सम्म आदिको अनुभव प्राप्त । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | श्री कबिता लामिछाने | २,८५,००,००० २.३०% | ६१ | नेपाली | स्नातक (व्यवस्थापन) | बैदिक हाइड्रो इन्भेष्टमेन्ट कम्पनी प्रा. लि.मा वि.सं.२०६९ देखि हालसम्म सञ्चालक रुपमा कार्यरत । | — |
| ९ | श्री यूएन महर्जन | २,७०,००,००० २.१८% | ५० | नेपाली | एम.बि.बि.एस. | बैदिक हाइड्रो इन्भेष्टमेन्ट कम्पनी प्रा. लि.मा वि.सं.२०६८ देखि हालसम्म सञ्चालक अध्यक्ष रुपमा कार्यरत । | - |
| १० | श्री युग जंग कार्की | २,६९,६८,८०० २.१७% | २४ | नेपाली | स्नातक (व्यवस्थापन) | युग होल्डिङस् प्रा.लि. मा वि.सं.२०७७ देखि हालसम्म अध्यक्षको रुपमा कार्यरत । | — |
| ११ | श्री वर्णन लामिछाने | २,६९,१८,८०० २.१७% | ३२ | नेपाली | स्नतकोत्तर (फाइनान्स) | इलेक्ट्रीकल इन्जिनियरको भुमिकामा क्वीइनक्याइ एलनबाट हाइड्रो इक्विप्मेन्टमा मिति २०७७ देखि हालसम्म कार्यरत । | — |
| १२ | श्री बी जी ग्रुप प्रा. लि. | २,६२,००,००० २.११% | - | नेपाली | लागु नहुने । | लागु नहुने । | लागु नहुने । |
| १३ | श्री जिज्ञासा लामिछाने | २,६१,५०,००० २.११% | ३९ | नेपाली | स्नातकोतर | इलेक्ट्रीक इन्जिनियरको भुमिकामा क्वीइनक्याइ एलनबाट, अपर चाखु आयोजना, ठोस्ने र खानीखोलामा काम गरेको । | — |
| १४ | श्री विबेना लामिछाने | २,६१,५०,००० २.११% | ३८ | नेपाली | स्नातकोत्तर तह | - | डाक्टर पेसामा आबद्ध । |
| १५ | श्री शंकर प्रसाद शर्मा | २,५०,००,००० २.०२% | ७३ | नेपाली | अर्थशास्त्र (पि.एच.डी.) | - | बरिष्ठ अर्थशास्त्री, Southeast Asian Studies । बरिष्ठ अर्थशास्त्री, अर्थ मन्त्रालय । उपाध्यक्ष, राष्ट्रिय योजना आयोग । पूर्व राजदुत, संयुक्त राज्य अमेरिका । विगत दुई वर्षदेखि भारतका लागि राजदुत रहि रहनु भएको । विगत दुई वर्षदेखि भारतमा राजदुतको रुपमा रहनुभएको । |
| १६ | श्री कल्पना अर्याल | २,५०,००,००० २.०२% | ६४ | नेपाली | कानूनमा स्नातक | - | - |
| १७ | श्री युग होल्डिङ प्रा. लि. | २४,९५०,००० २.०१% | - | नेपाली | लागु नहुने । | | |

## सञ्चालकहरुको विवरण :

| क्र.सं. | नाम तथा ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व/ प्रतिशत | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित) जलविद्युत क्षेत्रमा | अनुभव (अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री चेतन प्रधान (का.म.न.पा.वडा नं. ३०) | अध्यक्ष | २९ | नेपाली | १,२२,८७,००० (०.९९%) | बि.ई. | आँखु हाइड्रोपावर प्रा.लि.मा सञ्चालक मिति २०७६ आषाढ देखि मिति २०८१ फाल्गुण सम्म र कालीगण्डकी हाइड्रोपावर प्रा.लि.मा मिति २०७६ आषाढ देखि २०७८ माघ सम्म प्राविधिक सञ्चालकको रुपमा अनुभव प्राप्त । | हाईड्रो सोलुसन्स प्रा.लि.मा मिति २०७५ देखि हालसम्म एसोसिएट्स सञ्चालकको रुपमा कार्यरत । |
| २ | श्री गणेश कार्की (झापा जि.तोपगाछी गा.वि.स वडा नं ९) | प्रबन्धक सञ्चालक | ५७ | | ५,८९,१७,८०० (४.७५%) | स्नातक (व्यवस्थापन) | सिँगटी हाइड्रोपावर लिमिटेडमा प्रबन्ध सञ्चालक बि.सं.२०७२ देखि बि.सं. २०७९सम्म, अर्विट इनर्जी लि.मा बि.सं.२०७८ देखि हालसम्म, पिपुल्स हाइड्रोपावर लि.मा बि.सं.२०७६ देखि बि.सं. २०८० सम्म सञ्चालक । | बिजी ग्रुप प्रा.लि.मा बि.सं.२०६७ देखि हालसम्म अध्यक्ष, नेपालका लागि गणतन्त्र मौरिससका अवैतनिक वाणिज्य दुत बि.सं.२०७७ देखि हालसम्म<br><br>स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था IPPAN संघको अध्यक्ष बि.सं.२०७९ देखि हालसम्म आदिको अनुभव प्राप्त । |
| ३ | श्री बटु लामिछाने (का.म.न.पा.वडा नं.४) | सञ्चालक | ६१ | | २,८९,१७,८०० (२.३३%) | बि.बि.एस | सिँगटी हाइड्रोपावर लिमिटेडमा बि.सं.२०७२ देखि बि.सं. २०८० सञ्चालक अध्यक्ष, अर्विट इनर्जी प्रा.लिमा बि.सं.२०७८ देखि हालसम्म अध्यक्ष, अन्नपूर्ण विद्युत विकास कम्पनी प्रा.लि.मा बि.सं.२०८० देखि हालसम्म अध्यक्ष । | बिजी ग्रुप प्रा.लि.मा बि.सं.२०६७ देखि हालसम्म सञ्चालक, फिस्टेल कार्पोटमा प्रबन्ध सञ्चालक ई.सं. १९९१ देखि ई.सं. १९९९ सम्म, होलिडे एडभेञ्चर नेपाल प्रा.लि. मा सञ्चालक ई.सं. १९९८ देखि हालसम्म, सिद्धी विनायक उल कार्डिडमा सञ्चालक मिति ई.सं.१९९१ देखि ई.सं. १९९५ सम्म आदिको अनुभव प्राप्त । |
| ४ | श्री निभिता प्रधान (का.म.न.पा.वडा नं.३०) | सञ्चालक | ३४ | | १,२२,८७,००० (०.९९%) | एम.बि.ए | हाइड्रो सोलुसन्स प्रा.लि.मा मिति २०७४ देखि हालसम्म एशोसिएट्स सञ्चालकको रुपमा अनुभव प्राप्त । | बि.सं. २०७५ देखी हालसम्म त्रिशक्ति केबुल इन्ड्रष्टीज् प्रा.लि.मा एसोसिएट्स सञ्चालकको रुपमा कार्यरत |
| ५. | श्री दल बहादुर बिष्ट | स्वतन्त्र सञ्चालक | ४५ | | - | बि.ए (मानविकी) | बि.जि. हाईड्रो इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. मा बि.सं.२०७२ देखि हालसम्म अध्यक्षको रुपमा कार्यरत । | - |

**नोट :** नेपाल धितोपत्र बोर्डबाट जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा सञ्चालक सम्बन्धी व्यवस्थाहरुको पालना तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१)(छ) को पालना भएको उद्घोषण गर्दछौं । साथै, हाल यस कम्पनीमा संस्थापक शेयरधनी मात्र रहेको र यस विवरणपत्र मार्फत सर्वसाधारण शेयरधनी समुहको शेयर निष्काशन भई बाँडफाँट सम्पन्न भए पश्चात् कानून बमोजिम कम्पनी ऐन, २०६३ को दफा (८६) अनुसार सञ्चालक समितिमा प्रतिनिधित्व रहने व्यवस्था गरिनेछ ।

**ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| क्र. सं. | संस्थाको नाम तथा ठेगाना | सञ्चालकहरुको नाम, ठेगाना | संस्थाको संक्षिप्त विवरण |
|---|---|---|---|
| १. | श्री सुपर खुदी इन्भेष्टमेन्ट प्रा.लि. | श्री ज्ञानेन्द्र लाल प्रधान<br>श्री बिमला श्रेष्ठ प्रधान | कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०५९/०८/२४(दर्ता नं.२१८८६/५९/६०) मा दर्ता भएको सुपर खुदी इन्भेष्टमेन्ट प्रा.लि. नेपालको जलविद्युत कम्पनी, पूँजी बजार र घर जग्गा क्षेत्रमा लगानी गर्ने संस्थाको रुपमा रहेको छ। संगठित सस्थाको अधिकृत पूँजी १५ करोड, जारी पूँजी ४ करोड तथा चूक्ता पूँजी २ करोड १० लाख रहेको छ । |
| २ | श्री बि. जि. ग्रुप प्रा. लि. | श्री बटु लामिछाने<br>श्री गणेश कार्की | कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६७/१०/१४ (दर्ता नं.८००५१/०६७/६८) मा दर्ता भएको बि. जि.ग्रुप प्रा. लि. विभिन्न कम्पनी, व्यक्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी, गैर सरकारी लगायतका संघसंस्थाहरुमा समन्वय गरी सम्भावित भएका साना, मझौला तथा ठूला जलविद्युत उत्पादन, प्रसारण तथा वितरणमा लगानी गर्ने संस्थाको रुपमा रहेको छ । संगठित सस्थाको अधिकृत पूँजी १० करोड, जारी पूँजी १० करोड तथा चूक्ता पूँजी १० करोड रहेको छ । |
| ३. | श्री बैदिक हाइड्रो इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | श्री युएन महर्जन<br>श्री कविता लामिछाने | कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६७/१२/१४(दर्ता नं. ८१९३६/०६७/६८) मा दर्ता भएको बैदिक इन्भेष्टमेन्ट प्रा.लि. विभिन्न कम्पनी, व्यक्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी, गैर सरकारी लगायतका संघसंस्थाहरुमा समन्वय गरी सम्भावित भएका साना, मझौला तथा ठूला जलविद्युत उत्पादन, प्रसारण तथा वितरणमा लगानी गर्ने संस्थाको रुपमा रहेको छ । संगठित सस्थाको अधिकृत पूँजी २५ करोड, जारी पूँजी २५ करोड तथा चूक्ता पूँजी २५ करोड रहेको छ । |
| ४. | श्री युग होल्डिङस् प्रा.लि. | श्री युग जँग कार्की | कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७५/०५/२४ (दर्ता नं.१९८२४९/०७५/०७६) मा दर्ता भएको युग इन्भेष्टमेण्ट प्रा.लि. शेयर, बण्ड, डिबेञ्चर र रियल स्टेट आदि तथा पूर्वाधार संरचना सम्बन्धी परियोजनाहरुमा लगानी गर्ने संस्थाको रुपमा रहेको छ । संगठित सस्थाको अधिकृत पूँजी ५ करोड, जारी पूँजी ५ करोड तथा चूक्ता पूँजी ५ लाख रहेको छ । |
| ५. | श्री नेपाल हाइड्रो डेभलपर लि. | श्री कुमुद कुमार दुगड | कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७१/०३/३१ (दर्ता नं. १२४२९५/०७०/०७१) मा दर्ता भएको नेपाल हाइड्रो डेभलपर्स विद्युतिय उत्पादन तथा वितरण सम्बन्धी गर्ने संस्थाको रुपमा रहेको छ । संगठित सस्थाको अधिकृत पूँजी ६० करोड, जारी पूँजी ३८ करोड ८१ लाख ९६ हजार ६६३ तथा चूक्ता पूँजी ३८ करोड ८१ लाख ९६ हजार ६६३ रहेको छ । |
| ६ | श्री हाइड्रो सोलुसन्स प्रा.लि | श्री ज्ञानेन्द्र लाल प्रधान | कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६४/०४/१० (दर्ता नं. ४७०५१/०६४/०६५) मा दर्ता भएको हाइड्रो सोलुसन्स प्रा.लि विद्युतिय उत्पादन लगानी तथा परामर्श सम्बन्धी काम गर्ने संस्थाको रुपमा रहेको छ । संगठित सस्थाको अधिकृत पूँजी १५ करोड, जारी पूँजी १५ करोड तथा चूक्ता पूँजी १५ करोड रहेको छ । |

**ग) संगठित संस्थाका सञ्चालकहरु, अन्य कुनै संस्था, कोष सँगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको सस्थाको नाम ठेगाना**

| क्र.सं. | नाम | सम्बन्धित रहेको संस्था, फर्म र कम्पनीहरु |
|---|---|---|
| १ | श्री चेतन प्रधान | हाईड्रो सोलुसन्स प्रा.लि.मा मिति २०७५ देखि हालसम्म एसोसिएट्स सञ्चालकको रुपमा कार्यरत । |
| २ | श्री बटु लामिछाने | सिँगटी हाइड्रोपावर लिमिटेडमा पूर्व सञ्चालक अध्यक्ष,<br>बेली इन्टरनेशनल प्रा.लि. मा सञ्चालक अध्यक्ष,<br>बिजी हाइड्रोइन्भेष्टमेन्ट प्रा.लि.मा संस्थापक सञ्चालक,<br>वैदिक हाइड्रो इन्भेष्मेन्ट कम्पनी प्रा.लि.मा संस्थापक सञ्चालक, |
| ३ | श्री गणेश कार्की | सिँगटी हाइड्रोपावर लिमिटेडमा पूर्व प्रबन्ध सञ्चालक,<br>बेली इन्टरनेशनल प्रा.लि. मा प्रबन्ध निर्देशक,<br>बेनी हाइड्रो प्रा.लि.मा प्रबन्ध सञ्चालक,<br>बिजी हाइड्रोइन्भेष्टमेन्ट प्रा.लि.मा सञ्चालक,<br>वैदिक हाइड्रो इन्भेष्मेन्ट कम्पनी प्रा.लि.मा सञ्चालक, |
| ४ | श्री निभिता प्रधान | विगत ०५ बर्षदेखि त्रिशक्ति केवुल इन्ड्रष्टीज् प्रा.लि. मा एसोसिएट्स सञ्चालकको रुपमा कार्यरत । |

**घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(अ) शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सञ्चालक समितिको पूर्व स्वीकृति लिनुपर्नेछ । स्वीकृति बिना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुने छैन । सञ्चालक पदमा बहाल रहेको भए वा पदबाट अवकास भएको एक (१) वर्षसम्म सोही संस्थाको शेयर खरिद/बिक्री गर्न पाइने छैन ।

(आ) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम (३८) को उपनियम (१) मा भएको व्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक संस्थापक शेयरधनी, आयोजना प्रभावित क्षेत्रका बासिन्दा र कम्पनीका कर्मचारीले लिएको शेयर संगठित संस्थाले सर्वसाधारणका लागि प्राथमिक सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले तीन (३) वर्षको अवधी पूरा नभई बिक्री गर्न पाइने छैन ।

(इ) कुनैपनि शेयरधनीको मृत्यु भएमा वा प्रचलित कानून बमोजिम पारिवारिक अंशवण्डा भएमा वा अदालतको आदेशले निजको शेयर नामसारी हुने भएमा खण्ड (ख) को बन्देज लागू हुने छैन ।

(ई) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था कम्पनी ऐन २०६३, धितोपत्र कारोबार सम्बन्धी कानून तथा प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

### ग.५.ख. संस्थापक/सञ्चालकसँगको कारोबार :

**(क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** कम्पनीका सञ्चालकहरुले सञ्चालक समितिको बैठक भत्ता तथा अन्य कुनैपनि संस्थापक वा सञ्चालकले यस संस्थाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैर आर्थिक) प्राप्त गरेका छैनन् र सो सम्बन्धमा कम्पनीले संस्थापक वा सञ्चालकबाट कुनै सम्पत्ति वा सेवा समेत प्राप्त गरेको छैन ।

**ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

## ग.६. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानुन अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

## ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :

### ग.७.क. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

**क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण ।**

| क्र. सं. | कर्मचारीको नाम | पद | नियुक्ति मिति | योग्यता | शेयर कित्ता | कार्यानुभव |
|---|---|---|---|---|---|---|
| १ | श्री रबि कुमार गौतम | बरिष्ठ आयोजना प्रबन्धक | २०७७/१२/०१ | स्नातकोतर (एम.ई) | - | हाइड्रोपावर तथा अन्य संस्थामा इन्जिनियर सम्बन्धि करिब २० वर्ष भन्दा बढीको कार्य अनुभब । |
| २ | श्री नवराज निरौला | लेखा/प्रशासन | २०७९/०६/२४ | स्नातकोतर (एम.बि.एस.) | - | हाइड्रोपावर तथा अन्य संस्थामा लेखा तथा वित्त सम्बन्धि करिब १५ वर्षभन्दा बढीको कार्य अनुभब । |
| ३. | श्री कृष्ण दास श्रेष्ठ | जन सम्पर्क अधिकृत | २०८०/०५/२३ | स्नातक (व्यवस्थापन) | - | बिभिन्न हाइड्रोपावरहरुमा प्रशासनिक तथा जनसम्पर्क अधिकृतको रुपमा २० वर्षभन्दा बढीको कार्य अनुभब । |

**ख) कम्पनीका कर्मचारीहरु अन्य कुनै सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी सम्बन्धी विवरण :** सो नभएको ।

**ग) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** सो नभएको।

**घ) कर्मचारी संख्या :** स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।

| स्थायी | अस्थायी | करार | ज्यालादारी | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|
| - | २६ | - | - | - | २६ |

### ग.७.ख. सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :

**क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :**

१. मिति २०८० पौष १८ गतेको प्रथम वार्षिक साधारण सभाबाट निर्णय भए अनुसार बैठकमा उपस्थित भए बापत अध्यक्ष तथा अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता रु.१०,०००।- (दश हजार मात्र) हुनेछ ।

२. कम्पनीको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता नेपाल भित्र ने.रु.१०,०००।– (दश हजार मात्र), भारतमा भ्रमण गर्नु परेमा भा.रु.१०,०००।- (दश हजार मात्र) प्रतिदिन अन्य मूलुकमा भ्रमण गर्नु परेमा अमेरिकी डलर ५०० (पाँच सय) प्रतिदिन र कम्पनीको गाडी प्रयोग गरेकोमा बाहेक लागेको प्लेन (Economy Class) वा गाडी भाडा टिकट बमोजिम तथा बस्ने होटलको बिल अनुसार रकम उपलब्ध हुनेछ ।

| सि. नं. | सञ्चालकको नाम | पद | आर्थिक वर्ष ०८०/८१ मा प्रदान गरिएको बैठक तथा भत्ताको रुपमा भुक्तान गरिएको रकम (रु.) | आर्थिक वर्ष ०८१/८२ आषाढ मसान्त सम्ममा प्रदान गरिएको बैठक तथा भत्ताको रुपमा भुक्तान गरिएको रकम (रु.) |
|---|---|---|---|---|
| १. | श्री ज्ञानेन्द्र लाल प्रधान | पूर्व अध्यक्ष | ५०,०००।- | १,८०,०००।- |
| २. | श्री चेतन प्रधान | अध्यक्ष | ५०,०००।- | २,३०,०००।- |
| ३. | श्री गणेश कार्की | प्रबन्ध सञ्चालक | ५०,०००।- | २,३०,०००।- |
| ४. | श्री बटु लामिछाने | सञ्चालक | ५०,०००।- | २,३०,०००।- |
| ५. | श्री निभिता प्रधान | सञ्चालक | - | ५०,०००।- |

३. अन्य सुविधा कम्पनी नियम बमोजिम हुनेछ ।

कम्पनीका अध्यक्ष तथा सञ्चालकहरुलाई मासिक पारिश्रमिक निम्न बमोजिम वितरण गर्ने निर्णय गरिएका

| सि.नं. | नाम | पद | मासिक पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम (रु.) |
|---|---|---|---|
| १. | श्री चेतन प्रधान | अध्यक्ष | १,५०,०००।– |
| २. | श्री गणेश कार्की | प्रबन्ध सञ्चालक | १,५०,०००।– |
| ३. | श्री बटु लामिछाने | सञ्चालक | १,५०,०००।– |
| ४. | श्री निभिता प्रधान | सञ्चालक | १,५०,०००।– |

**ख) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका तीन जना अधिकृतहरुको नाम, पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि. नं. | कर्मचारीको नाम | पद | आ.व. ०८०/८१ मा पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम (रु.) | आ.व. ०८१/८२ आषाढ मसान्तसम्ममा पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम (रु.) |
|---|---|---|---|---|
| १. | श्री रबि कुमार गौतम | बरिष्ठ आयोजना प्रबन्धक | २५,८०,०००।– | ३०,००,०००।– |
| २. | श्री नवराज निरौला | लेखा/प्रशासन | ८,१६,०००।– | ८,६५,०००।– |
| ३. | श्री कृष्णदाश श्रेष्ठ | जनसम्पर्क अधिकृत | ६,४८,८००।– | १०,८०,०००।– |

अन्य सुविधा कम्पनी नियम बमोजिम हुनेछ ।

**कम्पनीका अध्यक्ष तथा सञ्चालकहरुलाई मासिक पारिश्रमिक निम्न बमोजिम वितरण गर्ने निर्णय गरिएको छ :**

| सि.नं. | नाम | पद | मासिक पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम (रु.) |
|---|---|---|---|
| १. | श्री चेतन प्रधान | अध्यक्ष | १,५०,०००।– |
| २. | श्री गणेश कार्की | प्रबन्ध सञ्चालक | १,५०,०००।– |
| ३. | श्री बटु लामिछाने | सञ्चालक | १,५०,०००।– |
| ४. | श्री निभिता प्रधान | सञ्चालक | १,५०,०००।– |
| ५ | श्री दल बहादुर विष्ट | स्वतन्त्र सञ्चालक | १३,०००।– |

**ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** हालसम्म त्यस्तो कुनै करार गरिएको छैन ।

## ग.८. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने ।**

**क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**

- निर्माण कार्य ८३.३० प्रतिशत सम्पन्न भईसकेको हुँदा जलविद्युत आयोजनामा वित्तीय जोखिम न्यून रहेको ।
- नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने जोखिम न्यून रहेको । तर नेपाल विद्युत प्राधिकरणले विद्युत खरिद विक्री सम्झौता सहज र सरल नबनाएमा समस्या उत्पन्न हुने देखिन्छ ।
- संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भइसकेको र बैंकबाट पनि ऋण प्राप्त भइरहेकोले वित्तीय साधनको अभावबाट हुने जोखिम कम रहेको ।

**ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

- जलस्रोतको निरन्तर मापन गरि डिजाईन गरिएको हुँदा उक्त जोखिम कम रहेको । तर जलवायु परिवर्तन वा अन्य

कारणले नदीको बहावमा परिवर्तन आउन सक्ने सम्भावना रहन्छ, जुन कम्पनीको नियन्त्रण बाहिरको विषय हो । तर, आयोजनाको निर्माण गर्दा लामो अवधिको हाईड्रोलोजीको डाटाको अध्ययन तथा विश्लेषणका आधारमा क्षमता निर्धारण गरिएको हुँदा तत्काल यस प्रकारको समस्या आउने सम्भावना न्यून रहेको छ ।

ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** संगठित संस्थाबाट उत्पादित बिजुली नेपाल विद्युत प्राधिकरणले आयोजना अवधी भर पुर्वनिर्धारित मुल्यमा Take or Pay को अवधारणमा खरिद-विक्री सम्झौता भईसकेको हुनाले जोखिम नरहेको ।

घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost overrun) को जोखिम :** उत्पादन सुरु भईनसकेको हुनाले आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना रहेको तर आयोजनाको भौतिक प्रगति ८३.३० प्रतिशत सम्पन्न भैसकेको हुँदा RCOD भन्दा अगावै आयोजना सम्पन्न गर्ने लक्ष्य रहेको हुँदा यसबाट हुने मूल्य अभिवृद्धिको जोखिम कम रहेको ।

ङ) **विदेशी विनिमयको जोखिम :** यस कम्पनीद्वारा प्रवद्धित आयोजनाको लागि आवश्यक पर्ने केही पाटपूर्जाहरु युरोपबाट आयात गरिने भएकोले सो को लागि विनिमय दरमा आउने परिवर्तननले विदेशी विनिमयको जोखिम रहेको छ । केही पाटपूर्जाहरु भारतीय कम्पनीबाट आयात गरिने तथा प्रतितपत्र भारतिय मुद्रामा खोलिएको छ । नेपाल र भारतिय मुद्रा बिच रहेको स्थिर विनिमय दर (Pegged Exchange Rate) भएकाले सो स्थिर विनिमय दर कायम रहुन्जेल विदेशी विनिमयको जोखिम नरहेको ।

च) **कानुनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु :** आवश्यक पर्ने सम्पूर्ण इजाजत पत्रहरु प्राप्त गरिसकेको हुनाले सोको जोखिम नरहेको ।

छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**

१. अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।

२. पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।

ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिम :**

- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट जोखिमहरु श्रृजना हुन सक्ने ।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिर्वतन भएमा श्रृजना हुन सक्ने जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु ।

झ) **सञ्चालन इतिहासको अभाव :** यस कम्पनीसँग आबद्ध सञ्चालकहरुले विभन्न आयोजनाहरु निर्माण सपन्न गरि विद्युत उत्पादन गरि सकेको अनुभव भएकोले सञ्चालन इतिहासको अभावको जोखिम नरहेको ।

ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :** आयोजनासँग सम्बन्धित मेसिन तथा उपकरणहरुको प्रविधिक विवरण अनुसार सम्झौता भई उत्पादन समेत अन्तिम चरणमा रहेकोले सो को जोखिम नरहेको ।

ट) **अन्य :**

- दैवि प्रकोप तथा काबु बाहिरको परिस्थिति उत्पन्न भइ आयोजनामा कुनै प्राकृतिक क्षति भएमा आयोजनाको लागत बढ्न सक्ने जोखिम रहेको ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

कम्पनीले क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति तथा क्षमता विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानी- नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी-नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने कम्पनीको नीति रहेको व्यहोरा जानकारी गराउँछौं । सम्भावित

आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ । उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यवस्थापनको धारणा रहेको छ । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखिम नरहेको धारणा व्यवस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न र आयोजना बन्द भएमा बन्द भएको अवधिको नोक्सान वापतको लागि निम्न बमोजिमको बीमा गरिएको छ । कम्पनीको संभावित नोक्सानी तथा अग्नि बीमा देहाय बमोजिमको इन्स्योरेन्स कम्पनीहरुमा निम्न रकम बराबरको बिमा गरिएको छ ।

| सि. नं. | बिमा गरिएको सम्पत्ति | बिमा कम्पनीको नाम | पोलिसि नं. : | बिमाङ्क रकम (रु.) | पोलिसि अवधि | प्रिमियम रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | Civil Surface and Underground Construction | एन.एल.जी इन्स्योरेन्स कम्पनी लि. | KTM/148G0000/ CAR18/00200 | २९,३५,०२,४९२.२९ | २२/१२/२०२५ देखि २१/०६/२०२६ | ४०,९८,३०९.९७ |
| २ | Construction of Headrace Tunnel (HRT from Ch 1+200 to Ch 3+ 170) and Tunnel, Army Camp, Bunker and other Infrastructures added to package-2 from package3 | | KTM/148G0000/ CAR18/00296 | ३४,३२,९१,२०७.११ | २२/१२/२०२५ देखि २१/०६/२०२६ | ४३,६४,१०९.४७ |
| ३ | Civil (Surface & underground) +Power House+Intake House and Head & Penstock Pipe, Anchor Block | | KTM/010G0000/ CAR20/0014 | १,५७,५१,९७,९१२.५९ | ३१/०१/२०२५ देखि २१/०१/२०२६ | १,२८,५६,५१०.२२ |

## धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :

प्रति शेयर अंकित मूल्य रु.१००।– दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ

## ग.९. वित्तीय विवरण

### ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण:

क) **संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान हिसाब बाँडफाँट, नगद प्रवाह विवरण :** यस कम्पनीको आ.व.२०८१/०८२ को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा नोक्सान बाँडफाँट हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**वासलात (वास्तविक)**

(रु. हजारमा)

| विवरण | आ.व २०८१/८२ |
|---|---|
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति, प्लान्ट तथा मेसिनरी | २६,६६८ |
| निर्माणधिन अर्मुत सम्पत्ति | ३६,०४,२१४ |
| अधिकार प्राप्त सम्पत्ति | ६८३ |
| **चालु सम्पत्ति** | |
| **वित्तिय सम्पत्ति** | |
| नगद तथा नगद सरह | २०,३८३ |
| अन्य चालु सम्पत्ति | ३६,०२६ |
| **गैर वित्तिय सम्पत्ति** | |
| पूर्व भुक्तानी | २,८०,५२० |
| अन्य चालु सम्पत्ति | ३,५९,७३६ |
| चालु कर सम्पत्ति | – |
| **जम्मा सम्पत्ति** | **४३,२८,२३०** |
| **इक्युटी तथा दायित्व** | |
| **इक्युटी** | |
| शेयर पूँजी | १२,४०,००० |
| अग्रीम शेयर पूजी | |
| संचिती नाफा तथा नोक्सान | ४१०,१७५ |
| **गैर चालु दायित्व** | |
| **वित्तिय दायित्व** | |
| दिर्घकालिन सापटि | १६,६२,८४५ |
| भाडा दायित्व | ७७१ |
| **चालु दायित्व** | |
| **वित्तिय दायित्व** | |
| अल्पकालिन सापटि | ९,१६,४५० |
| अन्य दायित्व | ९७,२८४ |
| गैर वित्तिय दायित्व | ६८५ |
| **जम्मा पूँजी तथा दायित्व** | **४३,२८,२३०** |

**नोट :** जग्गाको पुनर्मूल्यांकनका लागि सिर्जना गरिएको पुनर्मूल्यांकन कोषलाई पुनः वर्गीकरण गरी विकासक्रममा रहेका अमूर्त सम्पत्तिमा सारिएको छ। अर्थात्, विकासक्रममा रहेका सम्पूर्ण अमूर्त सम्पत्तिहरूलाई IFRIC १२ को आधारमा १५% मार्कअप सहित वृद्धि गरिएको छ। त्यसैले, यस्तो पुनर्मूल्यांकनलाई IFRIC १२ अन्तर्गतको मूल्यवृद्धिसँग मिलाएर समायोजन गरिएको छ।

## नाफा नोक्सान हिसाब (वास्तविक) (रु. हजारमा)

| विवरण | आ.व २०८१/८२ |
|---|---|
| सञ्चालन बाट आम्दानी | – |
| आयको लागत | – |
| कूल नाफा | – |
| IFRIC-12 अनुसारको निर्माण आम्दानी | १६,१४,८७४ |
| IFRIC-12 अनुसारको निर्माण खर्च | (१४,०५,२१५) |
| **IFRIC-12 अनुसारको नाफा** | **२,०९,६५८** |
| **खर्च** | |
| प्रशासनिक खर्च | १०,४६३ |
| ह्रास कट्टि | ३,७२५ |
| अधिकार प्राप्त सम्पत्तिमा ह्रास कट्टि | ६८३ |
| प्रोजेक्ट सम्पत्ति परिशोधन | – |
| **जम्मा खर्च** | **१४,८७२** |
| **सञ्चालनबाट नाफा** | **१,९४,७८६** |
| वित्तिय आम्दानी | – |
| वित्तिय लागत | १६४ |
| **कर अधिको नाफा/नोक्सान** | **१,९४,६२२** |
| **आय कर खर्च** | **–** |
| **यस वर्षको आयकर** | **–** |
| **स्थगन कर खर्च/आम्दानी** | **–** |
| **यस वर्षको खुद नाफा** | **१,९४,६२२** |

## नगद प्रवाह विवरण (वास्तविक)

(रु. हजारमा)

| विवरण | आ.व २०८१/८२ |
|---|---|
| **कारोवार सञ्चालनमा नगद प्रवाह** | – |
| कर अधिको नाफा/(नोक्सान) | १,९४,६२२ |
| समायोजन | – |
| ह्रास कट्टी र परिशोधन | ४,४०९ |
| ब्याज खर्च | – |
| **कार्यगत गतिविधि अधिको नगद प्रवाह** | **१,९९,०३१** |
| **कार्यगत पूँजीमा वृद्धि/(कमी)** | |
| अन्य वित्तिय सम्पत्तिमा वृद्धि/(कमी) | ९११ |
| पून: भुक्तानीमा वृद्धि/(कमी) | ६६,४७२ |
| अन्य गैर वित्तिय सम्पत्तिमा वृद्धि/(कमी) | (२,७१,२१८) |

| विवरण | आ.व २०८१/८२ |
|---|---|
| चालु कर सम्पत्तिमा वृद्धि/(कमी) | - |
| अन्य गैर चालु वित्तिय दायित्वमा वृद्धि/(कमी) | - |
| चालु वित्तिय दायित्वमा वृद्धि/(कमी) | १४,४८५ |
| अन्य गैर चालु वित्तिय दायित्वमा वृद्धि/(कमी) | (१,३३५) |
| **कार्यगत पूँजीमा परिवर्तन पछि कारोवार सञ्चालनमा खुद नगद प्रवाह** | **(१,९०,६८४)** |
| **कारोवार सञ्चालनमा खुद नगद प्रवाह (क)** | **८,३४७** |
| **लगानी कारोवारमा नगद प्रवाह** | |
| सम्पत्ति तथा उपकरण खरिद | (३,१९२) |
| सम्पत्ति तथा उपकरण बिक्रि | १,९८६ |
| अधिकार प्राप्त सम्पत्तिमा वृद्धि/(कमी) | (१,३६६) |
| कार्याधिन अर्मुत सम्पत्तिमा वृद्धि/(कमी) | (१६,१४,८७४) |
| **लगानी कारोवारमा खुद नगद प्रवाह (ख)** | **(१६,१७,४४६)** |
| **वित्तीय कारोवारबाट नगद प्रवाह** | |
| शेयर पूँजीमा वृद्धि/(कमी) | ४,४९,५०० |
| दिर्घकालिन ऋणमा वृद्धि/(कमी) | ४,८०,९५६ |
| समकालिन ऋणमा वृद्धि/(कमी) | ६,९४,२५० |
| भाडा दयित्व | ७७१ |
| **लाभांश भुक्तानी** | **-** |
| **वोनश भुक्तानी** | **-** |
| **ब्याज भुक्तानी** | **-** |
| **वित्तीय कारोवारबाट खुद नगद प्रवाह (ग)** | **१६,२५,४७८** |
| **खुद नगद प्रवाह (क+ख+ग)** | **१६,३७९** |
| सुरुको नगद तथा नगद सरह | ४,००४ |
| **नगद तथा बैकमा रहेको अन्तिम मौज्दात** | **२०,३८३** |

## स्वः पूँजीमा भएको परिवर्तनको विवरणः

(रु. हजारमा)

| विवरण | शेयर पूँजी | कल्स इन एडभान्स | एचित मूल्य संचिती | पुनर्मूल्यांकन कोष | संचित मुनाफा | जम्मा |
|---|---|---|---|---|---|---|
| **२०८१ आषाढ मसान्तको ब्यालेन्स** | **७,९०,५००** | **-** | **-** | **-** | **२,१५,५५३** | **१०,०६,०५३** |
| श्रावण १, २०८१ को ब्यालेन्स | ७,९०,५०० | - | - | - | २,१५,५५३ | १०,०६,०५३ |
| शेयर पूँजी जारी | ४,४९,५०० | - | - | - | - | ४,४९,५०० |
| अघिल्लो वर्षको कर | - | - | - | - | - | - |
| अग्रिम शेयर पूँजी | - | - | - | - | - | - |
| यस वर्षको विस्तृत आम्दानि | - | - | - | - | १,९४,६२२ | १,९४,६२२ |
| आन्तरिक लाभांश भुक्तानी | - | - | - | - | - | - |
| **२०८२ आषाढ मसान्तको ब्यालेन्स** | **१२,४०,०००** | **-** | **-** | **-** | **४,१०,१७५** | **१६,५०,१७५** |

**नेपाल वित्तीय प्रतिवेदन मापदण्ड IFRIC १२ बाट वित्तीय विवरणको जगेडा कोषमा परेको प्रभाव**

| विवरण | वास्तविक | | | अपरिष्कृत आ.व. २०८२/०८३ आश्विन मसान्तसम्म | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ |
| खूद सम्पत्ति नेटवर्थ (रु हजारमा) | ६१९,७७१ | १,००६,०५३ | १,६५०,१७५ | १,७०५,३५० | २,३५३,९६३ | २,५०९,९६० | २,७०७,११९ |
| शेयर संख्या (हजारमा) | ६,१८७ | ७,९०५ | १२,४०० | १२,४०० | १५,५०० | १५,५०० | १५,५०० |
| प्रति शेयर नेटवर्थ (रु.) | १००.१७ | १२७.२७ | १३३.०८ | १३७.५३ | १५१.८७ | १६१.९३ | १७४.६५ |
| प्रति शेयर आम्दानी | | १६.७७ | १५.७० | ४.४५ | २५.७३ | १०.०६ | १२.७२ |
| Real Net Worth(In NPR)- removing IFRIC 12 effect | ६१९,७७१ | ७५९,०८१ | १,१९३,५४५ | १,१९२,४४३ | १,६२०,४७० | १,७७६,४६७ | १,९७३,६२५ |
| Real Net Worth per Share(In NPR)- removing IFRIC 12 effect | | ९६.०३ | ९६.२५ | ९६.१६ | १०४.५५ | ११४.६१ | १२७.३३ |

**नोटः**

१) कम्पनीले नेपालमा सार्वजनिक कम्पनीहरूका लागि अनिवार्य रूपमा लागु हुने प्रावधान अनुसार आर्थिक वर्ष २०८०/८१ देखि नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (NFRS) को पालना गर्न थालेको छ। यस संक्रमण (Transition) को एक भागको रूपमा, आर्थिक वर्ष २०७९/८० का वित्तीय विवरणका प्रारम्भिक शेषहरूलाई लँव्ह अनुसार पुनःव्यवस्थित गरिएको छ र हालको वित्तीय विवरणमा सोही अनुसार प्रस्तुत गरिएको छ।

२) IFRIC १२ - सेवा सञ्जाल व्यवस्था (Service Concession Arrangements) को अपनत्व अनुसार, कम्पनीले सञ्जाल मोडल अन्तर्गत विकास गरिएको परियोजनाको निर्माणसम्बन्धी आम्दानी (Construction Revenue) लाई वित्तीय विवरणमा समावेश गरेको छ। सो आम्दानीको प्रभाव रिजर्भ तथा अधिशेष (Reserve and Surplus) मा समेत परिलक्षित गरिएको छ।

३) कम्पनीले IFRIC १२ अन्तर्गत अवलम्बन गरेको लेखा नीतिअनुसार, निर्माण आम्दानी वास्तविक लागतमा करिब १५% को मार्जिन (Markup) थप गरेर रेकर्ड गरिएको छ। यस्तो मार्जिनले यस्ता सञ्जाल व्यवस्थामा प्रचलित निष्पक्ष मूल्य प्रतिबिम्बित गर्ने सामान्य अभ्यासको प्रतिनिधित्व गर्दछ।

४) IFRIC १२ को कार्यान्वयनले प्रति शेयर आम्दानी (EPS) मा समेत प्रभाव पारेको छ, जुन निर्माण अवधिमा अमूर्त आम्दानीको पहिचानका कारण वृद्धि भएको देखिन्छ। यद्यपि सो आम्दानी प्रत्यक्ष नगद प्रवाहसँग सम्बन्धित नभए तापनि, लेखांकन लाभमा योगदान गर्ने भएकाले भ्एक मा प्रभाव परेको छ।

**ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधि भरको लेखापरीक्षण भएको वित्तीय विवरण :** यस कम्पनीको विगत तनि आ.व. को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा नोक्सान बाँडफाँट हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**वासलात वास्तविक**

**(रु. हजारमा)**

| विवरण | आ.व २०७९/८० | आ.व २०८०/८१ | आ.व २०८१/८२ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति, प्लान्ट तथा मेसिनरी | २९,३८६ | २९,१८७ | २६,६६८ |
| निर्माणधिन अर्मुत सम्पत्ति | ८,४४,५११ | १९,८९,३४० | ३६,०४,२१४ |
| अधिकार प्राप्त सम्पत्ति | – | – | ६८३ |
| **चालु सम्पत्ति** | | | |
| **वित्तिय सम्पत्ति** | | | |

| विवरण | आ.व २०७९/८० | आ.व २०८०/८१ | आ.व २०८१/८२ |
|---|---|---|---|
| नगद तथा नगद सरह | ५९५ | ४,००४ | २०,३८३ |
| अन्य चालु सम्पत्ति | १,३०३ | ३६,९३८ | ३६,०२६ |
| **गैर वित्तिय सम्पत्ति** | | | |
| पूर्व भुक्तानी | २,७०,९५५ | ३,४६,९९२ | २,८०,५२० |
| अन्य चालु सम्पत्ति | १६,०५२ | ८८,५१८ | ३,५९,७३६ |
| चालु कर सम्पत्ति | – | – | – |
| **जम्मा सम्पत्ति** | **११,६२,८०२** | **२४,९४,९८०** | **४,३२८,२३०** |
| **इक्युटी तथा दायित्व** | | | |
| **इक्युटी** | | | |
| शेयर पूँजी | ६,१८,७४६ | ७,९०,५०० | १२,४०,००० |
| अग्रीम शेयर पूजी | ३१,१२३ | – | – |
| सञ्चित नाफा तथा नोक्सान | ८२,९६१ | २,१५,५५३ | ४,१०,१७५ |
| **गैर चालु दायित्व** | | | |
| **वित्तिय दायित्व** | | | |
| दिर्घकालिन सापटि | १,२७,५५२ | ११,८१,९०९ | १६,६२,८६५ |
| **भाडा दयित्व** | – | – | ७७१ |
| **चालु दायित्व** | | | |
| **वित्तिय दायित्व** | | | |
| अल्पकालिन सापटि | २,७१,००० | २,२२,१९९ | ९,१६,४५० |
| अन्य दायित्व | २७,०९४ | ८२,७९८ | ९७,२८४ |
| गैर वित्तिय दायित्व | ४,३२६ | २,०२० | ६८५ |
| **जम्मा पूँजी तथा दायित्व** | **११,६२,८०२** | **२,४९,४९८०** | **४३,२८,२३०** |

**नाफा नोक्सान हिसाब (वास्तविक)**

**(रु. हजारमा)**

| विवरण | आ.व २०७९/८० | आ.व २०८०/८१ | आ.व २०८१/८२ |
|---|---|---|---|
| सञ्चालन बाट आम्दानी | – | – | – |
| आयको लागत | – | – | – |
| कूल नाफा | – | – | – |
| IFRIC-12 अनुसारको निर्माण आम्दानी | ३,८९,१०४ | १,१४,४२,८२९ | १६,१४,८७४ |
| IFRIC-12 अनुसारको निर्माण खर्च | (३,३८,५८६) | (९,९६,१९६) | (१४,०५,२१५) |
| **IFRIC-12 अनुसारको नाफा** | **५०,५१७** | **१,४८,६३३** | **२०९,६५८** |
| **खर्च** | | | |
| प्रशासनिक खर्च | ७,००२ | ११,६६७ | १०,४६३ |
| ह्रास कट्टि | १,२०९ | ४,३७३ | ३,७२५ |
| अधिकार प्राप्त सम्पत्तिमा ह्रास कट्टी | – | – | ६८३ |
| प्रोजेक्ट सम्पत्ति परिशोधन | – | – | |
| **जम्मा खर्च** | **८,२१०** | **१६,०४०** | **१४,८७२** |

| विवरण | आ.व २०७९/८० | आ.व २०८०/८१ | आ.व २०८१/८२ |
|---|---|---|---|
| **सञ्चालनबाट नाफा** | **४२,३०७** | **१,३२,५९३** | **१,९४,७८६** |
| वित्तिय आम्दानी | – | – | – |
| वित्तिय लागत | – | – | १६४ |
| **कर अघिको नाफा/नोक्सान** | **४२,३०७** | **१,३२,५९३** | **१,९४,६२२** |
| **आय कर खर्च** | **–** | **–** | **–** |
| **यस वर्षको आयकर** | **–** | **–** | **–** |
| **स्थगन कर खर्च/आम्दानी** | **–** | **–** | **–** |
| **यस वर्षको खुद नाफा** | **४२,३०७** | **१,३२,५९३** | **१,९४,६२२** |

**नोट :** कम्पनीले IFRIC १२ - सेवा सञ्जाल व्यवस्था (Service Concession Arrangements) लागू गरेको छ, र सो अनुसार निर्माण आम्दानी केही वृद्धि दर (Escalation Factor) सहितको मार्कअप (Markup) को साथमा मान्यता गरिएको छ । यसका कारण निर्माण अवधिमा प्रति शेयर आम्दानी (EPS) उल्लेखनीय रूपमा वृद्धि भएको छ, जुन मुख्यतः व्यवस्थापनद्वारा अपनाइएको करिब १५% को मार्कअपका कारण हो ।

यद्यपि, यस्तो उच्च EPS निर्माण चरणसम्म सीमित हुने अपेक्षा गरिएको छ र निर्माणपछिको अवधिमा सामान्य अवस्थामा फर्किनेछ। त्यस्तै, IFRIC १२ अन्तर्गत निर्माण आम्दानीको पहिचानका कारण, निर्माण अवधिमा प्रति शेयर खुद सम्पत्ति (Net Worth per Share) समेत रू. १०० भन्दा बढी पुगेको छ ।

**नगद प्रवाह विवरण (वास्तविक)**

(रु. हजारमा)

| विवरण | आ.व २०७९/८० | आ.व २०८०/८१ | आ.व २०८१/८२ |
|---|---|---|---|
| **कारोवार सञ्चालनमा नगद प्रवाह** | | – | – |
| कर अघिको नाफा/(नोक्सान) | ४२,३०७ | १,३२,५९३ | १,९४,६२२ |
| समायोजन | – | – | |
| ह्रास कट्टी र परिशोधन | १,२०९ | ४,३७३ | ४,४०९ |
| ब्याज खर्च | – | – | |
| प्रारम्भिक अवधिको खर्च | – | – | |
| **कार्यगत पूँजी परिवर्तन अघिको सञ्चालनमा नाफा** | **४३,५१५** | **१,३६,९६५** | **१,९९,०३१** |
| **कार्यगत पूँजीमा परिवर्तन** | | | |
| अन्य वित्तिय चालु सम्पत्तिमा वृद्धि/(कमी) | (१,३०३) | (३५,६३५) | ९१२ |
| चालु सम्पत्तिमा वृद्धि/(कमी) | – | – | |
| पूर्वः भुक्तानीमा वृद्धि/(कमी) | (२,७०,९५५) | (७६,०३८) | ६६,४७२ |
| अन्य गैर वित्तिय चालु सम्पत्तिमा वृद्धि/(कमी) | १,६१,१७१ | (७२,४६६) | (२,७१,२१८) |
| चालु कर सम्पत्तिमा वृद्धि/(कमी) | – | – | |
| अन्य गैर चालु वित्तिय दायित्वमा वृद्धि/(कमी) | (७३,८७७) | ५५,७०४ | १४,४८५ |
| अन्य चालु वित्तिय दायित्वमा वृद्धि/(कमी) | – | – | – |
| चालु दायित्वमा वृद्धि/(कमी) | – | – | |
| अन्य गैर चालु वित्तिय दायित्वमा वृद्धि/(कमी) | (३९८) | (२,३०५) | (१,३३५) |
| **कार्यगत पूँजीमा परिवर्तन पछि कारोवार सञ्चालनमा खुद नगद प्रवाह** | **(१,८५,३६१)** | **(१,३०,७४०)** | **१,९०,६८४** |
| **कारोवार सञ्चालनमा खुद नगद प्रवाह (क)** | **(१,४१,८४५)** | **६,२२५** | **८,३४७** |

| | | | |
|---|---|---|---|
| **लगानी कारोवारमा नगद प्रवाह** | | | |
| सम्पत्ति तथा उपकरण खरिद | (१३,९३८) | (४,१७४) | ३,१९२ |
| सम्पत्ति तथा उपकरण बिक्रि | – | – | १,९८६ |
| अधिकार प्राप्त सम्पत्तिमा वृद्धि/(कमी) | – | – | (१,३६६) |
| कार्यधिन अर्मुत सम्पत्तिमा वृद्धि/(कमी) | (३,८९,१०४) | (११,४४,८२९) | (१६,१४,८७४) |
| प्रारम्भिक खर्च | – | – | – |
| **लगानी कारोवारमा खुद नगद प्रवाह (ख)** | **(४,०३,०४२)** | **(११,४९,००३)** | **(१६,१७,४४६)** |
| **वित्तीय कारोवारबाट नगद प्रवाह** | | | |
| शेयर पूँजीमा वृद्धि/(कमी) | १,४६,५११ | १,४०,६३१ | ४,४९,५०० |
| दिर्घकालिन ऋणमा वृद्धि/(कमी) | १,२७,५५२ | १०,५४,३५७ | ४,८०,९५५ |
| अल्पकालिन ऋणमा वृद्धि/(कमी) | २,७१,००० | (४८,८०१) | ६,९४,२५१ |
| भाडा दायित्व | – | – | ७७१ |
| **लाभांश भुक्तानी** | **–** | **–** | |
| **वोनश भुक्तानी** | **–** | **–** | |
| **ब्याज भुक्तानी** | **–** | **–** | |
| **वित्तीय कारोवारबाट खुद नगद प्रवाह (ग)** | **५,४५,०६३** | **११,४६,१८७** | **१६,२५,४७८** |
| **खुद नगद प्रवाह (क+ख+ग)** | **१७६** | **३,४१०** | **१६,३७९** |
| सुरुको नगद तथा नगद सरह | ४१८ | ५९५ | ४,००४ |
| **नगद तथा बैकमा रहेको अन्तिम मौज्दात** | **५९५** | **४,००४** | **२०,३८३** |

**स्वः पूँजीमा भएको परिवर्तनको विवरणः**

| विवरण | शेयर पूँजी | कल्स इन एडभान्स | उचित मूल्य संचिती | पुनर्मूल्यांकन कोष | संचित मुनाफा | जम्मा |
|---|---|---|---|---|---|---|
| **श्रावण १, २०७९ को ब्यालेन्स** | **३०,०००** | **४,७३,३५८** | **–** | **–** | **४०,६५४** | **५,४४,०१२** |
| शेयर पूँजी जारी | ५,८८,७४६ | – | – | – | – | ५,८८,७४६ |
| अघिल्लो वर्षको कर | – | (४,४२,२३५) | – | – | – | (४,४२,२३५) |
| अग्रिम शेयर पूँजी | ६८,५३० | (३३,००७) | – | – | | ३५,५२३ |
| यस वर्षको विस्तृत आम्दानि | – | – | – | – | ४२,३०७ | ४२,३०७ |
| **आषाढ ३१, २०८० को ब्यालेन्स** | **६,१८,७४६** | **३१,१२३** | **–** | **–** | **८२,९६१** | **७,३२,८३०** |
| **श्रावण १, २०८० को ब्यालेन्स** | **६,१८,७४६** | **३१,१२३** | **–** | **–** | **८२,९६१** | **७,३२,८३०** |
| शेयर पूँजी जारी | १,७१,७५४ | – | – | – | – | १,७१,७५४ |
| अघिल्लो वर्षको कर | – | – | – | – | – | – |
| अग्रिम शेयर पूँजी | – | (३१,१२३) | – | – | – | (३१,१२३) |
| यस वर्षको विस्तृत आम्दानि | – | – | – | – | १,३२,५९३ | १,३२,५९३ |
| आन्तरिक लाभांश भुत्तानि | – | – | – | – | – | – |
| **२०८१ आषाढ मसान्तको ब्यालेन्स** | **७,९०,५००** | **–** | **–** | **–** | **२,१५,५५३** | **१०,०६,०५३** |
| **श्रावण १, २०८१ को ब्यालेन्स** | **७,९०,५००** | **–** | **–** | **–** | **२,१५,५५३** | **१०,०६,०५३** |
| शेयर पूँजी जारी | ४,४९,५०० | – | – | – | – | ४,४९,५०० |
| अघिल्लो वर्षको कर | – | – | – | – | – | – |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अग्रिम शेयर पूँजी | – | – | – | – | – | – |
| यस वर्षको विस्तृत आम्दानि | – | – | – | – | १,९४,६२२ | १,९४,६२२ |
| आन्तरिक लाभांश भुक्तानी | – | – | – | – | – | – |
| **२०८२ आषाढ मसान्तको ब्यालेन्स** | **१२,४०,०००** | **–** | **–** | **–** | **४,१०,१७५** | **१६,५०,१७५** |

ग) **आर्थिक वर्ष समाप्त भएको ३ महिना पश्चात् विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :** २०८२/८३ आश्विन मसान्तसम्मको आन्तरिक लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण देहाएबमोजिम रहेको छ ।

**वासलात**

**आ.व. २०८२/०८३ आश्विन मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण**

(रु. हजारमा)

| विवरण | आ.व २०८२/८३ |
|---|---|
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति, प्लान्ट तथा मेसिनरी | २८,५६४ |
| निर्माणधिन सम्पत्ति | ४०,३७,६७१ |
| अधिकार प्राप्त सम्पत्ति | ५१२ |
| अन्य वित्तिय सम्पत्ति | – |
| अमूर्त सम्पत्ति | – |
| **चालु सम्पत्ति** | |
| नगद तथा नगद सरह | ४,२४२ |
| अन्य चालु सम्पत्ति | ३६,१८५ |
| अन्य वित्तिय सम्पत्ति/ ब्यापार तथा अन्य प्राप्ति | २,१२,४०७ |
| स्थगन कर सम्पत्ति | – |
| चालु सम्पत्ति | ३,८०,७३७ |
| **जम्मा सम्पत्ति** | **४७,००,३१९** |
| **इक्युटी तथा दायित्व** | |
| **इक्युटी** | |
| शेयर पूँजी | १२,४०,००० |
| अग्रीम शेयर पूजी | ४,६५,३५० |
| संचिती नाफा तथा नोक्सान | – |
| **जम्मा पूँजी** | **१७,०५,३५०** |
| **गैर चालु दायित्व** | |
| दिर्घकालिन ऋण | २०,७८,५२१ |
| भाडा दायित्व | ७९८ |
| **चालु दायित्व** | |
| अल्पकालिन ऋण | ८,०२,९३२ |
| चालु दायित्व | १,०८,०६२ |
| अन्य वित्तिय दायित्व | ४,६५७ |
| **जम्मा पूँजी तथा दायित्व** | **४७,००,३१९** |

**नोट :** अन्य गैर-वित्तीय चालु सम्पत्तिहरूमा सिभिल ठेकेदार बैभव एडविन जेभीलाई गरिएको पूर्वभुक्तानी, ट्रान्समिसन लाइन कन्ट्र्याक्टर बैभव एडविन जेभीलाई दिइएको अग्रिम, र अन्य गैर-वित्तीय चालु सम्पत्तिमा देखाइएका अन्य अग्रिमहरू समावेश छन्।

**आयोजनाको व्याज पूँजीकरण सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।**

| आर्थिक वर्षहरु | रकम (रु.) |
|---|---|
| २०७८/७९ | २,३०,२५,००० |
| २०७९/८० | १,६१,७५,८५९ |
| २०८०/८१ | ११,८१,०१,३६४ |
| २०८१/८२ | १९,२९,६९,११२ |
| **जम्मा** | **३५,०२,७१,३३५** |

**नाफा नोक्सान हिसाब**
**आ.व. २०८२/०८३ आश्विन मसान्त अपरिष्कृत**

(रु. हजारमा)

| विवरण | आ.व २०८२/८३ |
|---|---|
| विद्युत बिक्रीबाट आम्दानी | - |
| दीर्घकालीन सम्झौताबाट प्राप्त हुने राजस्व | - |
| अन्य आम्दानी | - |
| **जम्मा आम्दानी** | - |
| IFRIC-12 अनुसारको निर्माण आम्दानी | ४३३,४५७ |
| IFRIC-12 अनुसारको निर्माण खर्च | (३७७,१८२) |
| **IFRIC-12 अनुसारको नाफा** | **५६,२७५** |
| **घटाउ :** | |
| दीर्घकालीन सम्झौताको खर्च | - |
| रोयल्टी खर्च | - |
| निष्काशन खर्च | - |
| ह्रासकट्टी तथा परिशोधन | ९०४ |
| अधिकार प्राप्त सम्पत्तिमा ह्रासकट्टी | १७१ |
| जम्मा खर्च | १,०७५ - |
| **सञ्चालन नाफा/(नोक्सान)** | **५५,२००** |
| वित्तिय आम्दानी | - |
| वित्तिय खर्च | २६ |
| **बोनस तथा कर अधिको नाफा/(नोक्सान)** | **५५,१७४** |
| **घटाउ :** | - |
| कर्मचारी बोनस | - |
| **कर अधिको नाफा/(नोक्सान)** | |
| चालु कर | - |
| स्थगन कर | |
| **खुद नाफा/(नोक्सान)** | **५५,१७४** |

**नगद प्रवाह**

**आ.व. २०८२/०८३ आश्विन मसान्त अपरिष्कृत**

(रु. हजारमा)

| विवरण | आ.व २०८२/८३ |
|---|---|
| **कारोवार सञ्चालनमा नगद प्रवाह** | |
| कर पछिको नाफा (नोक्सान) | ५५,१७४ |
| समायोजनः | |
| जोडः ह्रास कट्टी | १,०७४ |
| अर्मुत सम्पत्तिमा परिशोधन | – |
| अवधि ऋणमा ब्याज | – |
| स्थगन कर | – |
| त्रुटिहरुको अघिल्लो अवधि | – |
| गैर मौद्रिक वस्तुमा विनिमय लाभ | – |
| **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | **५६,२४९** |
| वित्तीय चालु सम्पत्तिमा वृद्धि/(कमी) | (१५९) |
| अग्रिम भुक्तानीमा वृद्धि/(कमी) | ६८,११३ |
| अन्य वित्तीय चालु सम्पत्तिमा वृद्धि/(कमी) | (२१,००१) |
| चालु कर सम्पत्तीमा वृद्धि/(कमी) | – |
| अन्य वित्तीय चालु दायित्वमा वृद्धि/(कमी) | १०,७७८ |
| अन्य वित्तीय गैर चालु दायित्वमा वृद्धि/(कमी) | ३,९७२ |
| **कार्यगत पूजिमा परिवर्तन अघिको खुद नगद प्रवाह** | **६१,७०२** |
| **कारोवार सञ्चालनमा खुद नगद प्रवाह (क)** | **१,१७,९५१** |
| **लगानी कारोवारमा नगद प्रवाह** | – |
| सम्पत्ति तथा उपकरण खरिद | (२,८००) |
| सम्पत्ति तथा उपकरण बिक्री | – |
| अधिकार प्राप्त सम्पत्तिमा वृद्धि/(कमी) | – |
| निर्माणधिन सम्पत्ति वृद्धि/(कमी) | (४,३३,४५७) |
| **लगानी कारोवारमा खुद नगद प्रवाह (ख)** | **(४,३६,२५७)** |
| **वित्तीय कारोवारबाट नगद प्रवाह** | – |
| शेयर पूँजीमा वृद्धि/(कमी) | – |
| लामो अवधि ऋण तथा सापटी मा वृद्धि/(कमी) | ४,१५,६५६ |
| छोटो अवधि ऋण तथा सापटी मा वृद्धि/(कमी) | (१,१३,५१८) |
| भाडा दायित्व | २६ |
| लाभांस भुक्तानी | – |
| ब्याज भुक्तानी | – |
| **वित्तीय कारोवारबाट खुद नगद प्रवाह (ग)** | **३,०२,१६४** |
| **खुद नगद प्रवाह (क+ख+ग)** | **(१६,१४१)** |
| **सुरुको नगद तथा नगद सरह** | **२०,३८३** |
| **नगद तथा बैकमा रहेको अन्तिम मौज्दात** | **४,२४२** |

(घ) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात् संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा सञ्चालकहरुको धारणा :** सो नभएको ।

(च) **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको ।

(छ) **विगत ५ वर्षमा सम्पत्तिको पुर्नमूल्याङ्कन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुर्नमूल्याङ्कन अघि र पछिको किताबी मूल्य (ई) पुर्नमूल्याङ्कनको औचित्य :** जग्गाको पुनर्मूल्यांकनका लागि सिर्जना गरिएको पुनर्मूल्यांकन कोषलाई पुनः वर्गीकरण गरी विकासक्रममा रहेका अमूर्त सम्पत्तिमा सारिएको छ । अर्थात्, विकासक्रममा रहेका सम्पूर्ण अमूर्त सम्पत्तिहरूलाई IFRIC १२ को आधारमा १५% मार्कअप सहित वृद्धि गरिएको छ । त्यसैले, यस्तो पुनर्मूल्यांकनलाई IFRIC १२ अन्तर्गतको मूल्यवृद्धिसँग मिलाएर समायोजन गरिएको छ ।

(ज) **आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु : कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :**

**वासलात प्रक्षेपित**

(रु. हजारमा)

| विवरण | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ |
|---|---|---|---|
| **सम्पत्ति** | - | - | - |
| **गैर चालु सम्पत्ति** | - | - | - |
| सम्पत्ति, प्लान्ट तथा मेसिनरी | २२,३२६ | १८,७६७ | १५,८३७ |
| अधिकार प्राप्त सम्पत्ति | ५१२ | ५१२ | ५१२ |
| अन्य वित्तिय सम्पत्ति | - | - | - |
| अमुर्त सम्पत्ती | ५६,३१,७८३ | ५४,२१,९०३ | ५२,१२,०२३ |
| **जम्मा गैर चालु सम्पत्ति** | **५६,५४,६२१** | **५४,४१,१८२** | **५२,२८,३७३** |
| **चालु सम्पत्ति** | | | |
| **वित्तिय सम्पत्ति** | | | |
| नगद तथा नगद सरह | ४,०५,१५९ | ७,१०,९१६ | ९,२७,३३० |
| व्यापार र अन्यबाट प्राप्य | १,७२,९२० | १,७५,५७४ | १,८०,६८८ |
| अन्य चालु सम्पत्ति | ३२,४२३ | २५,९३९ | २३,३४५ |
| **जम्मा सम्पत्ति** | **६२,६५,१२३** | **६३,५३,६१०** | **६३,६९,७३५** |
| **इक्युटी तथा दायित्व** | - | - | - |
| **इक्युटी** | - | - | - |
| शेयर पूँजी | १५,५०,००० | १५,५०,००० | १५,५०,००० |
| शेयर आवेदन शुल्क/कल्स ईन एडभान्स | - | - | - |
| जगेडा कोष र अधिशेष | ८,०३,९६३ | ९,५९,९६० | १,१५७,११९ |
| **जम्मा इक्युटी** | **२३,५३,९६३** | **२५,०९,९६०** | **२७,०७,११९** |
| **गैर चालु दायित्व** | - | - | - |
| सुरक्षित ऋण | ३७,२१,००७ | ३५,५०,२५७ | ३३,६०,८६० |
| भाडा दायित्व | ७९८ | ७९८ | ७९८ |
| **जम्मा गैर चालु दायित्व** | **३७,२१,८०५** | **३५,५१,०५५** | **३३,६१,६५८** |

| विवरण | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ |
|---|---|---|---|
| **चालु दायित्व** | **-** | **-** | **-** |
| **वित्तिय दायित्व** | **-** | **-** | **-** |
| छोटो अवधिको ऋण | १,०१,४९२ | २,१३,६५७ | २,१९,९७६ |
| अन्य वित्तिय दायित्व | ८७,५५५ | ७८,८०० | ७०,९२० |
| अन्य वित्तिय दायित्व | ३०८ | १३९ | ६२ |
| **जम्मा चालु दायित्व** | **१,८९,३५५** | **२,९२,५९५** | **२,९०,९५८** |
| **जम्मा इक्युटी तथा दायित्व** | **६२,६५,१२३** | **६३,५३,६१०** | **६३,६९,७३५** |

## नाफा नोक्सान हिसाब प्रक्षेपित

(रु. हजारमा)

| विवरण | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ |
|---|---|---|---|
| विद्युत बिक्रीबाट आम्दानी | ४,०५,९६७ | ८,५४,६२७ | ८,७९,९०२ |
| दीर्घकालीन सम्झौताबाट प्राप्त हुने राजस्व | २१,३२,५०९ | - | - |
| अन्य आम्दानी | - | - | - |
| **जम्मा आम्दानी** | **२५,३८,४७७** | **८,५४,६२७** | **८,७९,९०२** |
| **घटाउ :** | - | - | - |
| दीर्घकालीन सम्झौताको खर्च (IFRIC-12) | १८,५५,६४७ | - | - |
| रोयल्टी खर्च | १०,७१९ | १९,६९३ | २०,१९८ |
| ह्रासकट्टी तथा परिशोधन | १,०९,२८२ | २,१३,४४० | २,१२,८१० |
| पूर्व सञ्चालन, मर्मत तथा प्रशासनिक खर्च | ५७,३३९ | ७८,२५१ | ८०,३१२ |
| **सञ्चालन नाफा/(नोक्सान)** | **५,०५,४९०** | **५,४३,२४४** | **५,६६,५८२** |
| **घटाउ :** | - | - | - |
| ब्याज खर्च | ९८,७२६ | ३,८४,१२८ | ३,६५,४८१ |
| **बोनस तथा कर अघिको नाफा/(नोक्सान)** | **४,०६,७६४** | **१,५९,११७** | **२,०१,१०२** |
| **घटाउ :** | - | - | - |
| कर्मचारी बोनस | ७,९७६ | ३,१२० | ३,९४३ |
| **कर अघिको नाफा/(नोक्सान)** | ३,९८,७८८ | १,५५,९९७ | १,९७,१५९ |
| चालु कर | - | - | - |
| स्थगन कर | - | - | - |
| **खुद नाफा/(नोक्सान)** | **३,९८,७८८** | **१,५५,९९७** | **१,९७,१५९** |

## नगद प्रवाह विवरण प्रक्षेपित

(रु. हजारमा)

| विवरण | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ |
|---|---|---|---|
| **कारोवार सञ्चालनमा नगद प्रवाह** | | | |
| कर पछिको नाफा (नोक्सान) | ३,९८,७८८ | १,५५,९९७ | १,९७,१५९ |
| **समायोजन** | | | |
| ह्रास कट्टी (जोड) | १,०९,२८२ | २,१३,४३९ | २,१२,८१० |
| अर्मुत सम्पत्तिमा परिशोधन | - | - | - |
| अवधि ऋणमा ब्याज | ९८,७२६ | ३,८४,१२८ | ३,६५,४८१ |

| विवरण | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ |
|---|---|---|---|
| स्थगन कर | – | – | – |
| त्रुटिहरुको अघिल्लो अवधि | – | – | – |
| गैर मौद्रिक वस्तुमा विनिमय लाभ | – | – | – |
| घटः गैर चालु सम्पत्तिको बिक्रिमा नाफा | – | – | – |
| **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | **६,०६,७९६** | **७,५३,५६३** | **७,७५,४४९** |
| **कारोवार सञ्चालनमा खुद नगद प्रवाह** | – | – | – |
| **चालु सम्पत्तिमा वृद्धि/(कमी)** | – | – | – |
| प्राप्तिमा वृद्धि/(कमी) | – | – | – |
| चालु सम्पत्तिमा वृद्धि/(कमी) | ४,७०,९३९ | ३,८३० | (२,५२०) |
| चालु दायित्वमा वृद्धि/(कमी) | (१०,१०५) | (८,९२५) | (७,९५६) |
| **कार्यगत पूजिमा परिवर्तन अघिको खुद नगद प्रवाह** | **४,६०,८३४** | **(५,०९५)** | **(१०,४७६)** |
| **कारोवार सञ्चालनमा खुद नगद प्रवाह (क)** | **१०,६७,६३०** | **७,४८,४६९** | **७,६४,९७३** |
| **लगानी कारोवारमा खुद नगद प्रवाह** | – | – | – |
| लगानीमा वृद्धि | – | – | – |
| कार्यगत पूँजी गतिविधिमा वृद्धि/(कमी) | ३६,०४,२१४ | – | – |
| सम्पत्ति तथा उपकरण खरिद | १७१ | – | – |
| निक्षेपमा वृद्धि/(कमी) | – | – | – |
| अमुर्त सम्पत्तिमा वृद्धि/(कमी) | (५७,३६,७२३) | – | – |
| **लगानी कारोवारमा खुद नगद प्रवाह (ख)** | **(२१,३२,३३९)** | **–** | **–** |
| **वित्तीय कारोवारबाट खुद नगद प्रवाह** | **–** | **–** | **–** |
| शेयर क्यापिटलमा वृद्धि/(कमी) | ३,१०,००० | – | – |
| शेयर आवेदन पैसामा वृद्धि/(कमी) | – | – | – |
| दीर्घकालीन ऋणमा वृद्धि | २०,९८,१३५ | – | – |
| दीर्घकालीन ऋणमा (कमी) | (३९,९९३) | (१,७०,७५०) | (१,८९,३९७) |
| छोटो अवधिको ऋणमा वृद्धि/(कमी) | (८,१४,९५८) | १,१२,१६५ | ६,३१९ |
| असुरक्षित ऋणमा वृद्धि/(कमी) | २७ | – | – |
| नोक्सानीको पुनवर्गीकरण | – | – | – |
| ब्याज भुक्तानी | (९८,७२६) | (३,८४,१२८) | (३,६५,४८१) |
| लाभांश भुक्तानी | – | – | – |
| प्रारम्भिक शेयर निष्काशनको खर्च | (५,०००) | – | – |
| **वित्तीय कारोवारबाट खुद नगद प्रवाह (ग)** | **१४,४९,४८४** | **(४,४२,७१२)** | **(५,४८,५५८)** |
| **खुद नगद प्रवाह (क+ख+ग)** | **३,८४,७७६** | **३,०५,७५६** | **२,१६,४१४** |
| **सुरुको नगद तथा नगद सरह** | **२०,३८३** | **४,०५,१५९** | **७,१०,९१६** |
| **नगद तथा बैकमा रहेको अन्तिम मौज्दात** | **४,०५,१५९** | **७,१०,९१६** | **९,२७,३३०** |

**वित्तीय प्रक्षेपणका आधार तथा तरिका :**

| विवरण | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ |
|---|---|---|---|
| १. कुल आयमा औषत वृद्धिदर | – | ११०.५२% | २.९६% |
| २. कुल खर्चमा औषत वृद्धिदर (ब्याज र ह्रास बाहेक) | – | १४५.९६% | (२.२७%) |
| ३. सञ्चालन खर्च तथा कुल आम्दानी अनुपात | ६९.९७% | ८१.७५% | ७७.५९% |
| ४. खुद मुनाफामा औषत वृद्धिदर | – | (६१%) | २६% |
| ५. आयकर व्यवस्था (प्रतिशतमा) | – | – | – |
| प्रति शेयर आम्दानी | १५.७१ | १८.२५ | २२.४३ |
| Return on Equity | १६.९४% | ६.२२% | ७.२८% |
| Return on Assets | ६.३७% | २.४६% | ३.१०% |

**प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेका छन् :**

- कम्पनीले आ.व २०८१/८२ मा प्रारम्भिक सार्वजनिक निष्काशनको रुपमा रु.३१,००,००,०००।- (३१,००,००० प्रत्येक पूर्ण चुक्ता पूँजी) बराबरको शेयर निष्काशन गर्ने योजना रहेको छ ।
- माथिलो खुदी जलविद्युत आयोजनाको कुल अनुमानित लागत रु.५,३८,०४,११,३१०।- रहेको छ । बैंकसँगको भएको सिण्डिकेट ऋण सम्झौता अनुसार उक्त आयोजना निर्माण सम्पन्न गर्न रु.३,७६,१०,००,०००।- कन्सोर्टियम ऋण स्वीकृत गरिएको छ । तर, कम्पनीले सप्लायर्स र ठेकेदारको बक्यौता रकम आइपिओ जारी गरेर भुक्तानी गर्ने योजना बनाएको छ । आइपिओ तथा बैंक कर्जा जारी भएपछि इक्वीटी शेयर पूँजीको अनुपात (अर्थात ऋण अनुपात) ७०.८२:२९.१८ हुने प्रक्षेपण गरिएको छ ।
- नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद बिक्री सम्झौता अनुसार २६ मेगावाट क्षमताको विद्युतको व्यवसायिक उत्पादन २०८२ माघ ७ गतेदेखि शुरु गर्ने लक्ष्य राखिएकोमा प्राधिकरणले उपलब्ध गराएको आरसीओडी (RCOD) अगावै व्यवसायिक रुपमा सञ्चालन हुने अपेक्षा कम्पनीले गरेको छ । यद्यपि, व्यवस्थापनले आरसीओडी समक्ष राजस्वको हिसाब गरेको छैन किनकि ऊर्जाको बिक्री लिने तथा दिनेको आधारमा हुनेछ र ऊर्जाको बिक्रीको कुनै निश्चितता रहने छैन ।
- परियोजनाको उत्पादन क्षमता ९०% रहेको मान्यतामा आधारित रही वित्तीय विश्लेषण गरिएको छ, जुन Take–or–Pay व्यवस्था अन्तर्गत कुल सम्झौता गरिएका ऊर्जा आपूर्तिको आधारमा आधारित छ। बाँकी १०% ऊर्जा क्षति ट्रान्समिसनको हानि र मेसिनको कार्यक्षमता घटेको आधारमा व्यवस्थापनले अनुमान गरेको हो । हाम्रो समिक्षामा, यो पूर्वानुमान सामान्य सञ्चालन अवस्थामा यथोचित देखिन्छ। तथापि, प्राकृतिक विपद् जस्ता अप्रत्याशित घटनाबाट थप हानिहरू हुन सक्ने सम्भावना रहन्छ, जुन हालको अस्थायी वित्तीय विवरणमा प्रावधान गरिएको छैन ।
- ऊर्जाको बिक्री दर PPA (Power Purchase Agreement) अनुसार Take or Pay आधारमा लिइएको छ ।
- ऊर्जा मात्रा PPA अन्तर्गत दिइएको ऊर्जा तालिका अनुसार लिइएको छ ।
- प्रशासनिक ओभरहेड, कर्मचारी खर्च र अन्य सञ्चालन लागत वार्षिक ३% वृद्धि हुने अनुमान गरिएको छ ।
- प्राधिकरणसँग भएको सम्झौताअनुसार विद्युतको बिक्री दर र विद्युत ऐन, २०४९ बमोजिम रोयल्टी खर्च अनुमान गरिएको छ ।
- परियोजनाको लागत ऊर्जा विकास विभाग, ऊर्जा मन्त्रालय अन्तर्गतबाट जारी गरिएको विद्युत उत्पादन अनुमति पत्र अनुसार परियोजनाको बाँकी आयु अवधिमा खर्च गरिएको छ । परियोजनाको सञ्चालन पश्चात् बाँकी आयु २७ वर्ष ५ महिना रहने मान्यतामा, अमूर्त सम्पत्ति/परियोजना सम्पत्तिहरूलाई वार्षिक ३.६६% दरले खर्च गरिएको छ । अन्य स्थायी सम्पत्तिहरू व्यवस्थापनले निर्धारण गरेको मूल्यह्रास दर अनुसार मूल्यह्रास गरिएको छ ।
- अनुमानित आम्दानी दिने वा लिनेको आधारमा कुल सम्झौता बमोजिमको ऊर्जामा आधारित छ । यद्यपि, कम्पनीले नेपाल विद्युत प्राधिकरण समक्ष अतिरिक्त ऊर्जाको लागि दिने वा लिनेमा सहमति जनाएको छ । हामीले प्रक्षेपणको लागि अतिरिक्त ऊर्जालाई वित्तिय प्रक्षेपणमा समावेश गरेका छैनौं किनकि यस्तो ऊर्जाको बिक्रीको लागि कुनै निश्चितता छैन ।
- ऊर्जा मन्त्रालयले जारी गरेको विद्युत् उत्पादन अनुमतिपत्र अनुसार आयोजनाको बाँकी अवधिभर आयोजना लागत परिशोधन गरिएको छ भने अन्य सम्पत्तिको हकमा मूल्यह्रास खर्च, सम्पत्तिको जीवनको आधारमा मूल्यह्रास हुने गरेको छ ।
- सम्बन्धित बैंकको आधार दरमा परिवर्तन हुँदा उतारचढाव हुन सक्ने अनुमानित वर्षका लागि बैंक ऋणको ब्याज गणना गर्न वार्षिक १०.५ प्रतिशतको ब्याजदरलाई निश्चित दर मानिएको छ ।

- विद्युत् ऐन, २०४८ को व्यवस्थाअनुसार करपूर्वको मुनाफाको २ प्रतिशतका दरले कर्मचारी बोनस वितरण गरिने प्रक्षेपण गरिएको छ ।
- बाँकी अवधिको लागि समान त्रैमासिक किस्ता (ईक्यूआई) को आधारमा बैंक ऋणको भुक्तानी अवधि १२ वर्ष मानिएको छ र यो कम्पनीसँग नगद प्रवाहको उपलब्धताको आधारमा फरक हुन सक्छ ।

## ग.९.ख. वित्तीय अनुपात सम्बन्धी विवरण :

**क) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :** कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | २०८२/८३ आश्विन मसान्त | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ |
| शेयर पुँजी | ६,१८,७४६ | ७,९०,५०० | १२,४०,००० | १२,४०,००० | १५,५०,००० | १५,५०,००० | १५,५०,००० |
| संचित नाफा/नोक्सान | १,०२५ | २,१५,५५३ | ४,१०,१७५ | ४,६५,३५० | ८,०३,९६३ | ९,५९,९६० | ११,५७,११९ |
| खूद सम्पत्ति नेटवर्थ | ६,१९,७७१ | १०,०६,०५३ | १६,५०,१७५ | १७,०५,३५० | २३,५३,९६३ | २५,०९,९६३ | २७,०७,११९ |
| शेयर संख्या | ६,१८७ | ७,९०५ | १२,४०० | १२,४०० | १५,५०० | १५,५०० | १५,५०० |
| प्रति शेयर नेटवर्थ (रु.) | १००.१७ | १२७.२७ | १३३.०८ | १३७.५३ | १५१.८७ | १६१.९३ | १७४.६५ |
| प्रति शेयर आम्दानी | – | १६.७७ | १५.७० | ४.४५ | २५.७३ | १०.०६ | १२.७२ |
| नेटवर्थमा प्रतिफल | – | १३.१८ | ११.७९ | ३.२४ | १६.९४ | ६.२२ | ७.२८ |
| नेटवर्थमा औसत प्रतिफल % | | | ८.३३ | ३.२४ | | | १०.१५ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा :- १२.४१% | | | | | | | |

कम्पनीको प्रक्षेपित वित्तीय विवरण विगत वर्षको कारोबारको आधारमा किरण आचार्य एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेण्ट्स, अनामनगर, काठमाडौं मार्फत तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिकाहरु ठिक छ भनि किरण आचार्य एण्ड एसोसिएट्स मार्फत प्रमाणित गरिएको छ ।

| विवरण | वास्तविक | | | २०८२-८३ आश्विन मसान्त सम्मको | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ |
| नेटवर्थ रु हजारमा | ६,१९,७७१ | १०,०६,०५३ | १६,५०,१७५ | १७,०५,३५० | २३,५३,९६३ | २५,०९,९६० | २७,०७,११९ |
| शेयर संख्या | ६,१८७ | ७,९०५ | १२,४०० | १२,४०० | १५,५०० | १५,५०० | १५,५०० |
| प्रति शेयर नेटवर्थ | १००.१७ | १२७.२७ | १३३.०८ | १३७.५३ | १५१.८७ | १६१.९३ | १७४.६५ |
| IFRIC 12 अनुसारको आम्दानी | – | २,४६,९७३ | ४,५६,६३१ | ५,१२,९०६ | ७,३३,४९३ | ७,३३,४९३ | ७,३३,४९३ |
| IFRIC 12 को असर हटाउँदाको वास्तविक नेटवर्थ | – | ७,५९,०८१ | ११,९३,५४५ | ११,९२,४४३ | १६,२०,४७० | १७,७६,४६७ | १९,७३,६२५ |
| IFRIC 12 को असर हटाउँदाको वास्तविक प्रति शेयर नेटवर्थ | – | ९६.०३ | ९६.२५ | ९६.१६ | १०४.५५ | ११४.६१ | १२७.३३ |
| प्रति शेयर आम्दानी | – | १६.७७ | १५.७० | ४.४५ | २५.७३ | १०.०६ | १२.७२ |
| कुल आम्दानीमा बृद्धिदर | – | – | – | – | – | ११०.५२ | २.९६ |
| कुल खर्चमा बृद्धिदर | – | – | – | – | – | १४५.९६ | (२.२७) |
| खुद नाफामा बृद्धि प्रतिशत | – | – | – | – | – | – | २६% |

**ख) विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल (लेखा परिक्षण भएको) :** ८.३३%

## ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :

## ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजीको २० प्रतिशत शेयर सर्वसाधारणमा सार्वजनिक निष्काशन गरी कम्पनीमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट समेत प्रतिनिधित्व गराउने उद्देश्यले शेयर जारी गर्न लागिएको हो ।

२. संकलित पूँजीलाई परिचालन गर्दै निर्माणाधिन अवस्थामा रहेको माथिल्लो खुदी जलविद्युत आयोजनाको निर्माण गरी जलविद्युत उत्पादन गर्ने उद्देश्यले शेयर जारी गर्न लागिएको हो । यसरी निष्काशित गरिने कुल रु.३१,००,००,०००।- बराबरको रकम ब्रिज ग्याप ऋण भुक्तानी गर्न प्रयोग गरिनेछ ।

## ग.१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पुँजीको उपयोग

**(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण :** व्यवस्थापनले प्रारम्भिक सार्वजनिक निष्कासन मार्फत उठाइएको रकम पारदर्शी र जिम्मेवार ढंगले, सरोकारवालाहरूको हित र कम्पनीको दीर्घकालीन वृद्धिको रणनीतिसँग मेल खाने गरी प्रयोग गर्ने उद्देश्य राखेको छ । यसरी निष्काशित गरिने कुल रु.३१,००,००,०००।- बराबरको रकम ब्रिज ग्याप ऋण भुक्तानी गर्न प्रयोग गरिनेछ ।

**(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था :** हालका दिनमा जलविद्युत कम्पनीहरुले सर्वसाधारणमा शेयर निष्काशन गर्दा विगतको माग भन्दा बढी शेयरको लागि दरखास्त प्राप्त हुने गरेको छ । कथंकदाचित निष्काशन गरिने शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले पूर्ण रुपमा खरिद नगरेमा बाँकी रहने शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने शेयरमा थप गरी निष्कासन गरिनेछ । सर्वसाधारणलाई थप गरी निष्काशन गरे पश्चात् पनि शेयर पूर्ण रुपमा बिक्री नभएमा प्रत्याभुतिकर्ता नागरिक लगानी कोषसँग उक्त धितोपत्र खरिद गर्ने गरी शेयरको प्रत्याभुति गर्न सम्झौता गरीएको छ ।

**(ग) आयोजनाको सञ्चालन स्थान, आयोजना चरणवद्ध रुपका कार्यान्वियन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** यस कम्पनीद्वारा प्रवर्द्धित माथिल्लो खुदी जलविद्युत आयोजनाको आश्विन मसान्त सम्मको कार्य विवरण अनुसार खर्चको विवरण निम्नानुसार रहेको छ ।

(रु. हजारमा)

| क्र.सं. | खर्च शिर्षक | आ.व. २०८२ आश्विन मसान्तसम्मको खर्च विवरण |
|---|---|---|
| १ | Pre Development/ Pre Operating Cost | ८,७२६ |
| २ | Civil Contruction Works | १३,२३,६९८ |
| ३ | Hydro- Mechanical Work | ५,२५,७९२ |
| ४ | Electromechanical Works | ५४,३५० |
| ५ | Access Road and Bridge | ६,९५,०२० |
| ६ | Transmission Line | ६२,५४३ |
| ७ | Environment Impact Mitigation & Social Costs | ६७,५६९ |
| ८ | Engineering, Management And Admin Cost | ३,१५,९४२ |
| ९ | Land and camp facilities | ६४,९३९ |
| १० | IDC and Bank Charge | ४,०६,१८६ |
| | **Total** | **४०,३७,६७१** |
| **Intangible Assets As per IFRIC 12** | | **५,१२,९०६** |
| **Total Expenses with Intangible Assets As per IFRIC 12** | | **४०,३७,६७१** |

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** माथिल्लो खुदी जलविद्युत आयोजनाको ८३.३० प्रतिशत निर्माण कार्य सम्पन्न भइसकेको र मिति २०८२ माघ ०७ गते सम्ममा व्यापारिक उत्पादन शुरु हुने लक्ष्य लिएको छ ।

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बुँदाहरु :** संस्थाले खरिद गरेको उपकरणको मूल्य वा प्रस्तावित मूल्य सप्लायर्सको नाम निम्न बमोजिम रहेको छ :

| क्र.सं. | सप्लायर्सको नाम | उपकरणको नाम | मूल्य (रु.) |
|---|---|---|---|
| १ | M/S Cangzhou Spiral Steel Pipes Group Co. Ltd. , China | MS SSAW penstock Pipes | १९४,४९,६४२.९९ (CNY) |
| २ | M/S TROYER HYDRO Pvt.Ltd., India | Electromechanical Equipments | ३०,६९,०५,७८५.००(INR) |
| ३ | M/S TROYER AG- SpA, Italy | Electromechanical Equipments | € १५,०९,९००.००(Euro) |

**(च) कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगतका वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**

- कम्पनीबाट निर्माण कार्य भइरहेको जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता २६ मे.वा.रहेको ।
- आयोजनाको प्रकृति : जलविद्युत आयोजना ।
- प्रयोगकर्ता : आयोजनाबाट उत्पादित विद्युतशक्ति नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण लाइन मार्फत सर्वसाधारणहरुले प्रयोग गर्ने ।
- प्रतिस्पर्धा : हाल प्रतिस्पर्धा नरहेको ।
- लक्षित समूह : नेपाल विद्युत प्राधिकरण मार्फत सर्वसाधारण जनता तथा उद्योगधन्दाहरु ।
- उत्पादन क्षमता : २६. मे.वा. ।

**ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** लमजुङ्ग जिल्ला, मर्स्याङ्दी गाउँपालिका वडा नं.२ स्थित खुदी खोलाको पानी ।

**झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** लमजुङ्ग जिल्ला, मर्स्याङ्दी गाउँपालिका वडा नं.२ स्थित खुदी खोलाको पानी ।

**ञ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

अ) निष्काशन तथा बिक्री प्रबन्धक– रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र)

आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा)– निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

इ) प्रत्याभूतिकर्ता शुल्क – रु.८,२७,०००।- (कर सहित)

ई) लेखापरिक्षकको शुल्क : मू.अ कर वाहेक रु.२,५०,०००।- (आ.व २०८१/८२)

उ) क्रेडिट रेटिङ्ग शुल्क : मू.अ कर वाहेक रु १,५०,०००।-

## ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्नु पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण :

कम्पनीले सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई निर्माणाधिन अवस्थामा रहेको माथिल्लो खुदी जलविद्युत आयोजनाको निर्माण तथा विकासका लागि प्रयोग गर्ने भएको छ ।

## ग. १०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :

शेयरको मूल्यमा प्रिमियम थप गरिएको छैन ।

## ग. १०.ङ. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरणः

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१. शेयर बाँडफाँट गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँट गरिनेछ ।

२. बुँदा (१) बमोजिम बाँडफाँट गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँट गरिनेछ ।

३. बुँदा (२) बमोजिम शेयर बाँडफाँटको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोही प्रकृया अपनाई बाँडफाँट गरिनेछ ।

४. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम १० कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरिनेछ ।

५. आयोजना प्रभावित क्षेत्र अर्थात् लमजुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिका वडा नं. २ र ३ का स्थानीय बासिन्दाहरुका लागि कुल १५,५०,००० कित्ता शेयरको ४० प्रतिशत अर्थात ६,२०,००० (छ लाख बीस हजार मात्र) कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात लमजुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिका वडा नं. २ र ३ (साविक घनपोखरा गाविसको वडा नं. १, ५, ६, ७ र ८ र साविक खुदी गाविस) का स्थानीय बासिन्दाहरुका लागि र बाँकि ६० प्रतिशत अर्थात ९,३०,००० (नौ लाख तीस हजार मात्र) कित्ता साधारण शेयर लमजुङ जिल्लाको आयोजना प्रभावित क्षेत्र मर्स्याङ्दी गाउँपालिकाको वडा नं. १, ४, ५, ६, ७, ८ र ९ (साविक घनपोखरा गाविसको वडा नं. २, ३, ४ र ९, साविक ताघ्रिङ गाविस, साविक घेर्मु गाविस, साविक बाहुनडाँडा गाविस, साविक भुलभुले गाविस र साविक सिम्पानी गाविस) का स्थानीय बासिन्दाहरुको लागि बाँडफाँट गर्दा प्रभावित वडालाई विभाजन गरिएको ४० प्रतिशत कुनै कारण कम संकलन भएमा सो बाँकि हिस्सा अन्य वडाहरुका स्थानीय बासिन्दाहरुले प्राप्त गर्ने ६० प्रतिशत शेयरमा सुरक्षित गर्ने र दुवै पक्षबाट संकलन हुन नसकेमा मात्र उक्त शेयर सर्वसाधारणमा समायोजन गरी बाँडफाँट गरिनेछ ।

६. शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।

७. शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोलिपल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराईनेछ । साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँट गरी बाँडफाँट हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतिकर्ताहरु बीच भएको प्रत्याभूति सम्बन्धी सम्झौतामा उल्लेख भए अनुसार प्रत्याभूतिकर्ताहरुलाई दामासाहीले बाँडफाँट गरिनेछ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः**

यस निष्काशनमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेकाले शेयर बिक्री बन्द भएको मितिले बोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाई बैंक खातामा रकम फुकुवा गर्ने व्यवस्था गर्ने ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**

यस निष्काशनमा धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले सो व्यवस्था लागू हुने छैन । तर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा आस्वा मार्फत आवेदन फाराम बुझाउने व्यवस्था नरहेको हुँदा निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको रकम फिर्ता भुक्तानी दिन नसकिएमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २९ (३)मा भएको व्यवस्था बमोजिम शेयर बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेको छ ।

**(घ) धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी :**

निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचीकरण भए पश्चात् धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली,

२०६७ को नियम २४(७) बमोजिम आयोजना प्रभावित स्थानीय बासिन्दाहरुको शेयर ३ (तीन) वर्षको Lock in period राखी सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रूपमा शेयर जम्मा गरिनेछ । सर्वसाधारणहरुको लागि निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचीकरण भए पश्चात् धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४ (७) बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रूपमा शेयर जम्मा गरिनेछ ।

**(ङ) धितोपत्र सूचीकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :** सो नभएको ।

**(च) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** निष्काशन गरिने साधारण शेयरको बाँडफाँट पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरिने धितोपत्र तथा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्काशन गरिएको साधारण शेयर सूचीकरण गराई शेयर खरिद/बिक्रीको व्यवस्था मिलाइने छ ।

## ग. १०.च. प्रत्याभूति सम्बन्धी विवरण :

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको १००% ले हुन आउने ३१,००,००० कित्ता साधारण शेयर बराबरको रु.३१,००,००,०००।- (अक्षरेपी एकतीस करोड मात्र) प्रत्याभूति सेवा प्रदान गर्न निम्न प्रत्याभूतिकर्तासँग सम्झौता गरेको छ ।

| सि.नं. | प्रत्याभूतिकर्ताको नाम, ठेगाना | प्रत्याभूत गरिएको शेयर कित्ता | प्रत्याभूत गरिएको रकम (ने.रु.) |
|---|---|---|---|
| १ | श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं । | ३१,००,००० | ३१,००,००,०००।- |

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य - मुख्य बूँदाहरु :**

१. निष्काशन कम्पनीले नेपाल धितोपत्र बोर्डबाट प्रत्याभूति सेवा प्रदान गर्नका लागि ईजाजतपत्र प्राप्त नागरिक लगानी कोषलाई प्रति शेयर अंकित मूल्य रु.१००।- दरले सार्वजनिक निष्काशन गरिने ३१,००,००० थान साधारण शेयरको लागि प्रत्याभूतिकर्ता नियुक्त गरेको र प्रत्याभूतिकर्ता उक्त शेयर प्रत्याभूति गर्न सहमत भएको छ ।

२. प्रत्याभूतिकर्ताले आफू नेपाल धितोपत्र बोर्डबाट सदस्यता प्राप्त धितोपत्र व्यवसायी रहेको र कम्पनीको ३१,००,००० (अक्षरेपी एकतीस लाख) कित्ता शेयर प्रत्याभूति गर्न कानूनी र आर्थिक रुपमा सक्षम आधिकारिक संस्था हो भनी उद्घोषण गरेको छ ।

३. प्रत्याभूतिकर्ताको दायित्व निजले प्रत्याभूति गर्न मन्जुर गरेको रकमको हदसम्म मात्र कायम रहनेछ । निष्काशनकर्ता कम्पनीले निष्काशन गर्ने शेयरहरु पूर्ण रुपमा खरिद भएपछि प्रत्याभूतिकर्ताको दायित्व स्वतः समाप्त हुनेछ ।

४. सम्झौतापत्रको म्याद हस्ताक्षर गरेको मिति २०८२/०८/०१ गतेबाट चार (४) महिनासम्म हुने र कुनै कारणबाट सो अवधिभित्र शेयर निष्काशन हुन नसकेमा यो सम्झौता अन्त्य हुनेछ र नयाँ सम्झौता गर्नुपर्नेछ ।

५. दैवी, प्राकृतिक प्रकोप परेमा, निष्काशनकर्ता कम्पनीलाई नियामक निकायले नियन्त्रणमा लिएमा, तत्कालै सुधारको निमित्त कारबाही प्रारम्भ गर्ने निर्देशन दिएमा, दामासाहीमा जाने निर्णय गरेमा, टाट पल्टेमा, इजाजतपत्र निलम्बन वा खारेज भएमा, कुनै पनि अनियमितताको अनुसन्धान भएमा, प्रस्तावित मूल्य बजार मूल्य भन्दा बढी भएमा जस्ता कुनै असाधारण अवस्था उत्पन्न भई पक्षहरुको काबु बाहिरको परिस्थिति उत्पन्न भएमा तथा निष्काशन कम्पनीले नेपाल धितोपत्र बोर्डमा पेश गरेको विवरणपत्रमा उल्लेखित विवरणहरु त्रुटिपूर्ण वा पर्याप्त नभएको वा कुनै विवरण पेश नगरेको कारण धितोपत्रको स्वीकृति पूर्व वा पश्चात् निष्काशन कार्य प्रभावित भई प्रत्याभूति गर्नुपर्ने अवस्था आएमा प्रत्याभूतिकर्ताले सो कुरा निष्काशन कम्पनीलाई जानकारी गराउनेछ र सो जानकारी पाएको मितिले एक महिना भित्र निष्काशन कम्पनीले सो परिस्थितिहरुबाट सामान्य अवस्थामा ल्याउनुपर्नेछ, ल्याउन नसकेमा प्रत्याभूतिकर्ताले सात दिनको सूचना दिएर यो सम्झौता अन्त्य गर्न सक्नेछ ।

६. निष्काशन कम्पनीले निष्काशन गर्न लागेको शेयरको निष्काशन तथा बिक्री खुल्ला हुनु अगावै कुनै प्रकारको निष्काशनलाई प्रभावित हुने प्रकृतिको जस्तै : कुनै गम्भिर कानुनी कारवाही परेमा, सञ्चालक समितिमा सारभूत परिवर्तन भएमा, प्रमुख व्यवस्थापकहरु परिवर्तन (आन्तरिक सरुवा बाहेक) भएमा, अप्रत्याशित रुपमा ठुलो दायित्व श्रृजना भएमा वा कम्पनीले

अप्रत्याशित रुपमा ठुलो नोक्सानी व्यहोर्नुपर्ने भएमा सो कुराको जानकारी सार्वजनिक रुपमा आउनु अगावै लिखित रुपमा प्रत्याभूतिकर्तालाई गराउनु पर्नेछ । सो जानकारी प्राप्त भएपछि प्रत्याभूतिकर्ताले त्यसबाट पर्न जाने जोखिमको पूनर्मूल्याङ्कन गरी सम्झौतापत्र प्रत्याभूतिकर्ताले निष्काशनकर्ता कम्पनीलाई अनुरोध गर्न सक्नेछ र आपसी सहमतिमा यो संझौता संशोधन गर्न सकिनेछ ।

७. दुवै पक्षको आपसी सहमतिमा यस सम्झौता पत्रका शर्तहरु परिवर्तन गर्न, परिमार्जन गर्न वा संशोधन गर्न सकिनेछ र त्यस्ता परिवर्तनहरु यो सम्झौता पत्रको अभिन्न अङ्ग मानिनेछ ।

## ग. १०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्थाहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं जिल्ला, डिल्लीबजार, काठमाडौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्त फारामसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००।–का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १,००,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछन् ।

**ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**स्थानीय बासिन्दाहरुको हकमा :**

लमजुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिका स्थित माथिल्लो खुदी जलविद्युत आयोजनाका प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् :

१. आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानीय निकायबाट जारी कागजात सहित दरखास्त फाराम बुझाउनु पर्नेछ ।

२. १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फाराम बुझाउँदा पेश गर्नुपर्नेछ ।

३. १६ वर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ। साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

४. विवाह भै आएका महिलाका हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ ।

५. बँसाईंसराई गरि आएको हकमा आव्हानपत्र प्रकाशित हुनु भन्दा अघिल्लो दिनसम्म बँसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

६. माथि उल्लेखित हुन छुटेका वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित कार्यालयको सर्वदलिय संयन्त्रको निर्णय वा गाँउपालीकाको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

७. १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी लमजुङ्ग जिल्ला छोडि अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

९. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ ।

१०. आवेदन फाराम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्नेछ ।

११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन पेश गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

१२. आयोजना प्रभावित क्षेत्रका बासिन्दाबाट आवेदन माग गर्दा बसाईसराई वा अन्य कारणले बसाई सरेकाहरुले आवेदन दिन पाउने छैनन् ।

१३. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फाराम बुझाएको दरखास्त फारामलाई रद्द गरिनेछ ।

१४. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।

१५. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

१६. रु.५०,०००।- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

१७. रु.५ लाख सम्मको रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ

१८. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फाराम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ ।

१९. दरखास्त फाराममा अनिवार्य रुपमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ ।

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई विदेशमा रही रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफ्नो रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्नेछ ।

४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईन पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।

५. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्नेछैनन् ।

६. आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँटमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् र यदि आवेदन गरेको पाइएमा सो आवेदन स्वतः अयोग्य ठहरिनेछ ।

७. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

८. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरोशेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।

९ . रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

१०. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसँग आवेदन फारम भरी बुझाउनु पर्नेछः
   क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।
   ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या - अंक र अक्षरमा ।
   घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम - अंक र अक्षरमा ।
   ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
   च. आवेदकको हितग्राही - डिम्याट खाता नम्बर ।

११. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुदैन ।

१२. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

१३. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइनेछैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१४. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१५. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१६. शयेरको बाडँफाँट गरी सूचिकरण भए पश्चात बाँडफाँटमा परेका आवेदकहरुलाई बाडँफाँट मा परको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१७. रु. ५,००,०००।- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००।- वा सो भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुनेगरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१८. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र अधिकतम १,००,००० कित्ता सम्मका लागि आवेदन दिन सक्नेछन् ।

**सर्वसाधारण शेयरधनीहरुको हकमा :**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।

२. आवेदकले सि-आस्बा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ ।

३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची-४ बमोजिमको सि-आस्बा रजिष्ट्रेशन फाराम भरी CRN नम्बर लिनुपर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची-४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ ।

५. आवेदकले CRN नम्बर प्राप्त गरे पश्चात् शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनुपर्नेछ ।

६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नम्बर र अन्य विवरण सि-आस्बा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ ।

७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :

क) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।

ख) आवेदकको नाम, थर, ठेगाना, नागरिकता नम्बर, दस्तखत, सम्पर्क फोन नम्बर, इमेल ।

ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

घ) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।

ङ) खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा) ।

च) आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नम्बर र खाताको किसिम ।

छ) आवेदकको हितग्राही (DEMAT) खाता नम्बर ।

८. आवेदकले आवेदन दिँदा सि-आस्बा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनुहुँदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११. धितोपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा नियकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ ।

१२. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा संचालित "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नम्बर लिइसकेको हुनुपर्नेछ ।

१४. शेयर बाँडफाँट गरी सूचीकरण भए पश्चात् बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

१५. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकको गुणाङ्कमा अधिकतम १,००,००० (एक लाख) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ ।

## ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोबार भएको वा कुनै कारोबार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :

| आ.व. २०७९/८० मा कम्पनीले निम्न उल्लेखित सम्बन्धित पक्षहरूसँग वित्तीय कारोबारहरू गरेको छ : | आ.व. २०८०/८१ मा कम्पनीले निम्न उल्लेखित सम्बन्धित पक्षहरूसँग वित्तीय कारोबारहरू गरेको छ : | आ.व. २०८१/८२ मा कम्पनीले निम्न उल्लेखित सम्बन्धित पक्षहरूसँग वित्तीय कारोबारहरू गरेको छ : |
|---|---|---|
| १) Hydro Solution Pvt.Ltd. सँगको कारोबारमा अघिल्लो वर्षको बाँकी रकम रु.१,९१,०८,६३०.९८ थियो सो वर्ष कम्पनीले उक्त पक्षलाई रु.५,२४,७८,९८०.०० को भुक्तानी गरेको छ भने रु.३,३३,७०,३४९.०२ बराबरको सेवा वा आपूर्ति प्राप्त भएको देखिन्छ । अन्ततः यो शुद्धीकरणपछि बाँकी मौज्दात शून्य भएको छ ।<br><br>२) Trishakti Cable Industries सँगको अघिल्लो वर्षको बक्यौता रु.१४,३८,४०५.५२ थियो, जुन चालु वर्षमा सम्पूर्ण रूपमा भुक्तानी गरिएकाले अन्तिम मौज्दात शून्य भएको छ । | Hydro Solution Pvt. Ltd. ले परियोजनासँग सम्बन्धित परामर्श सेवा प्रदान गरेको छ जसको लागि आ.व. २०८०/८१ मा कुल रु.३,३७,७०,३४८.०० बराबरको कारोबार भएको छ ।<br><br>सो अवधिसम्ममा सोही सम्बन्धमा रु.११,१२३,४८६.०० बराबरको बक्यौता कम्पनीमा बाँकी रहेको देखिन्छ ।<br><br>यसले देखाउँछ कि कम्पनीले सेवा लिएको भए तापनि सो सेवाको पूर्ण भुक्तानी आ.व. २०८०/८१ भित्र नगरेको हुँदा बाँकी रकम payable रूपमा कम्पनीको दायित्वमा देखिएको छ । | Hydro Solution Pvt. Ltd. ले परियोजनासँग सम्बन्धित परामर्श सेवा प्रदान गरेको छ जसको लागि आ.व. २०८१/८२ मा कुल रु.२,९९,२८,५६४.०० बराबरको कारोबार भएको छ ।<br><br>सो अवधिसम्ममा सोही सम्बन्धमा रु.२७,८०,८६३.०० बराबरको बक्यौता कम्पनीमा बाँकी रहेको देखिन्छ ।<br><br>यसले देखाउँछ कि कम्पनीले सेवा लिएको भए तापनि सो सेवाको पूर्ण भुक्तानी आ.व. २०८१/८२ भित्र नगरेको हुँदा बाँकी रकम payable रूपमा कम्पनीको दायित्वमा देखिएको छ । |

**(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति :** कारोबार नभएको ।

**(ख) आधारभूत शेयरधनी :** कारोबार नभएको ।

**(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य :** कारोबार नभएको ।

**(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

**(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघरपरिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :** सो नभएको ।

**(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** सो नभएको ।

## ग. १२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण : विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था सञ्चालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :

कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापनमा नरहेको ।

## ग. १३. सूचिकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :

**(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या :** निष्काशनकर्ता कम्पनी सूचिकृत संगठित संस्था नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** सो नभएको ।

## ग. १४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** हालसम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

## ग.१५. परामर्शदाता/ विशेषज्ञ सम्बन्धी विवरण:

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना : किरण आचार्य एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेण्ट्स, काठमाण्डौं रहेको छ ।**

(अ) लेखा परीक्षक : आ.व. २०८१/०८२ को लेखा परीक्षक, एम.के. शाह एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेण्ट्स, बल्खु, काठमाडौं, नेपाल हुनुहुन्छ निजलाई लेखा परिक्षण शुल्क रु.२,५०,०००।- मू.अ.कर बाहेक तोकीएको छ ।

(आ) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना | खातावालाको नाम | बैंक खाता नं. |
|---|---|---|---|
| १ | ग्लोबल आइएमई बैंक लि.,नक्साल, काठमाडौं | GICL-BTI SUPER KHUDI HYDROPOWER IPO | ००१०१०१००८१८६५ |

साथै, आवश्यकता अनुसार ३ दिन अगाडि बोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

(इ) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने चार्टर्ड एकाउन्टेण्ट्स संस्था किरण आचार्य एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेण्ट्स, काठमाण्डौं रहेको छ ।

## ग.१६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :

यो परियोजना निर्माणको लागि ग्लोबल आइएमई बैंक लि.को अगुवाइमा कुमारी बैंक लि., हिमालयन बैंक लि. र कृषि बिकास बैंक लि. बाट सह वित्तीयकरण ऋण व्यवस्थापन गरिएको र बैंकहरुबाट ऋण प्राप्त गरी आयोजना निर्माणमा प्रयोग गरिएको तथा उक्त कर्जाको रकम (आश्विन मसान्त २०८२ सम्म) निम्न बमोजिम रहेको छ ।

| क्र.स. | बैंक तथा वित्तीय संस्थाको नाम | आश्विन मसान्त २०८२ सम्म बाँकी रहेको कर्जा रकम (रु.) | ब्याज रकम (रु.) | कर्जाको भुक्तानी अवधि | ब्याज भुक्तानी |
|---|---|---|---|---|---|
| १. | श्री ग्लोबल आइएमई बैंक लि. | १,७६,१२,२०,४२९.०० | ३,५०,११,१८४.०० | १२ वर्ष | त्रैमासिक रुपमा |
| २. | श्री कुमारी बैंक लि. | ३६,९५,०१,८९३.०० | ७१,३४,३९२.०० | | |
| ३. | श्री हिमालयन बैंक लि. | ३३,१९,२१,३२६.०० | ६५,६१,५७०.०० | | |
| ४. | श्री कृषि बिकास बैंक लि. | ४१,८८,०९,०९०.०० | ० | | |
| | **जम्मा** | **२,८८,१४,५२,७३८.००** | **४,८७,०७,१४६.००** | | |

| बैंकको कर्जा तथा ब्याज भुक्तानी तालिका | | | | | | |
|---|---|---|---|---|---|---|
| किस्ता रकम | ब्याज | साँवा | किस्ता पछिको बाँकी साँवा | आ.व. | यस आ.व को ब्याज | आ.व को अन्तिमको बाँकी साँवा |
| | | | ३,७६१,००० | | | |
| (१३८,७१९) | (९८,७२६) | (३९,९९३) | ३,७२१,००७ | २०८२-८३ | ९८,७२६ | ३,७२१,००७ |
| (१३८,७१९) | (९७,६७६) | (४१,०४३) | ३,६७९,९६४ | | | |
| (१३८,७१९) | (९६,५९९) | (४२,१२०) | ३,६३७,८४४ | | | |
| (१३८,७१९) | (९५,४९३) | (४३,२२६) | ३,५९४,६१८ | | | |
| (१३८,७१९) | (९४,३५९) | (४४,३६१) | ३,५५०,२५७ | २०८३-८४ | ३८४,१२८ | ३,५५०,२५७ |
| (१३८,७१९) | (९३,१९४) | (४५,५२५) | ३,५०४,७३२ | | | |
| (१३८,७१९) | (९१,९९९) | (४६,७२०) | ३,४५८,०१२ | | | |
| (१३८,७१९) | (९०,७७३) | (४७,९४७) | ३,४१०,०६६ | | | |
| (१३८,७१९) | (८९,५१४) | (४९,२०५) | ३,३६०,८६० | २०८४-८५ | ३६५,४८१ | ३,३६०,८६० |
| (१३८,७१९) | (८८,२२३) | (५०,४९७) | ३,३१०,३६४ | | | |
| (१३८,७१९) | (८६,८९७) | (५१,८२२) | ३,२५८,५४१ | | | |
| (१३८,७१९) | (८५,५३७) | (५३,१८३) | ३,२०५,३५९ | | | |
| (१३८,७१९) | (८४,१४१) | (५४,५७९) | ३,१५०,७८० | २०८५-८६ | ३४४,७९७ | ३,१५०,७८० |
| (१३८,७१९) | (८२,७०८) | (५६,०११) | ३,०९४,७६९ | | | |
| (१३८,७१९) | (८१,२३८) | (५७,४८२) | ३,०३७,२८७ | | | |
| (१३८,७१९) | (७९,७२९) | (५८,९९१) | २,९७८,२९७ | | | |
| (१३८,७१९) | (७८,१८०) | (६०,५३९) | २,९१७,७५८ | २०८६-८७ | ३२१,८५५ | २,९१७,७५८ |
| (१३८,७१९) | (७६,५९१) | (६२,१२८) | २,८५५,६२९ | | | |
| (१३८,७१९) | (७४,९६०) | (६३,७५९) | २,७९१,८७० | | | |
| (१३८,७१९) | (७३,२८७) | (६५,४३३) | २,७२६,४३८ | | | |
| (१३८,७१९) | (७१,५६९) | (६७,१५०) | २,६५९,२८७ | २०८७-८८ | २९६,४०७ | २,६५९,२८७ |
| (१३८,७१९) | (६९,८०६) | (६८,९१३) | २,५९०,३७४ | | | |
| (१३८,७१९) | (६७,९९७) | (७०,७२२) | २,५१९,६५२ | | | |
| (१३८,७१९) | (६६,१४१) | (७२,५७८) | २,४४७,०७४ | | | |
| (१३८,७१९) | (६४,२३६) | (७४,४८४) | २,३७२,५९० | २०८८-८९ | २६८,१८० | २,३७२,५९० |
| (१३८,७१९) | (६२,२८०) | (७६,४३९) | २,२९६,१५१ | | | |
| (१३८,७१९) | (६०,२७४) | (७८,४४५) | २,२१७,७०६ | | | |
| (१३८,७१९) | (५८,२१५) | (८०,५०५) | २,१३७,२०१ | | | |
| (१३८,७१९) | (५६,१०२) | (८२,६१८) | २,०५४,५८४ | २०८९-९० | २३६,८७१ | २,०५४,५८४ |
| (१३८,७१९) | (५३,९३३) | (८४,७८७) | १,९६९,७९७ | | | |
| (१३८,७१९) | (५१,७०७) | (८७,०१२) | १,८८२,७८५ | | | |
| (१३८,७१९) | (४९,४२३) | (८९,२९६) | १,७९३,४८९ | | | |
| (१३८,७१९) | (४७,०७९) | (९१,६४०) | १,७०१,८४८ | २०९०-९१ | | |
| (१३८,७१९) | (४४,६७४) | (९४,०४६) | १,६०७,८०३ | | | |
| (१३८,७१९) | (४२,२०५) | (९६,५१५) | १,५११,२८८ | | | |

| बैंकको कर्जा तथा ब्याज भुक्तानी तालिका | | | | | | |
|---|---|---|---|---|---|---|
| किस्ता रकम | ब्याज | साँवा | किस्ता पछिको बाँकी साँवा | आ.व. | यस आ.व को ब्याज | आ.व को अन्तिमको बाँकी साँवा |
| (१३८,७१९) | (३९,६७१) | (९९,०४८) | १,४१२,२४० | | | |
| (१३८,७१९) | (३७,०७१) | (१०१,६४८) | १,३१०,५९२ | २०९१-९२ | १६३,६२०,९६३.२८ | १,३१०,५९२,१५६.८५ |
| (१३८,७१९) | (३४,४०३) | (१०४,३१६) | १,२०६,२७६ | | | |
| (१३८,७१९) | (३१,६६५) | (१०७,०५५) | १,०९९,२२१ | | | |
| (१३८,७१९) | (२८,८५५) | (१०९,८६५) | ९८९,३५७ | | | |
| (१३८,७१९) | (२५,९७१) | (११२,७४९) | ८७६,६०८ | २०९२-९३ | १२०,८९२,९५३.५ | ८७६,६०७,८०८.७५ |
| (१३८,७१९) | (२३,०११) | (११५,७०८) | ७६०,८९९ | | | |
| (१३८,७१९) | (१९,९७४) | (११८,७४६) | ६४२,१५४ | | | |
| (१३८,७१९) | (१६,८५७) | (१२१,८६३) | ५२०,२९१ | | | |
| (१३८,७१९) | (१३,६५८) | (१२५,०६२) | ३९५,२२९ | २०९३-९४ | ७३,४९८,७३७.४६ | ४६२,१५३,७२३.१७ |
| (१३८,७१९) | (१०,३७५) | (१२८,३४५) | २६६,८८५ | | | |
| (१३८,७१९) | (७,००६) | (१३१,७१४) | १३५,१७१ | | | |
| (१३८,७१९) | (३,५४८) | (१३५,१७१) | ० | २०९४-९५ | २०,९२८,७३१.६७ | ० |

**वित्तीय व्यवस्थापनका लागि बैंकसँग भएका मुख्य मुख्य बिषयहरुः**

१. ब्याज दर र शुल्कहरू : टर्म लोनको ब्याजः WABR + १.५%, त्रैमासिक किस्तामा तिर्ने ।
ब्रिज ग्याप र ओभरड्राफ्ट लोनः टर्म लोनको दरभन्दा ०.५% बढी ।
LC र बैंक ग्यारेन्टीका लागि कमिसनः त्रैमासिक ०.१२५% ।
LC/BG का लागि नगद मार्जिनः ५/१०% ।

२. ऋण भुक्तानी संरचना : रु.३,७६१ मिलियनको टर्म लोन, सञ्चालन सुरू भएपछिका १२ वर्षमा तिर्ने ।
निर्माण अवधिमा किस्ता भुक्तानीमा स्थगन (Moratorium) ।
अन्तिम भुक्तानी तालिका वास्तविक drawdown/बक्यौताको आधारमा तय गरिने ।

३. अग्रिम भुक्तानी शर्तहरू : IPO वा बाँकी नगदबाट तिर्दा कुनै जरिवाना छैन ।
अन्य स्रोतबाट तिर्दा १% जरिवाना (वा NRB को निर्देशानुसार) ।
न्यूनतम रु. ५० लाखको अग्रिम भुक्तानी, १५ दिन अगाडि जानकारी दिनुपर्ने ।

४. शुल्कहरू : ऋण व्यवस्था शुल्कः ०.७५% (फिर्ता नहुने) ।
वर्किङ क्यापिटल शुल्कः ०.७५% (लीड बैंक मात्र)।
एजेन्सी र कागजात शुल्कः वार्षिक ०.१०% + एकपटक रु. ३ लाख ।

५. रकम Drawdown का सर्तहरू
पहिलो Drawdown अघि कम्तीमा रु. ५०४.४० मिलियन (४०%) इक्विटी लगानी अनिवार्य ।
अनुपालन आवश्यकताहरूः PPA, उत्पादन इजाजतपत्र, EIA, जग्गा खरिद, सिंडिकेसन कागजात आदि ।
कम्तीमा रु.२० लाखको प्रमाणित बिल आधारमा मात्र रकम निकासा हुने ।

६. बीमा आवश्यकताहरू
निर्माण र सञ्चालन दुवै अवधिमा सम्पूर्ण सम्पत्तिको बीमा अनिवार्य ।
NEA को PPA र NRB को ESRM निर्देशिकाको पालना गर्नुपर्ने ।
बीमा पोलिसी कन्सोर्टियमको नाममा हस्तान्तरण गर्नुपर्ने; बैंकहरूले दाबी सिधै असुल गर्न सक्ने ।

७. अनुगमन र साइट निरीक्षण
स्वतन्त्र परामर्शदाताहरूद्वारा त्रैमासिक निरीक्षण र अनुगमन ।

प्राविधिक, वित्तीय, वातावरणीय, र ठेक्का पक्ष समेटिने ।
सबै अनुगमन खर्चहरू ऋणी (borrower) ले बेहोर्नुपर्ने ।

८. वित्तीय प्रतिबद्धताहरू (Financial Covenants)
ऋण-इक्विटी अनुपात ७०:३० वा बढी कायम राख्नुपर्ने ।
ऋण सेवा कभर अनुपात (DSCR) $\geq$ १.० कायम राख्नुपर्ने ।
मासिक आम्दानीको २% बराबर मर्मत तथा रिजर्भ खातामा जम्मा गर्नुपर्ने ।

९. प्रतिबन्धहरू
कन्सोर्टियमको स्वीकृति बिना सेयर स्थानान्तरण गर्न नपाइने।
नयाँ व्यवसाय/परियोजना वा बैंकिङ सुविधा लिनुअघि स्वीकृति अनिवार्य।
प्रवर्द्धकद्वारा थप गरिएको लगानी subordinated debt को रूपमा मानिने ।

१०. लाभांश र नगद व्यवस्थापन
दुई त्रैमासिकको ऋण सेवा कायम नगरी लाभांश वितरण गर्न नपाइने ।
सबै नगद लिड बैंकको नियन्त्रण खातामा राख्नुपर्ने।
बाह्य बैंकिङ/क्रेडिट सुविधा बिना अनुमति प्रयोग गर्न नपाइने।

## ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दा मामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :** सो नभएको ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :** सो नभएको ।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन नकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने :** सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको ।

## ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नुहुनेछ :
निष्काशनकर्ता कम्पनीको तर्फबाट :श्री नवराज निरौला, सम्पर्क नं.०१-४५२४६५५ तथा इमेलः info@superkhudi.com.np
निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट : श्री नलिना श्रेष्ठ, सम्पर्क नं.०१- ५९७०१३८ तथा इमेलः info@gicl.com.np

## ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरिद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :

सो नभएको ।

## ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

हालसम्म कम्पनीले ऋणपत्र जारी गरिएको छैन ।

## ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण : सो नभएको ।

सो नभएको ।

## ग.२२. अन्य सामान्य जानकारी :

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :**

प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि चार्टर्ड एकाउन्टेन्ट्स संस्था किरण आचार्य एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स, अनामनगर, काठमाण्डौंबाट प्रमाणित भएको हो । वास्तविक वित्तीय विवरणका आधारमा तयार गरेको प्रक्षेपित वित्तीय विवरण यथार्थपरक रहेको व्यहोरा प्रमाणित गरी आफ्नो राय व्यक्त गर्नुभएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

हालसम्म सञ्चालक समितिमा भएको परिवर्तन देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | सञ्चालकहरुको नाम | पद | परिवर्तन भएको कारण | सञ्चालकमा बहाल रहेको अवधि | |
|---|---|---|---|---|---|
| | | | | देखि | सम्म |
| १. | श्री ज्ञानेन्द्र लाल प्रधान | अध्यक्ष | कार्य व्यस्तता | २०८०/०३/१३ | २०८१/१०/०९ |

**लेखापरीक्षक :**

| क्र.सं. | लेखापरीक्षकको नाम, ठेगाना | लेखापरीक्षण गरेको आ.व. |
|---|---|---|
| १. | एम. के. शाह एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौं । | आ.व.२०७९/८० |
| २. | एम. के. शाह एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौं । | आ.व.२०८०/८१ |
| ३. | एम. के. शाह एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौं । | आ.व.२०८१/८२ |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

ताप्लेजुङ्ग जिल्ला पाथिभरा याङवरक गाउँपालिका स्थायि ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा. १०, बानेश्वरमा बस्ने श्री नवराज निरौलालाई कम्पनी सचिवमा नियुक्त गरिएको छ। उहाँको शैक्षिक योग्यता व्यवस्थापन संकायमा स्तानकोत्तर रहेको छ ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको मिति २०८१/०८/२६ गते बसेको सञ्चालक समितिको बैठकबाट सर्वसाधारणको लागि छुट्टाइएको रु.१००।– अंकित दरको ३१,००,००० कित्ता शेयर निष्काशन गर्ने निर्णय गरिएको छ । कम्पनीको सञ्चालक समितिको बैठकबाट निर्णयानुसार प्रति शेयर अंकित मूल्य रु.१००।– दरको ३१,००,००० कित्ता साधारण शेयर मध्ये प्रति शेयर अंकित मूल्य रु.१००।– दरको १५,५०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि निष्काशन गरिने र बाँकी शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने गरि छुट्टाइएको छ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** व्यवसायी उत्पादन शुरु हुने मिति २०८२ साल माघ १ गतेदेखि १० वर्षसम्म कर छुटको व्यवस्था रहेको छ भन्ने ततपश्चात् पाँच वर्षसम्म ५० प्रतिशत कर छुट रहने व्यवस्था रहेको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय : डिल्लीबजार, काठमाडौं ।

२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौं

३. कम्पनीको आधिकारिक वेभसाइट : www.superkhudi.com.np

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्र मार्फत कम्पनीले आफ्नो जारी पूँजी रु.१,५५,००,००,०००।- (अक्षरेपी एक अर्ब पचपन्न करोड मात्र) को २०% अर्थात् रु.३१,००,००,०००।- (अक्षरेपी एकतीस करोड मात्र) रकम बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।- दरको ३१,००,००० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्ने भएको छ । जसमध्ये जारी पूँजीको १०% अर्थात् रु.१५,५०,००,०००।- (अक्षरेपी पन्ध्र करोड पचास लाख मात्र) बराबरको प्रति कित्ता अंकित मूल्य रु. १००।- दरको १५,५०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात् लमजुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिका वडा नं.२ र ३ का स्थानीय बासिन्दाहरुका लागि कुल १५,५०,००० कित्ता शेयरको ४० प्रतिशत अर्थात ६,२०,००० (छ लाख बीस हजार मात्र) कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात लमजुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिका वडा नं. २ र ३ (साविक घनपोखरा गाविसको वडा नं. १, ५, ६, ७ र ८ र साविक खुदी गाविस) का स्थानीय बासिन्दाहरुका लागि र बाँकि ६० प्रतिशत अर्थात ९,३०,००० (नौ लाख तीस हजार मात्र) कित्ता साधारण शेयर लमजुङ जिल्लाको आयोजना प्रभावित क्षेत्र मर्स्याङ्दी गाउँपालिकाको वडा नं. १, ४, ५, ६, ७, ८ र ९ (साविक घनपोखरा गाविसको वडा नं. २, ३, ४ र ९, साविक ताघ्रिङ गाविस, साविक घेर्मु गाविस, साविक बाहुनडाँडा गाविस, साविक भुलभुले गाविस र साविक सिम्पानी गाविस) का स्थानीय बासिन्दाहरुको लागि निष्कासन तथा बिक्री खुल्ला गरिएको छ । त्यसैगरी, जारी पूँजीको बाँकी १०% अर्थात् रु.१५,५०,००,०००।- (अक्षरेपी रु. पन्ध्र करोड पचास लाख मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको १५,५०,००० (पन्ध्र लाख पचास हजार मात्र) कित्ता साधारण शेयर मध्ये १०% अर्थात् १,५५,००० (एक लाख पचपन्न हजार मात्र) कित्ता साधारण शेयर नेपाल सरकारको अनुमति लिई बैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिक, ५% अर्थात् ७७,५०० (सतहत्तर हजार पाँचसय मात्र) कित्ता साधारण शेयर सामूहिक लगानी कोष र २% अर्थात् ३१,००० (एकतीस हजार मात्र) कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि छुट्टाइएको र बाँकी १२,८६,५०० (बाह्र लाख छयासी हजार पाँचसय मात्र) कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिएको । कर्मचारीको लागि छुट्टाइएको शेयर मध्ये कर्मचारीबाट बढी माग भै आएको हकमा सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँट गर्नेछ । साथै, आयोजना प्रभावित क्षेत्रका बासिन्दा, बैदेशिक रोजगारमा रहिरहेका नेपाली नागरिक, सामूहिक लगानी कोष र कम्पनीका कर्मचारीलाई छुट्टाइएको शेयर पूर्ण रुपमा बिक्री नभएमा बाँकी रहेको शेयर सर्वसाधारणमा निष्कासन गरिने शेयरमा थप गरी निष्कासन तथा बिक्री खुल्ला गरिनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरु बमोजिम मिति २०८१/०९/२९ मा यस कम्पनीको आ.व २०८०/०८१ वार्षिक साधारण सभा सम्पन्न भएको छ । साथै मिति २०८२/०१/१० मा कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनी अद्यावधिक भएको हुँदा यस कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुपूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेकोछ। साथै कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व. २०८१/०८२ सम्मको विवरणहरु पेश गरी उक्त कार्यालयको पत्र संख्याः ८२/८३, चलानी नं. कम्पनी प्र./५७४५१ मिति २०८२/०८/०४ गतेको पत्र अनुसार आ.व.२०८१/०८२ सम्मको लागि कम्पनी अद्यावधिक रहेको छ।

यस कम्पनीले नेपाल सरकार, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, कलंकी, काठमाडौंबाट आ.व. २०८१/०८२ सम्मको पेश गर्नु पर्ने विवरणहरु पेश गरी आयकर दाखिला गरेको र प.सं.२०८२/८३, च.नं.१६६६ (कर चुक्ता नं.८२५६० ९५५५) मिति २०८२/०७/१७ गतेको पत्र मार्फत कर चुक्ता प्रमाण पत्र प्राप्त गरेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि आयोजना प्रभावित क्षेत्रमा कम्तिमा चार संकलन केन्द्रको व्यवस्था गरी आवदेन फाराम तथा विवरणपत्र वितरण र आवेदन फाराम सहित दरखास्त रकम बुझिलिने व्यवस्था गरिनेछ। आवश्यकता अनुसार स्वीकृति लिए पछि अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ। यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर सर्वसाधारणमा (स्थानीय बासिन्दाहरु बाहेक) बिक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुका तथा तिनका तोकिएको शाखा कार्यालयहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले उपलब्ध गराएको मेरो शेयर (MERO SHARE) मार्फत आवेदन दिनसक्ने व्यवस्था गरिएको छ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल काठमाडौंले ई.स. २०२५/११/१८ गते "CARE-NP BB(Is)" रेटिङ्ग प्रदान गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम रहेको (Issuers with this rating are considered to have moderate risk of default regarding timely servicing of financial obligations, in Nepal) जनाउँदछ। केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS) -देखि CARE-NP D (IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ। ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ। दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समूहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ। सो रेटिङ्गको वैधता अवधि एक वर्ष अर्थात् ई.स. २०२७/०२/११ गतेसम्म रहनेछ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्था ग्लोबल आइएमई क्यापिटल लि.,नक्साल, काठमाण्डौं रहेको छ।

**(ड) सकारात्मक पक्षहरु :**

१. जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनिकरण गर्न बिमा गरिएको।

२. कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।

३. जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनावद्ध ढंगले समर्पित भएर काम गरिरहेको हुनाले यस कम्पनीको भविष्य उज्वल रहेको।

४. जलविद्युत क्षेत्रमा विगत लामो समयदेखि अनुभव प्राप्त गरी विभिन्न जलविद्युत आयोजनाहरु सफलतापूर्वक सम्पन्न गरी सञ्चालनमा ल्याइसकेका सञ्चालकहरु आवद्ध भएकोले।

**(ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई एक साथ आवेदन खुल्ला गरिनेछ जसमध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरिने शेयरहरुको लागि आवेदन दिने अवधि निष्काशन तथा बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढीमा ३० दिनसम्म हुनेछ भने वैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुको लागि आवेदन दिने अवधि निष्काशन तथा बिक्री खुल्ला भएको मितिबाट कम्तिमा चार (४) कार्य दिन तथा सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा बिक्री खुल्ला भएको मितिले १५ दिनसम्म कायम हुनेछ। आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई शेयर बाँडफाँट पश्चात् सर्वसाधारणको लागि शेयर निष्काशन खुल्ला गरिनेछ। उक्त अवधिमा आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई निष्काशन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत थप गरी दोस्रो चरणमा सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आवेदन गर्न पाउने गरी दोस्रो चरणको दरखास्त खुल्ला भएको मितिले वढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ। आवश्यकताभन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडि शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन।

(त) धितोपत्रक निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र लगानीकर्ताले सहज रुपमा हेर्न सक्नेछन् र लगानीकर्ताहरुलाई सुचित निर्णय (Informed Decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धक र निष्काशनकर्ता कम्पनी प्रत्येकको आफ्नो वेभसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राखिनेछ।

## ग.२३. (क) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा ९ को उपदफा ३ बमोजिम शर्तहरु पालना सम्बन्धी विवरणः

| क्र.सं | शर्तहरु | पालना भएरनभएको |
|---|---|---|
| क. | आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरेको । | प्रचलित कानुन कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६५ साल पौष ०२ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०८० साल आषाढ १३ गतेदेखि पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई कारोबार गर्दै आएको छ । |
| ख. | प्रचलित कानून बमोजिम लेखापरिक्षण तथा साधारण सभा सम्पन्न गरेको । | प्रचलित कानून बमोजिम लेखापरिक्षण गरि आ.व. २०८१/८२ को साधारण सभा मिति २०८२ साल आश्विन ०८ गते सम्पन्न भएको छ । |
| ग. | आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको । | २६ मे.वा क्षमताको सुपर खुदी हाइड्रोपावर लिमिटेडलाई उक्त आयोजना सञ्चालनका लागि नेपाल सरकार, विद्युत विकास विभागबाट मिति २०७४/०३/२२ मा इजाजत पत्र प्राप्त भएको । |
| घ. | संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको । | यस परियोजनाको लागि आवश्यक पर्ने जग्गा खरिद गरी कार्यालय भवन लगायत परियोजनाको निर्माण कार्य ८३.३० प्रतिशत भईसकेको छ । |
| ङ. | कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरिद गर्नुपर्ने भएमा टेण्डर आदि गरी खरिद प्रक्रिया अगाडि बढाई सकेको । | यस कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपूर्जा आदि खरिद गर्न ठेक्का सम्झौता भई सो अनुसार कार्य भइरहेको । |
| च. | धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भैसकेको । | सुपर खुदी हाइड्रोपावर लिमिटेडले धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा ग्लोबल आइएमई क्यापिटल लिमिटेडलाई निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा नियुक्ति गरी शुरुमा मिति २०८०/१०/१० गते सम्झौता गरेकोमा कम्पनीको मिति २०८०/११/०८ गते सम्पन्न विशेष साधारण सभाले सर्वसाधारणमा निष्कासन गरिने शेयर संख्या परिवर्तन गर्ने निर्णय गरेकाले सोही बमोजिम हुने गरि मिति २०८१/०१/१२ गते धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धसँग सर्वसाधारणमा जारी गरिने प्रति शेयर अंकित मूल्य रु.१००।- दरको ७५,९५,००० कित्ता साधारण शेयरको पूरक सम्झौता गरिएको छ । तत्पश्चात् कम्पनीको मिति २०८१/०८/२६ गते सम्पन्न विशेष साधारण सभाले सर्वसाधारणमा निष्कासन गरिने शेयर संख्या परिवर्तन गर्ने निर्णय गरेकाले सोही बमोजिम हुने गरि मिति २०८२/०१/११ गते धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धसँग सर्वसाधारणमा जारी गरिने प्रति शेयर अंकित मूल्य रु.१००।- दरको ३१,००,००० कित्ता साधारण शेयरको पूरक सम्झौता गरिएको छ । |
| छ. | आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको । | आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको छ । |

| | | |
|---|---|---|
| ज. | संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको । | संस्थापकले लिन कबुल गरेको सुपर खुदी हाइड्रोपावर लि.ले माग गरेको धितोपत्र बराबरको सम्पूर्ण रकम निम्न मितिमा चुक्ता भइसकेको छ ।<br>**संस्थापकले लिन कबुल गरेको धितोपत्र रकमः**<br>१,२४,००,००,०००।-<br>**चुक्ता गरेको मिति :** २०८२/०१/१४ |
| झ. | आयोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (Financial Closure) भैसकेको । | यो परियोजना निर्माणको लागि ग्लोबल आइएमई बैंक लि.को अगुवाइमा कुमारी बैंक लि., हिमालयन बैंक लि. र कृषि विकास बैंक लि. बाट सह वित्तीयकरण फाइनान्सियल क्लोजर समेत भइसकेको छ । |
| ञ. | आयोजनासँग सम्बन्धित अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेको । | माथिल्लो खुदी जलविद्युत आयोजना (२६. मे.वा.) को लागि मिति २०७६/०१/११ गते नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता (पि.पि.ए.) मा हस्ताक्षर भएको छ । |
| ट. | सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशनमा तोकिए बमोजिम प्रत्याभूति गराएको । | सुपर खुदी हाइड्रोपावर लि.ले धितोपत्रको सार्वजनिक निष्काशन गर्न लागेका शेयरहरु निर्देशिकामा तोकिए बमोजिम श्री नागरिक लगानी कोषसँग मिति २०८२ साल मंसिर १ गते प्रत्याभूति सम्बन्धी द्विपक्षीय सम्झौता सम्पन्न भएको छ । |

## ग.२३.(ख) यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु

पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत :

| सि नं. | सञ्चालकको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | **श्री चेतन प्रधान** | **अध्यक्ष** | |
| २. | **श्री गणेश कार्की** | **प्रबन्ध सञ्चालक** | |
| ३. | **श्री बटु लामिछाने** | **सञ्चालक** | |
| ४. | **श्री निभिता प्रधान** | **सञ्चालक** | |
| ५. | **श्री दल बहादुर बिष्ट** | **स्वतन्त्र सञ्चालक** | |

**Global IME Capital Limited**
ग्लोबल आइएमई क्यापिटल लिमिटेड
GROW WITH US

1491

Regd No. 1067/064/065

पत्र संख्या : मर्चेण्ट बैंकिङ्ग/८१२/०८२/८३ चलानी नं.: ३२३२

मिति : २०८२/०८/०५

श्री नेपाल धितोपत्र बोर्ड,
नियमन विभाग,
खुमलटार, ललितपुर ।

**विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

महोदय,

बाग्मती प्रदेश, काठमाण्डौं जिल्ला वडा नं. ३०, चारखाल, डिल्लीबजार, काठमाण्डौंमा रजिष्टर्ड कार्यालय रहेको श्री सुपर खुदी हाइड्रोपावर लिमिटेडले प्रति शेयर अंकित मूल्य रु.१००।- दरको ३१,००,००० कित्ता साधारण शेयरको लागि सार्वजनिक निष्काशन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन हामी मन्जुर गर्दछौं । प्राथमिक शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार प्राथमिक शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा कम्पनीबाट प्राप्त वित्तीय विवरणको आधारमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको **"विवरणपत्र"** मा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. कम्पनीले निष्काशन गर्न लागेको धितोपत्रका लागि आवेदन दिने आवेदकहरुलाई "विवरणपत्र" तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।

५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेखित सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरूप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :
ग्लोबल आइएमई क्यापिटल लिमिटेडको तर्फबाट
नाम : मन्दिप लुइटेल
पद : प्रमुख कार्यकारी अधिकृत
सही :
कार्यालयको छाप

श्री नेपाल धितोपत्र बोर्डबाट मर्चेन्ट बैंकर (निष्काशन तथा बिक्री प्रबन्ध, शेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभुति र लगानी व्यवस्थापन र संस्थागत परामर्श), निक्षेप सदस्य तथा योजना व्यवस्थापक र डिपोजिटरीको कार्य गर्न अनुमतिपात्र प्राप्त संस्था

P.O.Box No. 21599, 1st Floor, Laxman Babu Bhawan, Naxal, Kathmandu, Nepal
Ph.: +977-01-5970138, Fax: +977-01-4545702 | E-mail: info@gicl.com.np | Website: www.globalimecapital.com

KIRAN ACHARYA
& ASSOCIATES
Chartered Accountants

UDIN: 251121CA01810qrvhW
To Securities Board of Nepal
Khumaltar, Lalitpur

We have examined the accompanying projected Statement of Financial Position, Statement of Profit or Loss & other comprehensive income and Statement of cash flow of M/s Super Khudi Hydropower Ltd. as of Ashad end 2083 and as on each financial year end up to as of Ashad end, 2087 and for the year then ending respectively in accordance with Nepal Standard on Assurance Engagements (NSAE) 3400. Super Khudi Hydropower Ltd. management is responsible for the projection, which was prepared for "the purpose of approval from the SEBON in connection with the issuance of Initial Public Offering". Our responsibility is to express an opinion on the projection based on our examination.

Our examination was conducted in accordance with attestation standards established by the Institute of Chartered Accountants of Nepal and, accordingly, included such procedures, as we considered necessary to evaluate both the assumptions used by management as provided in Annexure 1 and the preparation and presentation of the projection. We believe that our examination provides a reasonable basis for our opinion.

In our opinion, the accompanying projection has been properly compiled on the basis of the stated assumptions and is presented in accordance with the Guidelines for the Presentation of Prospective Financial Information issued by ICAN. The underlying assumptions, based on management's representation, provide a reasonable basis for the projection, assuming the approval of the proposed initial public offering and the application of its proceeds towards the settlement of the outstanding BGL loans and other payables of the project.

However, we emphasize that even if the initial public offering is approved and the business operates as intended, actual results are likely to differ from the projected results, as events and circumstances frequently do not occur as expected. Such differences may be material. Our responsibility is limited to the date of this report, and we do not undertake to update this report for events or circumstances arising subsequent to that date.

As of the date of this report, we have examined the projection based on the available provisional financial information and the management's strategic plans. The modifications made to the projected financial statements appear reasonable under the stated assumptions.

The accompanying projection and this report are intended solely for the information and use of M/s Super Khudi Hydropower Ltd. and Securities Board of Nepal and is not intended to be and should not be used by anyone other than these specified parties.

For and On Behalf of
Kiran Acharya & Associates
Chartered Accountants

KIRAN ACHARYA & ASSOCIATES Kathmandu Chartered Accountants

Kiran Acharya
Proprietor
Place: Kathmandu
Date: November 21, 2025

3rd Floor, 732/60, Tanka Prasad Ghumti Sadak, Anamnagar, Kathmandu-29, Nepal
+9779867905345, +9779851122855 kiranacharyaca@gmail.com

# M.K. Sah & Associates

Chartered Accountants
ICAN Firm Reg. No.: 410
COP No.: 501
TPIN No.: 600302209

Balkhu-14, 8A-Brihat Cluster
Kathmandu, Nepal
+977-1-4539445
associatesmksah@gmail.com


**INDEPENDENT AUDITOR'S REPORT**

**The Share holders of Super Khudi Hydropower Limited**
**Report on the Audit of Financial Statements**

***Opinion***

We have audited the accompanying financial statements of M/s Super Khudi Hydropower Limited, Swayambhu, Kathmandu, Nepal (hereinafter the company), which comprises the balance sheet as at Ashad 32, 2082[July 16, 2025], profit and lossaccount, statement of changes in equity & cash flow statement for the year then ended and notes to the financial statements including a summary of significant accounting policies and other explanatory notes.

In our opinion, the accompanying financial statements give a true and fair view, in all material respects, of the financial position of the company as at Ashad 32, 2082[July 16, 2025] and its financial performance and its cash flows for the year then ended on that date in accordance with Nepal Financial Reporting Standards (NFRSs).

***Basis of Opinion***

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSA's). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Company in accordance with the Institute of Chartered Accountant of Nepal's code for professional accountants (ICAN Code) together with the ethical requirements that are relevant to our audit of the financial statements in Nepal, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements and the ICAN Code. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

***Key Audit Matters***

Key audit matters are those matters that, in our professional judgment, were of most significance in our audit of the financial statements of the current period. These matters were addressed in the context of our audit of the financial statements as a whole, and in forming our opinion thereon, and we do not provide a separateopinion on these matters.

No any key audit matters were identified that needs to be reported.

***Responsibilities of Management and Those Charged with Governance for the Financial Statements***

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with Nepal AccountingStandards, and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

M.K. Sah & Associates
Kathmandu
Chartered Accountants

In preparing the financial statements, management is responsible for assessing the company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the company or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the company's financial reporting process.

***Auditor's Responsibilities for the Audit of the Financial Statements***

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatements, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSA's will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSA's, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.

- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the company's internal control.

- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.

- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the company to cease to continue as a going concern.

- Evaluate the overall presentation, structure, and content of the financial statements, including the disclosures, and whether the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

M.K. Sah & Associates Chartered Accountants Kathmandu

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

***Report on Other Legal and Regulatory Requirements***

We have obtained information and explanations asked for, which, to the best of our knowledge and belief were necessary for the purpose of our audit. In our opinion, proper books of account as required by law have been kept by the organization in so for as it appears from our examination of those books of account of the company. In our opinion the statement of financial position, statement of profit or loss, statement of other comprehensive income, statement of changes in equity & statement of cash flows for the year then ended and a summary of significant accounting policies and other explanatory notes have been prepared in accordance with the requirements of Companies Act, 2063 and are in agreement with the books of accounts maintained by the company.

**For M.K. Sah and Associates**
**Chartered Accountants**

**CA. Manoj Kumar Sah, FCA**
**Proprietor**
**Date: 2025/09/02**
**Place: Kathmandu, Nepal**
**UDIN: 250923CA00545BTCvX**

M.K. Sah & Associates ★ Kathmandu ★ Chartered Accountants